# आर्थिक वर्ष २०७८/७९ को
# बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

(प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० बमोजिम तयार पारिएको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन, २०७८)

**बागमती प्रदेश सरकार**

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**हेटौंडा, नेपाल**

**२०७८ फाल्गुन**

https://moeap.bagamati.gov.np/

# मन्तव्य

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० बमोजिम आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको अर्धवर्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ । यस अवधिमा भएका बजेट तथा कार्यक्रमको कार्यान्वयन, वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त अनुदानहरूको कार्यान्वयन स्थिति तथा राजस्वको संकलनको अवस्थाका साथै बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका चुनौतीहरू र तत्काल गर्नुपर्ने सुधारका क्षेत्रहरू यो अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनमा समावेश गरिएको छ।

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीका कारण सिर्जित विषम परिस्थितिले सिथिल भएको अर्थतन्त्रको पुनःउत्थानको उद्देश्य सहित चालु आर्थिक वर्षको बजेट निर्माण भएको थियो ।संघीय र प्रादेशिक सरकार तथा स्थानीय तहहरूको सक्रियताका कारण कोभिड-१९ का विरूद्ध को खोप कार्यक्रम विस्तार भए सँगै विकास निर्माणले गति लिएको तथा सार्वजनिक सेवा प्रदान गर्ने कार्यमा क्रमश: सुधार हुँदै जाने स्थिति बनेको छ।

अर्धवार्षिक अवधि सम्ममा बजेटमा उल्लेखित कार्यक्रमहरूको अपेक्षाकृत प्रगति हासिल हुन सकेको छैन। राजनितिक समिकरणमा आएको परिवर्तन सँगै प्रदेश सरकारको नेतृत्वमा फेरबदल भई यस अवधिमा विभिन्न समयमा गरी तीन पटक मन्त्रिपरिषद् फेरबदल भयो । साविकमा विद्यमान मन्त्रालयहरू विभाजन भई सात बाट चौधवटा मन्त्रालयहरू निर्माण भयो।साथै यस आर्थिक वर्षको दोस्रो चौमासिक शुरू भएपश्चात कोरोना महामारीको तेस्रो लहरले समग्र जनजीवन प्रभावित भयो। गत आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा चालु आर्थिक वर्षको पहिलो ६ महिनामा सार्वजनिक खर्च र राजस्व प्राप्तीमा सामान्य वृद्धि भएको भए पनि चालु आर्थिक वर्षको विनियोजनको तुलनामा खर्चको अनुपातमा केहि गिरावट आएको देखिन्छ । साविक मन्त्रालय र विभाजन पश्चात निर्माण भएका मन्त्रालयहरू बीच बजेटको बाँडफाँट र व्यवस्थापनका काम सम्पन्न हुने क्रममा रहेको हुँदा आर्थिक वर्षको बाँकी अवधिमा बजेट तथा कार्यक्रमको कार्यान्वयनमा सुधार आई कार्यान्वयनमा थप प्रगति हासिल गर्न सकिने अपेक्षा गरेको छु ।

प्रदेश सरकारको सार्वजनिक खर्च तथा विकास निर्माणको कार्यलाई व्यवस्थित गरी विनियोजन दक्षता अभिवृद्धि गर्ने उद्देश्यका साथ प्रदेश आयोजनाको बहुवर्षिय ठेक्का सम्बन्धी मापदण्ड, २०७८ स्वीकृत भएको छ ।त्यसैगरी प्रदेशको खर्च सम्बन्धी मापदण्ड, २०७८ प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत भईसकेको छ । साथै यस अवधिमा बजेट निर्माण सँग प्रत्यक्ष रूपमा सम्बन्धीत प्रदेशको कार्य सञ्चालन निर्देशिका समेत स्वीकृत भएको छ । यी सुधारबाट प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन तथा विनियोजनको क्षेत्रमा सुधार आई प्रभावकारी तथा कार्यान्वयनयोग्य बजेट निर्माण हुने तथा वित्तीय अनुशासनमा सुधार आउने विश्वास लिएको छु । यस अतिरिक्त प्रदेशको आर्थिक कार्यविधि थप व्यवस्थित गर्न तथा संघीय कानून अनुकुल बनाउन प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको मस्यौदा तर्जुमा भई प्रदेश मन्त्रिपरिषदमा पेश गर्ने क्रममा रहेको छ।

प्रदेशको बजेट प्रणालीको संस्थागत विकासको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय निरन्तररूपमा प्रयासरत रहेको छ। हाम्रो बजेट प्रणालीलाई थप व्यवस्थित, कार्यान्वयनयोग्य र पारदर्शी बनाउन आवश्यक रहेको छ। आर्थिक वर्षको बाँकी अवधिमा नयाँ कार्ययोजना तयार गरी बजेट तथा कार्यक्रमको कार्यान्वयनमा कटिबद्ध भई लाग्न सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछु । अन्त्यमा, प्रस्तुत प्रतिवेदन तयारीका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने सबै मन्त्रालय, निकायहरू र प्रतिवेदनलाई पुर्णता दिन संलग्न हुनु हुने मन्त्रालयका सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

शालिकराम जम्कट्टेल
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

## विषय सूची

| विषय | पाना नं. |
|---|---|
| **कार्यकारी सारांश** | १ |
| **परिच्छेद - एक** | ५ |
| **समष्टिगत आर्थिक तथा वित्तीय स्थिति** | ५ |
| १.१ राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र | ५ |
| **परिच्छेद - दुई** | ७ |
| **बजेट खर्च र स्रोत परिचालनको विश्लेषण** | ७ |
| २.१ समष्टिगत खर्च स्थिति विश्लेषण | ७ |
| २.१.१ चालु आ.व.२०७८/७९ को अर्धवार्षिक अवधिको मन्त्रालगत खर्च विवरणः | १० |
| २.१.२ स्रोतगत खर्च विश्लेषण | १३ |
| २.१.३ संघीय सरकारबाट प्राप्त अनुदान | १३ |
| २.१.४ कार्यगत व्यय स्थिति | १५ |
| २.२ राजस्व परिचालन | १५ |
| २.२.१ राजस्वको लक्ष्य र संकलन अवस्था | १५ |
| २.२.२ कर छुट तथा सहुलियत | १७ |
| २.२.३ समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरू | १८ |
| २.२.४ चालु वर्षको बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरुः | १९ |
| २.३ सहुलियतपुर्ण ऋण लगानी | २० |
| २.४. कोरोना संक्रमण सम्बन्धि विवरण | २० |
| **परिच्छेद - तीन** | २१ |
| **क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण** | २१ |
| ३.१ प्रदेश सभा सचिवालय : | २१ |
| ३.२ आर्थिक मामिला तथा योजनाः | २२ |
| ३.३ उद्योग, वाणिज्य तथा आपूर्तीः | २३ |

३.४ वन तथा वातावरण २३

३.५ संस्कृति, पर्यटन मन्त्रालय २४

३.६ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण २४

३.७ कृषि तथा पशुपन्छी विकास २५

३.८ भौतिक पूर्वाधार विकास तर्फ २७

३.९ ऊर्जा जलस्रोत तथा सिँचाइ २८

३.१० खानेपानी तथा सरसफाई २८

३.११ श्रम, रोजगार तथा यातायात मन्त्रालय २९

३.१२ आन्तरिक मामिला तथा कानून मन्त्रालयः २९

३.१३ स्वास्थ्य ३०

३.१४ सामाजिक विकासः ३२

३.१५ युवा तथा खेलकुद ३६

३.१६ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्ः ३७

३.१७ मुख्यन्यायधिवक्ताः ३८

३.१८ प्रदेश लोक सेवा ३८

३.१९ प्रादेशिक नीति र योजना ३९

**परिच्छेद -चार** ४१

**बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास** ४१

४.१ वित्तीय संघीयता कार्यान्वयन र वित्त हस्तान्तरण ४२

४.२ आयोजना र कार्यक्रम हस्तान्तरण र कार्यान्वयन ४३

४.३ आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन ४४

४.४ अख्तियारी/कार्यक्रम स्वीकृति एवम् संशोधन सम्बन्धी व्यवस्था ४५

४.५ समीक्षा अवधिमा गरिएका प्रयास ४५

४.५.१ विशेष अनुदान कार्यविधि र समपुरक अनुदान सम्बन्धी प्रणाली ४५

४.५.२ प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा सुधारका प्रयासहरु ४६

४.५.३ सार्वजनिक वित्त व्यवस्थापनमा गरिएका अन्य सुधारहरू ४६

**परिच्छेद - पाँच** ४७

**स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति** ४७

५.१ स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण ४७

५.२ स्थानीय तहमा राजश्व बाँडफाँट ४९

५.३ वित्तीय संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा भएका उपलब्धि र समीक्षा ५०

५.४ वित्तीय संघीयताको कार्यान्वयनमा देखा परेका समस्याहरुः ५१

५.५ समाधानका उपायहरू ५३

**परिच्छेद - छ** ५५

**बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्य** ५५

६.१ तत्काल गर्नुपर्ने कार्य ५५

६.१.१ बजेट कार्यान्वयन ५५

६.१.२ स्रोत व्यवस्थापन ५७

६.१.२.१ राजस्व व्यवस्थापनतर्फ ५७

६.२ दीर्घकालमा गर्नुपर्ने काम ५८

६.२.१ बजेट तर्जुमा ५८

६.२.२ बजेट कार्यान्वयन ५९

६.२.३ स्रोत व्यवस्थापन ६०

**अनुसुचीहरु** ६१

# कार्यकारी सारांश

## बजेट खर्च र स्रोत परिचालन

- कोभिड-१९ महामारीको दोस्रो लहरका कारण सन् २०२१ मा विश्वका अधिकांश मुलुकको आर्थिक वृद्धिमा संकुचन आएतापनि महामारी विरूद्धको खोप अभियान शुरू गरिएकोले आर्थिक क्रियाकलाप सामान्य हुँदै गएको अवस्था छ। फलस्वरुप चालु आर्थिक वर्षमा बागमती प्रदेशको आर्थिक वृद्धिमा सुधार हुने अपेक्षा गर्न सकिन्छ।
- चालु आर्थिक वर्षको कुल विनियोजन रू. ५७ अर्ब ७२ करोड ०९ लाख २७ हजार मध्ये आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा रू. ८ अर्ब ७४ करोड ६४ लाख ९० हजार अर्थात १५.१५ प्रतिशत खर्च भएको छ।
- समीक्षा अवधिमा कुल खर्चमध्ये चालुतर्फ रु. ५ अर्ब ०२ करोड १६ लाख ३३ हजार अर्थात विनियोजित रकमको १९.३० प्रतिशत खर्च भएको छ। पुँजीगत तर्फ रू. ३ अर्ब ०२ करोड ४८ लाख ५६ हजार र वित्तीय व्यवस्थातर्फ रु. ७० करोड खर्च भएको छ जुन विनियोजित रकमको क्रमश: १०.१८ प्रतिशत  र ३५ प्रतिशत हुन आउँछ।
- चालु आर्थिक वर्षमा कुल राजस्व रु. ३१ अर्व ६९ करोड ४१ लाख २७ हजार  प्राप्त हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा रु.  १३ अर्व ५६ करोड ९२ लाख ५६ हजार प्राप्त भएको छ। जुन वार्षिक अनुमानको ४२.८१ प्रतिशत हुन्छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल राजस्व रु. २६ अर्व ०५ करोड ७६ लाख ९४ हजार  प्राप्त हुने अनुमान गरिएकोमा  वार्षिक अनुमानको ३७.१०  प्रतिशत राजस्व प्राप्त भएको थियो। यो रकम गत वर्षको समिक्षा अवधिको संकलनको तुलनामा करिब ४०.३१ प्रतिशतले बढि हो।
- चालु आर्थिक वर्षमा संघीय सरकारवाट सशर्त, समानीकरण, समपुरक र विशेष अनुदानमा कुल रु. १६ अर्व ९२ करोड ६८ लाख वित्तीय हस्तान्तरण प्राप्त हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा रु. ९ अर्व ४८ करोड १९ लाख ९५ हजार अर्थात ५६.०२ प्रतिशत प्राप्त भएको छ। गत आ. व. को सोही अवधिमा रु. १७ अर्व ८६ करोड ९८ लाख प्राप्त हुने अनुमान गरिएकोमा पौष मसान्तसम्म रु. ४ अर्व ३१ करोड १७ हजार अर्थात अनुमानित रकमको २४.१२ प्राप्त भएको थियो।
- समीक्षा अवधिमा वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकाबाट प्राप्त रकमतर्फ रु. २ अर्ब ५० करोड ६० लाख ९० हजार खर्च भएको छ। जुन कुल हस्तान्तरित रकमको १४.८० प्रतिशत रहेको छ । समानीकरण अनुदान तर्फ १६.३१ प्रतिशत र समपूरक अनुदान तर्फ ३.६१ प्रतिशत खर्च भएको छ । यसैगरी सशर्त अनुदान तर्फ १९.०५ प्रतिशत र विशेष अनुदान तर्फ ८.१४ प्रतिशत खर्च भएको खर्च भएको छ ।

- चालु आ. व. को समिक्षा अवधिसम्म संघीय सरकारवाट थप प्राप्त सशर्त अनुदान रु. ४६ करोड ६४ लाख ३१ हजार रहेको छ।

## वित्तीय संघीयता

- चालु आर्थिक वर्षमा प्रदेश सरकारवाट स्थानीय तहलाई समानीकरण, सशर्त, समपुरक र विशेष अनुदानमा कुल रु. ७ अर्ब ५० करोड ५६ लाख ४१ हजार वित्तीय हस्तान्तरण गरिने अनुमान गरिएकोमा समीक्षा अवधिमा रु. २ अर्व ८० करोड ३५ हजार अर्थात ३७.३१ प्रतिशत हस्तान्तरण भएको छ जुन गत आर्थिक वर्षको तुलनामा १८.२५ प्रतिशतले वढि रहेको छ।
- चालु आर्थिक वर्षको प्रथम ६ महिनामा स्थानीय तहमा सःशर्त अनुदानको रुपमा रू. १ अर्ब ०८ करोड ८७ लाख ९१ हजार र वित्तीय समानीकरण अनुदानको रुपमा रू. ६४ करोड २० लाख ८४ हजार हस्तान्तरण गरिएको छ। साथै विशेष र समपुरक अनुदानतर्फ क्रमशः रू. १३ करोड ४९ लाख ५८ हजार र रू. ९३ करोड ४२ लाख ०२ हजार हस्तान्तरण गरिएको छ।
- स्थानीय तहहरूलाई वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण, समपूरक, विशेष तथा सशर्त अनुदान तर्फ यस अवधिसम्म दुई किस्ता वापतको रकम हस्तान्तरण गरिएको छ ।
- कोभिड-१९ को विषम परिस्थितिका कारण सिर्जित बन्दाबन्दी तथा निषेधाज्ञाको कारण आर्थिक वर्ष ०७७/७८ मा वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहमा हस्तान्तरित विशेष तथा समपूरक अनुदान तर्फका योजना/कार्यक्रम सम्पन्न हुन नसकी चालु आर्थिक वर्ष ०७८/७९ मा दायित्व सरेका अवस्थाको लगत स्थानीय तह सँग माग गरिएको छ । यस अन्तरगत प्रदेशको विनियोजन ऐन तथा अनुदान सम्बन्धी कार्यविधि अनुसार कार्यक्रम तथा योजना कार्यान्वयन गरेका स्थानीय तहहरूको लागि प्रदेश सरकारको हिस्सा बराबरको दायित्व रकम व्यवस्थापन गर्ने क्रममा पहिलो चरणमा रु. ४ करोड ६८ लाख ४५ हजार वित्तीय हस्तान्तरण गर्न प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृती प्राप्त भईसकेकोले छिट्टै उक्त रकम सम्बन्धित स्थानीय तहमा पठाईनेछ।

## बजेट प्रणाली र सार्वजनिक वित्त व्यवस्थापनमा सुधार

- संघीय सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनसँग सामान्जस्यता हुने गरी प्रदेश सरकारको बजेट तर्जुमा, कार्यान्वयन, खर्च, प्रतिवेदन आदी जस्ता कामकारवाहीलाई व्यवस्थित गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको मस्यौदा तयार पारिएको छ।
- आयोजनाहरूको बहुवर्षीय खरीद प्रक्रियालाई व्यवस्थित र परिणाममुखी बनाउनका लागि निश्चित आधार तथा मापदण्ड सहितको प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७८ स्वीकृत गरी कार्यान्वयनमा रहेको छ।

- बजेट तर्जुमा, रकमान्तर, कार्यक्रम संशोधन, प्रगति प्रतिवेदन निर्माण लगायत बजेट, योजना तथा कार्यक्रम महाशाखासँग सम्बन्धित विभिन्न कार्यहरूलाई व्यवस्थित बनाउन प्रदेश बजेट कार्यसञ्चालन निर्देशिका, २०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ ।
- प्रदेश सरकारको खर्चमा मितव्ययियिता कार्य गर्दै वित्तीय सुशासन कायम गर्ने उद्धेश्यले प्रदेश सार्वजनिक खर्च सम्वन्धी मापदण्ड प्रदेश सरकार मन्त्रिपरिषद्ले स्वीकृत गरिसकेको छ।
- सार्वजनिक निकायहरुवाट सम्पादन गरिने कार्यहरु नियमित मितव्ययी प्रभावकारी र कार्यदक्षतापूर्ण ढंगवाट सम्पन्न गरी उपलव्ध श्रोत सात्धनको महत्तम उपयोग र सोको प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्न आन्तरिक नियन्त्रण प्रणाली मार्गदर्शन तयार गरी कार्यान्वयनमा ल्याईएको छ।
- प्रदेश मन्त्रालयगत सूचना प्रणालीलाई थप प्रयोगकर्ता मैत्री बनाउनेगरी आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन Web Based PLMBIS मार्फत सञ्चालन गर्ने व्यवस्थाका लागि नेपाल सरकार अर्थ मन्त्रालयसँग समन्वय तथा सहकार्य भएको छ।

**बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनमा तत्काल गर्नुपर्ने सुधार**

- चालू आ.व. को पहिलो ६ महिनाको खर्च प्रगतिको समीक्षा गरी आगामी महिनाहरूको लागि संशोधित कार्य योजना बनाई बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने । कार्यक्रम/आयोजनाको मासिक रुपमा समीक्षा गरी कार्यान्वयनमा तीव्रता दिने ।
- अध्ययन र पूर्व तयारी विना बजेट विनियोजन गरिएका आयोजना कार्यान्वयनमा जान सक्ने वा नसक्ने सम्बन्धमा तत्काल निर्क्योल गरी कार्यान्वयनमा जान नसक्ने देखिएका आयोजना/कार्यक्रममा विनियोजित बजेट समर्पण गर्ने वा कुनै आयोजना वा कार्यक्रममा बजेट नपुग भएमा प्रचलित कानून बमोजिम रकमान्तर प्रस्ताव गर्ने ।
- आर्थिक मामिला तथा योजना मन्त्रालयले विभिन्न मन्त्रालयहरुबाट माग गरिएको थप निकासा/रकमान्तर/कार्यक्रम संशोधनमा श्रोतको अवस्था हेरी तत्काल निर्णय दिने। कार्यविधि, निर्देशिकामा समेत तत्काल राय उपलब्ध गराउने ।
- चालु आर्थिक वर्षमा सिर्जित दायित्व आगामी आर्थिक वर्षमा नसार्ने गरी भुक्तानी व्यवस्थापन गर्ने।
- ठूला रणनीतिक महत्वको आयोजना/कार्यक्रमबाट साना/टुक्रे कार्यक्रम/आयोजनामा सकभर रकमान्तर प्रस्ताव नगर्ने। रणनीतिक महत्वका आयोजना/कार्यक्रममा विनियोजित बजेटमा मात्र थप रकम आवश्यक भएमा रकमान्तर/थप निकासा माग गर्ने।
- संघीय सरकारबाट सशर्त अनुदानमा संचालित आयोजनामा थप रकम आवश्यक पर्ने भए सो को विवरण तयार गरी संघीय अर्थ मन्त्रालयमा तत्काल अनुरोध गर्ने ।

- हालसम्मको कार्य प्रगतिका आधारमा बाँकी अवधिको कार्य योजना बनाई राजश्व परिचालन गर्ने।
- गैरकर राजश्व वा संभावित क्षेत्रहरुको पहिचान गरी संकलनको अवस्था बारे अनुगमन गर्ने ।
- घर जग्गा रजिष्ट्रेशन शुल्क संकलनमा देखिएका समस्या र आवश्यकता बारे मालपोत कार्यालयहरुसंग अन्तरक्रिया गरी तत्काल समाधानका उपाय खोज्ने ।
- समपुरक अनुदान र विशेष अनुदान तर्फ आ.व. ०७७।०७८ मा खर्च नभएको रकम प्रदेश संचित कोषमा फिर्ता नगर्ने स्थानीय तहहरूलाई तत्काल सम्पर्क गरी फिर्ता गर्न लगाउने ।
- ढुंगा, गिटी, बालुवा, हदत्तर, बहत्तर वायतको स्थानीय तहले संकलन गरेको राजस्वको ४०% प्रदेश संचित कोषमा जम्मा नगर्ने स्थानीय तहसंग तत्काल सम्पर्क गरी जम्मा गर्न लगाउने ।
- मनोरञ्जन कर र विज्ञापन कर वापतको प्रदेश संचित कोषमा जम्मा हुनुपर्ने रकम प्राप्त गर्न सम्बन्धी स्थानीय तहसंग अन्तर्क्रिया/छलफल गर्ने ।

# परिच्छेद - एक

# समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

## १.१ राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र

आर्थिक वर्ष ०७८/७९ को अर्धवार्षिक अवधिमा कोभिड-१९ को तेस्रो लहरले केही प्रभाव पारेपानी क्रमश: महामारीको दरमा कमि आएको र महामारी विरूद्धको खोप उपलब्धता तथा रोग विरूद्ध जनमानसमा बढेको सजगताले गर्दा महामारीबाट तुलनात्मक रूपमा राष्ट्रिय अर्थतन्त्रका कम प्रभाव परेको देखिन्छ । दोस्रो चौमासिकको अवधि तिर कोरोना महामारीको नयाँ भेरियन्टका कारण केहि समय सार्वजनिक गतिविधिमा नियन्त्रण गर्नुपर्ने अवस्था आएको भएता पनि हाल सोको प्रभाव कम हुँदै गएकोले आर्थिक वर्षको अन्त्यसम्म समग्र राष्ट्रिय अर्थतन्त्रमा सुधार आउने अपेक्षा गर्न सकिन्छ।

नेपाल सरकार, अर्थ मन्त्रालयको बजेटको अर्धवार्षिक मुल्याङ्कन प्रतिवेदन समेतलाई आधार लिई विश्लेषण गर्दा यस वर्ष समग्रमा कृषि क्षेत्र तर्फ धानको उत्पादन घट्ने तथा गहुँ, फापर तथा कोदोको उत्पादन बढ्ने देखिन्छ । यसै गरी समिक्षा अवधिमा आर्थिक गतिविधिमा आएको सुधारका कारण औद्योगिक उत्पादनमा सुधार आएको देखिन्छ । आर्थिक वर्ष २०७८।७९ को पहिलो त्रैमासिक अवधिमा उद्योगको औसत क्षमता उपभोग ७०.५ प्रतिशत रहेको देखिन्छ ।यस अवधिमा राष्ट्रिय विन्दुगत मुद्रास्फीति ५.६५ प्रतिशत र अर्धवार्षिक अवधिसम्मको मुद्रास्फीति ५.०३ रहेको नेपाल राष्ट्र बैंकको तथ्याङ्कले देखाएको छ ।

बागमती प्रदेशले नेपालको कुल भुभागको करिव १२ प्रतिशत अर्थात ७८०० वर्ग कि.मि. ओगटेको छ। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार बागमती प्रदेशमा कुल जनसंख्याको २०.८४ प्रतिशत अर्थात ६० लाख ८४ हजार ४२ रहेको देखिन्छ । जस मध्ये महिलाको जनसंख्या ५०.१४ र पुरुषको ४९.८६ रहेको छ। बागमती प्रदेशको साक्षरता दर ७४.८५ प्रतिशत र मानव विकास सुचकाङ्क ०.६६१ रहेको देखिन्छ।

गत आर्थिक वर्ष २०७७/७८ को अनुमानित राष्ट्रिय वार्षिक कुल गार्हस्थ उत्पादन (उत्पादकको मूल्यमा) रु.४२ खर्व ६६ अर्ब ३२ करोड मध्ये यस प्रदेशको अंश सवैभन्दा बढि अर्थात ३७.७० प्रतिशत रहेको देखिन्छ। यस प्रदेशको गत वर्षको आर्थिक वृद्धिदर ४.६५ प्रतिशत रहेको अनुमान छ जुन अन्य प्रदेशको भन्दा उच्च रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको ७७.४ प्रतिशत,

कृषि क्षेत्रको १२.३ प्रतिशत र उद्योग क्षेत्रको १०.३ प्रतिशत योगदान रहेको छ।प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी औद्योगिक लगानी यस प्रदेशको रहेको देखिन्छ। प्रदेशको कुल गार्हस्थ उत्पादनमा सेवा क्षेत्रको ठुलो हिस्सा रहेको र यो क्षेत्र कोभिड-१९ को तेस्रो लहर र अन्य कारणबाट कम प्रभावित भएकोले यस वर्षको कुल गार्हस्थ उत्पादन सन्तोषजनक रहने अनुमान गर्न सकिन्छ।

बागमती प्रदेशमा कोभिड -१९ महामारीको बावजुद पनि वित्तीय पहुँचमा विस्तार भएको छ। हालसम्म ११९ स्थानीय तहमध्ये ११८ स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ भने धादिङको रुवी भ्यालीमा प्राविधिक पक्ष सहज हुनासाथ वाणिज्य बैंकको शाखा पुग्ने स्थिति रहेको छ। प्रदेशमा वित्तीय पहुँचको उल्लेख्य विस्तारसँगै बैंङ्क तथा वित्तीय सँस्थाका शाखाहरु जम्मा २६७७ सञ्चालनमा रहेका छन्।साथै जीवन वीमाको शाखा ४९९ र निर्जीवन वीमाको ३०८ शाखा गरी कुल ८०७ वीमाको शाखा रहेको छ।

# परिच्छेद - दुई

# बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

## २.१ समष्टिगत खर्च स्थिति विश्लेषण

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षमा क्षेत्रगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि चालु तर्फ रु. २६ अर्व ०१ करोड ६६ लाख २३ हजार (४५ प्रतिशत), पुंजीगत तर्फ रु. २९ अर्व ७० करोड ४३ लाख ४ हजार (५१ प्रतिशत) र वित्तीय व्यवस्था तर्फ रु.२ अर्व (४ प्रतिशत) गरि कुल रु. ५७ अर्व ७२ करोड ९ लाख २७ हजार को वार्षिक बजेट तर्जुमा गरेको थियो।

कुल विनियोजित वार्षिक बजेट मध्ये अर्धवार्षिक अवधिमा चालु तर्फ कुल रु. ५ अर्व २१ करोड ६३ लाख ३ हजार (१९.३० प्रतिशत), पुंजीगत तर्फ कुल रु. ३ अर्व २४ करोड ८ लाख ५६ (१०.१८ प्रतिशत) र वित्तीय व्यवस्था तर्फ कुल रु.७० लाख (३५ प्रतिशत) खर्च भएको छ। जुन विनियोजित बजेटको १५.१५ प्रतिशत हुन आउछ। आर्थिक वर्ष २०७७/७८ को यही अवधिमा रू. ८ अर्व ३२ करोड ६९ लाख ६३ हजार अर्थात वार्षिक विनियोजनको १६.१९% खर्च भएको थियो।


प्रदेशमा सरकार परिवर्तन सँगै साविकमा रहेका मन्त्रालयहरु विभाजन गरि मन्त्रालयको संख्या वृद्धि भएको र साविकका मन्त्रालय तथा नयाँ स्थापना भएका मन्त्रालयहरुमा जनशक्ति अभावका कारण कार्यक्रम कार्यान्वयनमा सुस्तता आएकोले बजेट खर्च प्रगति समिक्षा अवधिमा तुलनात्मक रुपमा कमि हुन आएको छ। साथै क्रमागत आयोजनाको निरन्तरता भन्दा पनि वर्षेनी नयाँ स-साना आयोजना प्रस्ताव गर्ने प्रवृतिका कारण त्यस्ता आयोजनाको पुर्व तयारी कार्य सम्पन्न गर्न समय लाग्ने हुँदा खर्च प्रभावित भएको छ। चालु आर्थिक वर्षको प्रथम ६ महिनाको शीर्षकगत खर्च र गत आर्थिक वर्षको सोही अवधिको शीर्षकगत खर्च बीचको तुलनात्मक विवरण तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१: समष्टिगत खर्चको तुलनात्मक स्थिति (रू. हजारमा)**

| खर्च शीर्षक | विनियोजन | | पहिलो ६ महिनाको खर्च | | विनियोजनको तुलनामा खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ |
| चालु | २५२८७३३५ | २६०१६६२३ | ४४८२१४२.९ | ५०२१६३३ | १७.७२ | १९.३० |
| पुंजीगत | २५१४०१५९ | २९७०४३०४ | ३२८७२४४.९ | ३०२४८५६ | १३.०८ | १०.१८ |
| वित्तीय व्यवस्था | १०००००० | २०००००० | ६००००० | ७००००० | ६०.०० | ३५.०० |
| जम्मा | **५१४२७४९४** | **५७७२०९२७** | **८३६९३८७.८** | **८७४६४९०** | **१६.२७** | **१५.१५** |

***नोटः** आर्थिक वर्ष २०७७/७८ को वार्षिक बजेट तर्जुमाका समयमा वित्तीय व्यवस्थामा वजेट विनियोजन नभई सहुलियत पुर्ण ऋण लगानीका लागि अर्थ विविध तर्फको चालु शीर्षकमा रकम विनियोजन भएको तर विनियोजन ऐन सम्बन्धी आदेश जारी गरि उक्त शीर्षकमा विनियोजित रकम मध्ये १ अर्ब रकम वित्तीय व्यवस्थामा रकमान्तर गरिएको।*

**चित्र १: विनियोजनको तुलनामा खर्च स्थिति**




माथिको तालिकामा प्रस्तुत विनियोजन र खर्चको विश्लेषण गर्दा पुँजीगत खर्च भन्दा चालु खर्च बढी भएको देखिन्छ। तलब भत्ता लगायत कार्यसञ्चालन खर्च नियमित हुने र वित्तीय हस्तान्तरण मार्फत उपलव्ध गराईने पुँजीगत प्रकृतिका आयोजना/कार्यक्रम समेत चालु शीर्षकबाट हस्तान्तरण हुने भएकोले चालु तर्फको खर्च बढि देखिएको छ। साथै विभिन्न समिति, प्रतिष्ठानलाई प्रदान गरिने बजेट चालु अनुदानमा हस्तान्तरण हुने र सोहि अनुरुप लेखाङ्कन हुने भएकोले पुँजीगत खर्च तर्फ यथार्थ विवरण प्राप्त हुन नसकेको अवस्था छ।

**सार्वजनिक खर्च लक्ष्यअनुरुप हुन नसक्नुका कारणहरु निम्नानुसार रहेको छ।**

- गत आर्थिक वर्षको तुलानामा चालु आर्थिक वर्षमा कोरोना महामारीको प्रभाव तुलनात्मक रूपमा केही कम भएता पनि आर्थिक वर्षको शुरूवात सँगै प्रदेश कार्यविभाजन नियमावलीमा संशोधन भई नयाँ मन्त्रालयहरू थप भए अनुरूप नयाँ मन्त्रालयहरुको व्यवस्थापन सम्बन्धी कार्य गर्न समय लागेका कारणबाट समिक्षा अवधिमा खर्च प्रभावित हुन पुगेको ।

- मन्त्रालय विभाजन पश्चात कार्यक्रम कार्यान्वयन गर्ने अधिंकाश कार्यालयहरुमा प्राविधिक लगायतका जनशक्तिको व्यवस्था समयमै गर्न नसकिएको हुनाले बजेट तथा कार्यक्रम कार्यान्वयन प्रभावित भएको ।

- बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि, मापदण्ड, मार्गदर्शन लगायतका कानुनहरु समयमै तर्जुमा हुन नसक्दा कार्यक्रम कार्यान्वयनको विधि/प्रक्रियाका विषयमा अष्पष्टता भएको।

- विभिन्न विषयगत मन्त्रालयहरुमा एकमुष्ट राखिएको बजेट तथा कार्यक्रम समयमै कार्यान्वयन गर्ने निकायहरुमा बाँडफाँट गरी उपलब्ध गराउन ढिलाई भएको।

- पुँजीगत प्रकृतिका निर्माण सम्बन्धी योजनाहरुको खरिद सम्झौता प्रचलित कानुन बमोजिम समयमै नहुने प्रवृतिका कारण आयोजना कार्यान्वयनमा ढिलाई हुन पुगेको।

- अनुगमन मुल्याङ्कन संयन्त्र कमजोर हुँदा बजेट तथा कार्यक्रम कार्यान्वयनको यथार्थ प्रभावकारीता आकलन गर्न नसकिएको ।

- चालु आर्थिक वर्षको दोस्रो चौमासिकको शुरू देखि नै कोभिड-१९ महामारीको नयाँ भेरियन्टका कारण सार्वजनिक गतिविधिहरूमा सरकारद्धारा नियन्त्रण गरिएको हुँदा आर्थिक गतिविधिमा केही अवरोध हुन पुगेकाले बजेट तथा कार्यक्रम कार्यान्वयनमा प्रभाव परेको।

- बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा योजनाबद्ध रूपमा प्राथमिकता प्राप्त कार्यक्रमहरू छनौट नभई विभिन्न स-साना कार्यक्रमहरूका बजेट विनियोजित हुने प्रवृत्तिले तोकिएको समयमा कार्य सम्पन्न नहुने अवस्था रहेको।ठुलो संख्यामा स-साना आयोजनाको पूर्वतयारी गर्न अधिकांश समय लाग्ने गरेको।

- वित्तीय हस्तान्तरण अन्तर्गत सशर्त अनुदानतर्फका कार्यक्रममा स्थानीय परिस्थिति अनुसार गर्नुपर्ने संशोधनका लागि नेपाल सरकार अर्थ मन्त्रालयको सहमति लिनुपर्ने अवस्था रहेको र यसले गर्दा प्रक्रियागत रूपमा समय लाग्ने हुँदा बजेट तथा कार्यक्रम कार्यान्वयनमा ढिलाई भएको ।

- आफू मातहतका कार्यालयहरूबाट कार्यान्वयन गर्नुपर्ने कार्यक्रम बजेट तर्जुमाको समयमा सम्बन्धित मन्त्रालयमै राखि बजेट विनियोजन गर्ने प्रवृत्तिले गर्दा आर्थिक वर्षको शुरूवाती चरणबाट नै कार्यक्रमहरू कार्यान्वयनमा जान नसकि अपेक्षाकृत रूपमा बजेट तथा कार्यक्रमको प्रगति हासिल हुन नसकेको अवस्था रहेको।

- कतिपय आयोजना/कार्यक्रमको कार्यान्वयन मोडालिटी नै निश्चित नगरी ठुलो रकम विनियोजन भएकोले कार्यान्वयनमा जान नसकेको। कोभिड विरुद्धको खोप खरिदमा बजेट आवश्यक नपर्ने भएपनि रकम विनियोजन भएको।
- स्थानीय तहहरूमा हस्तान्तरित सशर्त अनुदानका कार्यक्रमहरू स्थानीय तह सँगको समन्वयमा छनौट नभई निर्देशित रूपमा छनौट हुने अवस्थाले गर्दा बजेट तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय तहबाट अपनत्व नलिने प्रवृतिका कारण आयोजना कार्यान्वयनमा अवरोध सिर्जना भएको ।
- बहुवर्षीय प्रकृतिका योजनामा दायित्व व्यवस्थापनका लागि बजेट तर्जुमाका बखत पर्याप्त बजेट विनियोजन नभएको कारण भुक्तानीको लागि बजेट अभाव हुने हुँदा यसले एकातर्फ आयोजना समयमा सम्पन्न हुन नसक्ने र अर्को तर्फ अपेक्षीत वित्तीय प्रगति हासिल नहुने अवस्था रहेको ।
- बजेट कार्यान्वयनको क्रममा अन्तरनिकाय साझेदारी, समन्वय र सहकार्यमा कमी हुँदा बजेट तथा कार्यक्रममा दोहोरोपना देखिनुका साथै बजेट बाँडफाँट पनि समयमा नहुने समस्या रहेको।

### २.१.१ चालु आ.व.२०७८/७९ को अर्धवार्षिक अवधिको मन्त्रालगत खर्च विवरणः

- प्रदेश व्यवस्थापिका तर्फ कुल रु. ३४ करोड १ लाख विनियोजन भएकोमा अर्धवार्षिक अवधिमा कुल रु. ८ करोड ४३ लाख अर्थात २४.८१ प्रतिशत खर्च भएको छ। सभामुख तथा उपसभामुखज्यूको आवास निर्माणका लागि जग्गा प्राप्तिमा समस्या, प्राविधिक जनशक्तिको अभावमा विषयगत समितिहरुको नयाँ भवन बनाउने कार्यको सूचना प्रकाशनमा कठिनाई उत्पन्न हुनुका साथै कोरोनाको नयाँ भेरियण्ट ओमिक्रोनको तिब्र फैलावटको कारण सभा, समिति तथा सचिवालयको कतिपय कार्यक्रम कार्यान्वयनमा अवरोध हुनु लगायतका कारण अपेक्षित रुपमा खर्च हुन सकेको छैन।
- प्रदेश लोकसेवा आयोगको लागि कुल रु. १० करोड ८३ लाख १५ हजार वजेट विनियोजन भएकोमा रु.१ करोड ७० लाख ४1 हजार अर्थात १५.७३ प्रतिशत खर्च भएको छ। अर्धवार्षिक अवधिमा परीक्षा सञ्चालन गर्ने कार्य नभएको र पुंजिगत तथा मेशिनरी सामानहरु खरिद प्रक्रियामा रहेकोले भुक्तानी गर्न बाँकी हुँदा यस अवधिमा खर्च प्रतिशत न्यून रहेको छ।
- मुख्यन्यायधिवक्ता कार्यालय तर्फ विनियोजित कुल रु. १ करोड ७९ लाख ४३ हजार बजेट मध्ये कुल रु. ४५ लाख ०५ हजार अर्थात २५.११ प्रतिशत खर्च भएको छ। स्वीकृत दरबन्दी अनुसार सरकारी वकील र अन्य कर्मचारी पदपूर्ति नहुँदा बहस पैरवी

र कार्यक्रम कार्यान्वयनमा कठिनाई हुनुका साथै ओमिक्रोनको प्रभावका कारण समुदायमा आधारित कार्यक्रम कार्यान्वयनमा ढिलाई हुन गएकोले लक्ष्य अनुसार खर्च प्रगति हुन नसकेको देखिन्छ।

- मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा कुल रु. ७१ करोड ७३ लाख २४ हजार बजेट विनियोजन भएकोमा रू. ७ करोड ३६ लाख ६४ हजार अर्थात् १०.२७ प्रतिशत खर्च भएको छ। कतिपय विषयमा संघीय सरकार तथा स्थानीय तहसँग समन्वयको अभावका कारण अपेक्षित रुपमा खर्च हुन सकेको छैन। साथै प्रदेश पूर्वाधार विशेष कार्यक्रमको लागि विनियोजन भएको वजेट कार्यक्रम कार्यान्वयन गर्ने कार्यविधि समयमा तयार गर्न नसकिंदा बजेट खर्च न्यून हुन गएको अवस्था छ।

- आर्थिक मामिला तथा योजना मन्त्रालयमा कुल रु. ३५ करोड ७० लाख ५० हजार बजेट विनियोजन भएकोमा रु.२ करोड ४४ लाख २१ हजार अर्थात ६.८४ प्रतिशत खर्च भएको छ। मन्त्रालयको भवन तोकिएको समयमा निर्माण हुन नसक्नु तथा ओमिक्रोनको प्रभावका कारण अनुगमन/अन्तर्किया कार्यक्रम प्रभावित भएको हुनाले बजेट खर्च न्यून देखिएको छ।

- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा रू. ४ अर्व १४ करोड ५२ लाख ८८ हजार बजेट विनियोजन भएकोमा रू. ५२ करोड ०४ लाख १२ हजार अर्थात् १२.५५ प्रतिशत खर्च भएको छ। चालु आर्थिक वर्षमा यस मन्त्रालय वन तथा वातावरण मन्त्रालय, संस्कृति तथा पर्यटन मन्त्रालय र उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयमा विभाजन भएकोमा टुक्रिएका मन्त्रालयहरुको एकमुष्ट बजेट र खर्च माथि उल्लेख भए बमोजिम रहेको छ। सम्झौता भएका आयोजनाहरुको भुक्तानी गर्न वाँकी हुनुका साथै स्वीकृत कार्यक्रम संचालन गर्न आवश्यक जनशक्तिको अभाव र कतिपय कार्यक्रमहरुको कार्यान्वयनका लागि उपभोक्ताहरु संग छलफल गरि लागत अनुमान तयारी तथा सम्झौताको कार्यहरु भई रहेकोले लक्ष्य अनुसार खर्च हुन नसकेको देखिन्छ।

- भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा कुल रु. ३ अर्व ८१ करोड ०७ लाख १२ हजार  बजेट विनियोजन भएकोमा रू. ३६ करोड ८२ लाख ८६ हजार अर्थात् ९.६६ प्रतिशत खर्च भएको छ। यस मन्त्रालय कृषि पशुपन्छि तथा भुमि व्यवस्था तथा गरिवी निवारण मन्त्रालयमा विभाजन भएकोमा विभाजित मन्त्रालयहरुको एकमुष्ट बजेट र खर्च माथि उल्लेख भए बमोजिम रहेको छ। मन्त्रालय र अन्तर्गतका निकायहरुमा करिब ४५ प्रतिशत कर्मचारी दरबन्दी रिक्त हुनु, अधिकांश वार्षिक कृषि विकास सम्वन्धी कार्यक्रमहरु अनुदानग्राही छनौट गरी सम्झौता एवम् कार्यान्वयन

गर्नुपर्ने प्रकृतिका भएकाले अनुदानग्राही छनौट तथा सम्झौताको क्रममा रहेको तथा सम्पन्न भएपछि मात्र भुक्तानि दिइने भएकोले तुलनात्मक रुपमा कम वित्तीय प्रगति हासिल भएको ।

- आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा कुल रु. ९२ करोड ७९ लाख ८३ हजार बजेट विनियोजन भएकोमा रू. ३ करोड २४ लाख ०९ हजार अर्थात् ३.४९ प्रतिशत खर्च भएको छ। जिल्लास्थित आफ्नै कार्यालयहरु नहुनु, प्राविधिक कर्मचारी न्यून हुनु, प्रदेश प्रहरी गठन नहुनु लगायतका कारण खर्च न्यून देखिएको छ।साथै नेपाल प्रहरीका भवन निर्माणको लागि विनियोजन भएको ४५ करोड बजेट भौतिक प्रगति अनुसारको विल वनिनसकेको हुंदा भुक्तानी हुन वांकी रहेको छ।
- भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि प्रदेश सरकारवाट सवैभन्दा वढि बजेट रू. २१ अर्व १४ करोड ५१ लाख ३१ हजार विनियोजन भएकोमा रू. २ अर्व ७६ करोड ०६ लाख २८ हजार अर्थात् १३.०६ प्रतिशत खर्च भएको छ। हाल उक्त मन्त्रालय खानेपानी उर्जा तथा सिचाई मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयमा विभाजित भएको र तीनै मन्त्रालयको समिक्षा अवधिमा खर्च प्रगति एकमुष्ट रुपमा १३.०६ प्रतिशत रहेको छ।
- उपभोक्ता समिति गठनमा विवाद, सम्झौता सम्पन्न केहि निर्माणस्थलमा विभिन्न किसिमका विवाद तथा अवरोध, कोराना महामारीका कारण जनशक्ती र निर्माण सामाग्रिको अभाव, निकासा प्रक्रियामा विलम्ब, अन्तिममा निकाशा दिने परिपाटी, योजनामा दोहोरोपना लगायतका कारण लक्षित रुपमा भौतिक तथा वित्तीय प्रगति हुन नसकेको देखिन्छ।
- सामाजिक विकास मन्त्रालयको लागि रु. ११ अर्व ५४ करोड ४४ लाख ९७ हजार बजेट विनियोजन भएकोमा कुल रु. १ अर्व ३५ करोड ५४ लाख ९० हजार अर्थात ११.७४ प्रतिशत खर्च भएको छ। हाल यस मन्त्रालय स्वास्थ्य मन्त्रालय, सामाजिक विकास मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालयमा विभाजन भएको छ ।बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक मापदण्ड कार्यविधि तथा निर्देशिका समयमा तर्जुमा गरी स्वीकृत गर्न नसक्नुले अपेक्षित प्रगति हुन सकेको छैन।
- प्रदेश नीति तथा योजना आयोगमा रु.४ करोड ९७ लाख ०५ हजार विनियोजन भएकोमा कुल रु.५२ लाख २१ हजार अर्थात १०.५० प्रतिशत खर्च भएको छ।
- वित्तीय व्यवस्था तथा शेयर लगानी तर्फ कुल रु. २ अर्व विनियोजन भएकोमा रु.७० करोड अर्थात ३५ प्रतिशत खर्च भएको देखिन्छ।

- मन्त्रालयगत खर्चको समग्र विवरण अनुसूची - ६ मा प्रस्तुत गरिएको छ।

### २.१.२ स्रोतगत खर्च विश्लेषण

प्रदेश सरकारको स्रोत तर्फ विनियोजित बजेट रु. ४० अर्ब ७९ करोड ४१ लाख २७ हजार मध्ये अर्धवार्षिक अवधिसम्ममा रु. ६ अर्ब २४ करोड ०३ लाख ९९ हजार अर्थात १५.३० प्रतिशत खर्च भएको देखिन्छ। त्यसैगरी संघीय स्रोत तर्फको रु. १६ अर्ब ९२ करोड ६८ लाख मध्ये रु.२ अर्ब ५० करोड ६० लाख ९० हजार अर्थात १४.८१ प्रतिशत खर्च भएको देखिन्छ। स्रोतगत खर्च विश्लेषण तालिका नं. २.२ मा राखिएको छ।

**तालिका नं. २.२: स्रोतगत विनियोजन र खर्चको स्थिति रकम रु. हजारमा**

| क्र. सं. | स्रोत | आर्थिक वर्ष २०७७/७८ | | | आर्थिक वर्ष २०७८/७९ | | | प्रतिशतमा परिवर्तन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | पहिलो ६ महिनाको खर्च | प्रतिशत | विनियोजन | पहिलो ६ महिनाको खर्च | प्रतिशत | विनियोजन | खर्च |
| १ | प्रदेश | ३३५५७६९४ | ६४०१९९१ | १९.०८ | ४०७९४१२७ | ६२४०३९९ | १५.३ | २१.५६ | -२.५२ |
| २ | संघीय अनुदान | १७८६९८०० | १९२४९७३ | १०.७७ | १६९२६८०० | २५०६०९० | १४.८१ | -५.२८ | ३०.१९ |
| जम्मा | | ५१४२७४९४ | ८३२६९६४ | १६.१९ | ५७७२०९२७ | ८७४६४९० | १५.१५ | १२.२४ | ५.०४ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश।*

### २.१.३ संघीय सरकारबाट प्राप्त अनुदान

चालु आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकारबाट बागमती प्रदेशमा वित्तीय हस्तान्तरण मार्फत कुल रु.१६ अर्ब ९२ करोड ६८ लाख प्राप्त हुने अनुमान गरिएकोमा अर्धवार्षिक अवधिसम्ममा कुल रु. ९ अर्ब ४८ करोड १९ लाख ९५ हजार अर्थात ५६.०२ प्रतिशत प्राप्त भएको छ। उक्त रकम मध्ये समिक्षा अवधिसम्म कुल रु. २ अर्ब ५० करोड ६० लाख ९० हजार खर्च भएको छ। जुन विनियोजनको तुलनामा १४.८१ प्रतिशत रहेको छ। अर्धवार्षिक अवधिसम्ममा संघीय सरकारबाट प्राप्त अनुदानको विवरण तालिका नं. २.३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.३ संघीय सरकारबाट प्राप्त अनुदान**

| आर्थिक वर्ष २०७८।७९ को वित्तीय हस्तान्तरणको पुस मसान्त सम्मको खर्चको विवरण (रकम रु. हजारमा) | | | |
|---|---|---|---|
| स्रोत | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत |
| वित्तीय समानिकरण अनुदान | ७८५९००० | १२८१४१०.८६ | १६.३१% |
| विशेष अनुदान | ५५८४०० | ४५४५९.६५ | ८.१४% |

| आर्थिक वर्ष २०७८।७९ को वित्तीय हस्तान्तरणको पुस मसान्त सम्मको खर्चको विवरण (रकम रु. हजारमा) | | | |
|---|---|---|---|
| **स्रोत** | **विनियोजित बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
| शशर्त अनुदान | ७९३४६०० | ११५८४२२.२२ | १४.६०% |
| समपुरक अनुदान | ५७४८०० | २०७९७.५६ | ३.६२% |
| **जम्मा** | **१६९२६८००** | **२५०६०९०.३** | **१४.८१%** |

संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण, सशर्त, समपूरक तथा विशेष अनुदानका आयोजना/कार्यक्रम प्रदेश सरकारका विभिन्न मन्त्रालय/निकायहरुबाट कार्यान्वयन भईरहेका छन। विभिन्न मन्त्रालय/निकायमा विनियोजन भएका विभिन्न स्रोतको खर्च विवरण तालिका २.४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.४ संघीय सरकारबाट प्राप्त अनुदान कार्यान्वयन गर्ने मन्त्रालय/निकायगत विवरण**

| | | | **रकम रु.हजारमा** |
|---|---|---|---|
| **शीर्षक/मन्त्रालय** | **स्रोत** | **बजेट** | **खर्च** |
| अर्थ – विविध | नेपाल सरकार ऋण | १८४६३९६ | ०.०० |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | नगद अनुदान | १०४०० | ०.०० |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सशर्त अनुदान | २२०४७९ | २२०६३.३० |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सशर्त अनुदान | ३९२५०० | २१३२.१० |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | वित्तीय समानिकरण अनुदान | ७८५९००० | १२८१४१०.८६ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | विशेष अनुदान | ३५१३०० | ३२००७.७६ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | शोधभर्ना हुने ऋण | २५५४०० | २०११३.०८ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | समपुरक अनुदान | ५७४८०० | २०७९७.५७ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | सशर्त अनुदान | २५४२६०० | ६०३१७२.७० |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | शोधभर्ना हुने अनुदान | ३३०९०० | २४४६४.३६ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सशर्त अनुदान | २३०० | ८९६.५३ |
| सामाजिक विकास मन्त्रालय | नगद अनुदान | १०२९०० | १४.५० |
| सामाजिक विकास मन्त्रालय | विशेष अनुदान | २०७१०० | १३४५१.८९ |
| सामाजिक विकास मन्त्रालय | शोधभर्ना हुने अनुदान | ५२९०० | २५१८.५३ |
| सामाजिक विकास मन्त्रालय | सशर्त अनुदान | २१७७८२५ | ४८३०४७.१३ |
| **जम्मा** | | **१६९२६८००** | **२५०६०९०.३०** |

### २.१.४ कार्यगत व्यय स्थिति

अर्धवार्षिक अवधिमा कार्यगत व्यय तर्फको अनुमान र खर्चको स्थिति हेर्दा सामान्य सार्वजनिक सेवामा रू. १९ अर्व १० करोड २२ लाख ९९ हजार मध्ये रु. ४ अर्व ७४ लाख ८९ हजार अर्थात विनियोजनको २०.९८ प्रतिशत खर्च भएको देखिन्छ। सार्वजनिक शान्ति सुरक्षामा रु. ३२ करोड १ लाख २९ हजार अर्थात यस शीर्षकमा विनियोजित रकमको ३.४९ प्रतिशत खर्च भएको देखिन्छ। आर्थिक मामिलामा रु.२ अर्व १८ करोड ९७ लाख २८ हजार अर्थात १०.३२ प्रतिशत खर्च भएको छ। वातावरण संरक्षण तर्फ रु. ९ करोड ६५ लाख २८ हजार अर्थात ८.६० प्रतिशत खर्च भएको देखिन्छ। आवास तथा सामुदायिक सुविधा तर्फ ६९ करोड ५३ लाख ९४ हजार अर्थात ९.९७ प्रतिशत खर्च भएको देखिन्छ। स्वास्थय तर्फ रु. ७३ करोड ०८ लाख ८९ हजार अर्थात १४.९१ प्रतिशत खर्च भएको देखिन्छ। मनोरञ्जन संस्कृति तथा धर्म तर्फ १ करोड ०५ लाख ६९ हजार अर्थात ८.३४ प्रतिशत खर्च भएको छ। शिक्षामा रू. २८ करोड ३७ लाख ६० हजार अर्थात २०.९९ प्रतिशत खर्च भएको देखिन्छ। कार्यगत व्यय अनुमान तर्फको विनियोजन र अर्धवार्षिक खर्चको समग्र विवरण अनुसुची-३ मा प्रस्तुत गरिएको छ।

## २.२ राजस्व परिचालन

### २.२.१ राजस्वको लक्ष्य र संकलन अवस्था

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७८/७९ मा नगद मौज्दात समेत गरी रू. ४० अर्ब ७९ करोड राजस्व संकलन हुने अनुमान गरेको थियो। उक्त अनुमानित राजस्वका प्राप्तीका श्रोतहरु क्रमशः प्रदेश सरकारको आन्तरिक श्रोत, संघीय तथा स्थानीय तहबाट प्राप्त हुने बाँडफाँट रहेका छन। संघीय सरकारबाट अन्तरसरकारी वित्त हस्तान्तरण मार्फत रु. १६ अर्व ९२ करोड अनुदान प्राप्त हुने अनुमान गरिएको छ । चालु आर्थिक वर्षमा प्रदेश सरकारको कुल बजेटमा कर तथा गैरकर र अन्य प्राप्ती बाट ७०.६४ प्रतिशत योगदान रहने अनुमान गरिएको छ। त्यसैगरी संघीय सरकारबाट प्राप्त अन्तरसरकारी वित्त हस्तान्तरणमा २९.३३ प्रतिशत योगदान रहने अनुमान गरिएको छ । समीक्षा अवधिसम्म राजस्व र अन्य विविध प्राप्ति समेत गरी जम्मा रु. ३६ अर्व ९१ करोड (राजस्व बाँडफाँड तथा स्थानीय तहबाट अनुदान फिर्ता एवं नगद मौज्दात समेत) परिचालन भएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्म वार्षिक लक्ष्यको करिब ५५.५९ प्रतिशत राजस्व संकलन भएको छ ।संघीय सरकारबाट वित्त हस्तान्तरण मार्फत ५६.०२ प्रतिशत मात्र प्राप्त भएको छ । राजस्व सम्वन्धी विस्तृत विवरण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ।


### तालिका नं. २.५ वार्षिक बजेट तथा राजस्वको संरचना

| विवरण | रकम (रू. करोडमा) |
|---|---|
| कूल वार्षिक बजेट अनुमान | ५७७२ |
| कूल वार्षिक कर राजस्व बाट | २३८२ |
| अन्य कर राजस्वबाट | ६८२ |
| विविध प्राप्ती | १०१ |
| **प्रदेश सञ्चित कोषमा दाखिला हुने राजश्व** | ४०७९ |
| संघीय सरकारबाट वित्तीय हस्तान्तरण प्राप्त अनुदान | १६९२ |
| कूल बजेटमा राजस्वको योगदान (प्रतिशत) | ७०.६४ |
| स्थानीय तहमा बाँडफाँट हुने सवारी साधन कर | ४३३ |

### आ.व. २०७८/७९ को राजस्व लक्ष्य संरचना

आर्थिक वर्ष २०७८/७९ को निर्धारित कुल राजस्व संकलनको लक्ष्यमध्ये कर राजस्वको अंश ७८ प्रतिशत र गैर कर राजस्वको अंश २२ प्रतिशत रहेको छ। यसलाई तल चित्रमा देखाइएको छ।

**चित्र २: कर तथा गैर कर राजश्वको अंश**




कुल राजस्वतर्फ (राजश्व बाँडफाँट समेत) लक्ष्यको संरचना विश्लेषण गर्दा घरजग्गा रजिष्ट्रेशन दस्तुरको अंश सर्वैभन्दा वढी अर्थात २२.३५% रहेको छ । दोश्रो तथा तेश्रो स्थानमा क्रमश बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर २२.३२%, पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने २१.२१% रहेको छ। त्यसैगरी बाँडफाँडबाट प्राप्त हुने अन्तशुल्क ९.५७%, र मनोरञ्जन तथा विज्ञापन

कर २.२८% र अन्य गैरकरको अंश २२% रहेको छ ।कुल कर तथा गैर कर सम्वन्धी राजस्वको विस्तृत विवरण अनुसूची-२ मा प्रस्तुत गरिएको छ।

### २.२.२ कर छुट तथा सहुलियत

आर्थिक ऐन, २०७८ को अनुसुची २ को खण्ड ग विविध को सि.नं. १५ बमोजिम स्थानीय तह तथा भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको सिफारिसमा यस मन्त्रालयको मन्त्रिस्तर निर्णयानुसार विभिन्न १० वटा सहकारी संघ संस्थाहरुलाई घर जग्गा रजिष्ट्रेशन शुल्क छुटका लागि सम्बन्धित मालपोत कार्यालयहरुमा पत्राचार गरिएको थियो। छुट प्रदान गरिएका सहकारी संस्थाहरु निम्नानुसार रहेका छन।

**तालिका २.६ छुट प्रदान गरिएका सहकारी संस्थाहरुको विवरण**

| आर्थिक ऐन, २०७८ को अनुसूची-१ (ग) विविधको बुँदा नं. १५ बमोजिम दिइएको राजश्व छुट सम्बन्धमा। | | | | |
|---|---|---|---|---|
| | | | | रकम रु. हजारमा |
| क्र.स. | सहकारीको नाम | ठेगाना | थैली रकम | निर्णय मिति |
| १ | सुसंगत बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | चावहिल | २१५००.०० | २०७८.४.१५ |
| २ | नयाँ किरण बचत तथा ऋण सहकारी संस्था लिमिटेड | टोखा | ३९८१२.५० | २०७८.०८.०९ |
| ३ | बाबा बचत तथा ऋण सहकारी संस्था लिमिटेड | शंखधर चोक | २५२२२.५६ | २०७८.०८.०८ |
| ४ | पिपुल्स वचत तथा ऋण सहकारी संस्था लिमिटेड | बनेपा | ९३५०.०० | २०७८.०८.०९ |
| ५ | कंचनजंघा बहुउद्देश्य सहकारी संस्था लिमिटेड | चितवन | १२८००.०० | २०७८.०८.०१ |
| ६ | डिलाईट बचत तथा सहकारी संस्था लिमिटेड | अनामनगर | २२६५०.०० | २०७८.०८.०७ |
| ७ | अग्रज महिला वचत तथा ऋण सहकारी संस्था लिमिटेड | चाँगुनारायण | ९३८४.३७ | २०७८.०८.२३ |
| ८ | पञ्चकुमारी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | बनेपा | ६४००.०० | २०७८.५.२९ |
| ९ | बाबा चित्रसेन सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | चितवन | ६५००.०० | २०७८.७.२६ |
| १० | सुमार्ग बचत तथा ऋण सहकारी संस्था लिमिटेड | काभ्रे | ३६००.०० | २०७८.९.१४ |
| **कुल जम्मा** | | | **१५७२१९.४३** | |

**(पन्ध्र करोड बहत्तर लाख उन्नाईस हजार।)**

### २.२.३ समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरू

चालु आर्थिक वर्षको प्रथम ६ महिनामा सम्पादन भएका राजस्व प्रशासनसँग सम्बन्धित प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन्:

- नगद मौज्दात बाहेकको कुल वार्षिक लक्ष्य रु. ४८ अर्व ६२ करोड मध्ये चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा ४७.४१ प्रतिशत राजश्व संकलन र अन्य प्राप्ती भएको छ। जसमध्ये राजश्व बाँडफाँटबाट कुल वार्षिक लक्ष्यको ३७.४७ प्रतिशत, अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत कुल वार्षिक लक्ष्यको ५६.०२ प्रतिशत र प्रदेश सरकारको आफ्नो स्रोतबाट संकलित राजश्व (नगद मौज्दात बाहेक) को कुल वार्षिक लक्ष्यको ७३. ४९ प्रतिशत रकम प्राप्त भएको छ । राजस्व संकलन तथा प्राप्ती सम्वन्धी तुलनात्मक विवरण तालिका नं. २.७ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.७ राजश्व संकलनको अवस्थाको तुलनात्मक अवस्था रकम रु. हजारमा**

| आर्थिक वर्ष | राजश्व शीर्षक | अनुमानित रकम | प्राप्ती | प्रतिशत |
|---|---|---|---|---|
| २०७७/७८ | राजश्व बाँडफाँट | २,३०,५७,६९४.०० | ७६,१६,१५९.०६ | २१.२७% |
| | संघीय अनुदान | १७,८६९,८००.०० | ४,३१०,०१७.०० | २४.१२% |
| | प्रदेश सरकारको आन्तरिक राजश्व (नगद मौज्दात बाहेक) | ३०,००,०००.०० | २०,५४,२७९.६८ | ६८.४८% |
| **जम्मा** | | **४,३९,२७,४९४.००** | **१,३९,७८,६९९.३९** | **४७.२०%** |
| २०७८/७९ | राजश्व बाँडफाँट | २६,९९३,०७९.०० | १०,११४,५२६.५२ | ३७.४७% |
| | संघीय अनुदान | १६,९२६,८००.०० | ९,४८१,९९४.५५ | ५६.०२% |
| | प्रदेश सरकारको आन्तरिक राजश्व (नगद मौज्दात बाहेक) | ४,७०१,०४८.०० | ३,४५४,७३०.२४ | ७३.४९% |
| **जम्मा** | | **४८,६२०,९२७.००** | **२३,०५१,२५१.३३** | **४७.४१%** |

- स्थानीय तहहरुबाट संकलन हुने मनोरञ्जन कर तथा विज्ञापन कर नियमावलीको मस्यौदा तयार गर्न समिति गठन भएको।
- प्रदेश आर्थिक ऐन २०७८ मा व्यवस्था भए बमोजिम पर्यटन शुल्क तथा छुट सम्वन्धमा मिति २०७८/०५/२७ गते अन्तरक्रिया कार्यक्रम गरिएको। साथै यातायात व्यवसायी, यातायात कार्यालयहरुसँग सवारी साधन कर लगायतका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको।

- प्रदेश आर्थिक ऐन, २०७८ मा भएका व्यवस्थाहरु, सोको कार्यान्वनमा देखा परेका द्विविधा लगायत राजश्व संकलनका विषयमा मुख्य मन्त्रीज्युको प्रमुख आतिथ्यमा बागमती प्रदेश भित्रका यातायात व्यवसायी महासंघ तथा सरोकारवाला एवं यातायात कार्यालयहरुसँग मिति २०७८/०९/१६ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी सुझाव संकलन गरिएको।
- प्रदेश आर्थिक ऐन, २०७८ को कार्यान्वयनमा देखा परेका अस्पस्टता/जटिलता फुकाउन आवश्यकता अनुसार बाधा अडकाउ फुकाउ सम्बन्धि निर्णयहरु गरिएको।

## २.२.४ चालु वर्षको बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरुः

- संघीय मालपोत कार्यालयसंग राजस्व संकलन तथा बाँडफाँड सम्वन्धमा अन्तरक्रिया कार्यक्रम गरी राजस्व संकलनमा देखा परेका समस्या समाधान गर्ने।
- मुलुकको समग्र अर्थव्यवस्थामा देखापरेको असन्तुलनबाट राजस्व परिचालनमा पर्ने प्रभावको निरन्तर विश्लेषण गर्ने।
- राजस्व परिचालन गर्ने निकायसँग निरन्तर समन्वय गरी राजस्व संकलनको अवस्थाको निरन्तर अध्ययन गर्ने।
- आर्थिक ऐन, २०७८ मा भएका व्यवस्थाहरुको विषयमा सरोकारवाला निकायहरुसंग छलफल तथा अन्तर्क्रिया गर्ने।
- आगामी आ.व.को आर्थिक ऐन तर्जुमा गर्दा ऐनमा समावेश गर्नुपर्ने राजस्व सम्बन्धि विषयमा छलफल तथा अन्तर्क्रियाको आयोजना गर्ने। प्रदेश राजश्व परामर्श समिति, श्रोत अनुमान समिति लगायत सम्वन्धित सरोकारवाला निकायहसंगको समन्वय र सहकार्यमा राजस्वका सम्भावित नयाँ क्षेत्रहरुको खोजी गर्ने।
- प्रदेश भित्रका कर तथा गैर कर राजस्व विद्युतीय मध्यमबाट भुक्तानी गर्ने सक्ने प्रणाली विकास गर्ने।
- विद्युतिय माध्यमबाट राजस्व व्यवस्थापन सूचना प्रणाली विकास गर्न TOR तयार गर्नुका साथै नेपाल सरकारको राजस्व व्यवस्थापन सूचना प्रणालीमा Revenue Integrated System आवद्धता गरि प्रणाली विकास गर्ने।
- राजस्व बाँडफाँट तथा वित्त हस्तान्तरणका सम्बन्धमा स्थानीय निकायका पदाधिकारी तथा कर्मचारीहरुसँग छलफल तथा अन्तरक्रिया गर्ने ।
- प्रदेशबाट गैर कर राजस्व संकलन निकायसंग एवं अन्तरक्रिया तथा छलफल गर्ने।
- बेरुजू फछ्यौंट तथा बक्यौता असुलीको कार्यलाई प्रभावकारी बनाउने। सम्बन्धित अधिकृत र कार्यालय प्रमुखलाई जिम्मेवार बनाउने।

## २.३ सहुलियतपुर्ण ऋण लगानी

- चालु आर्थिक वर्षमा सहुलियत पुर्ण ऋण लगानीतर्फ कुल रु. २ अर्व रकम विनियोजन गरिएको ।
- सहुलियतपुर्ण ऋण लगानी कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकार मन्त्रिपरिषदबाट उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपुर्ण ऋण लगानी कार्यविधि, २०७८ स्वीकृत गरिएको ।
- समिक्षा अवधिसम्ममा बैङ्क तथा वित्तीय संस्थाबाट माग भएको रकमको आधारमा तमसुक गरि कृषि विकास बैङ्क लाई रु. ५० करोड तथा साना किसान लघुवित्त वित्तीय संस्थालाई रु. २० करोड गरि कुल रु. ७० करोड रकम निकासा गरिएको ।
- कृषि विकास बैकबाट ४०२ जनालाई रु. ३७ करोड ७२ लाख ऋण लगानी भएको र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडबाट ८२१ जनालाई रु. २० करोड १३ लाख ५० हजार ऋण लगानी गरेको प्रतिवेदन प्राप्त भएको ।
- उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण कार्यविधि सम्बन्धमा मुख्य मन्त्रीज्युको प्रमुख आतिथ्यमा साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेडका पदाधिकारी एवं कर्मचारीहरुसँग मिति २०७८/०९/११ मा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- कार्यक्रम कार्यान्वयनको नियमित स्थलगत अनुगमन निरिक्षण समेत भईरहेको ।
- सहुलियत पुर्ण ऋण लगानी सम्बन्धी विस्तृत विवरण अनुसुची - १० मा राखिएको छ।

## २.४. कोरोना संक्रमण सम्बन्धि विवरण

- बागमती प्रदेशमा चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिसम्ममा कोभिड-१९ को परिक्षण, संक्रमित संख्या, खोपको अवस्था लगायतका विवरणहरु तालिका मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.८ कोरोना-१९ सम्बन्धी विवरण**

| शीर्षक | श्रावण-पौष |
|---|---|
| पहिलो डोज खोप | ३६३७२५४ |
| पुर्ण खोप | ३२५६५६४ |
| पी.सी.आर. परीक्षण | ३२२४०८५ |
| कोरोना संक्रमित | ४३९२५२ |
| एन्टिजेन परीक्षण | १५९१४६ |
| एन्टिजेन पोजिटिप | ३१४११ |

*स्रोत: स्वास्थय मन्त्रालय, बागमती प्रदेश*

# परिच्छेद - तीन

# क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

बागमती प्रदेश सरकारको विभिन्न मन्त्रालय तथा निकायहरूबाट प्राप्त प्रगति विवरणका आधारमा समीक्षा अवधिमा चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको क्रममा हासिल भएका क्षेत्रगत उपलब्धिहरू देहाय बमोजिम रहेका छन्:

## ३.१ प्रदेश सभा सचिवालय :

- समिक्षा अवधिमा प्रदेश सभा बाट दस्तखत सहितको मत विभाजन सम्वन्धी कार्यविधि, २०७८, पारित भएको छ भने प्रदेश पर्यटन पूर्वाधार विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ र प्रदेश उच्च शिक्षा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ समितिबाट प्रतिवेदन सहित पारित भई सभामा पेश भएको अवस्था छ।
- प्रदेश विपद व्यवस्थापन सम्बन्धी ऐन, २०७५ र प्रदेश संचार माध्यम व्यवस्थापन ऐनलाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा दर्ता भएको छ।
- सचिवालयको भौतिक संरचनाको सुढृदिकरण गर्ने कार्य भएको छ । सचिवालयको क्षेत्रको सौन्दरीकरण तथा सबलिकरणको लागि कार्यालय परिसरमा ईन्टरलक विच्छ्याउने कार्य सम्पन्न गरिएको छ ।
- अन्य प्रदेशका गतिविधि, प्रदेश सभा सञ्चालनका विधि, विभिन्न समितिहरूको कार्य अनुभव आदानप्रदान गर्ने मुलभुत उद्देश्यका साथ प्रदेश सभा सचिवालयका विषयगत समितिका सभापतिको उपस्थितिमा अन्तर प्रदेश अनुभव आदानप्रदान कार्य सम्पन्न गरिएको छ।
- प्रदेश सभा सचिवालयबाट प्रदेश सभा "दर्पण पाँचौ" र प्रदेश सभाको "चिनारी" पुस्तक निर्माण गरी प्रकाशन गरिएको छ ।
- सम्पूर्ण नगद कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने राष्ट्रिय निति अनुरूप माननीय प्रदेश सभा सदस्य, प्रदेश सभाका कर्मचारी लगायत सबैलाई सुलभ बैंकिङ्ग सेवा उपलब्ध गराउन राष्ट्रिय वाणिज्य बैंकसँगको समन्वयमा प्रदेश सभा सचिवालयको परिसरमा ATM जडान गरिएको छ।

## ३.२ आर्थिक मामिला तथा योजनाः

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको मस्यौदा तयार भएको, सशर्त अनुदान सम्बन्धी कार्यविधिको मस्यौदा स्वीकृतिको क्रममा रहेको। कार्यसञ्चालन निर्देशिका तथा सार्वजनिक खर्चको मापदण्ड स्वीकृत भईसकेको। बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत भई कार्यान्वयनमा आईसकेको छ। यसका साथै प्रदेश सरकारको आन्तरिक नियन्त्रण प्रणाली मार्गदर्शन, २०७८ तयार गरी सबै मन्त्रालय निकायहरुमा पठाईएको छ ।

- प्रदेश सरकारको आ.व.२०७७/७८ को एकीकृत वार्षिक वित्तीय विवरण तोकिएको समयमा नै तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखा परिक्षक कार्यालयमा पेश गरिएको। त्यसैगरी आन्तरिक लेखा परिक्षण प्रतिवेदन र एकिकृत जिन्सी प्रतिवेदन तोकिएको समयमा नै तयार गरी एकीकृत वित्तीय प्रतिवेदन सार्वजनिक गरिएको छ।

- प्रत्येक आर्थिक वर्षको वार्षिक, अर्धवार्षिक र असार मसान्तसम्मको अनुमानित प्रगति प्रतिवेदन तयार गरिदै आएको। आ.व. २०७७/७८ को मन्त्रालयगत वार्षिक प्रगति विवरण प्रकाशन गरिएको छ ।

- चालु आ.व.२०७८/७९ मा प्रदेश सरकारको सार्वजनिक खर्चलाई प्रभावकारी बनाउनका लागि स्वीकृत कार्यक्रमहरुको विषयगत निकायहरुबाट कार्ययोजना माग गरी सोलाई एकीकृत गरि मन्त्रालयगत स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना प्रकाशन गरिएको। उक्त पुस्तिका सम्बन्धित विषयगत मन्त्रालय तथा मातहतका कार्यालयहरु र प्रदेश सभाका माननीय सदस्यहरुलाई वितरण गरि वार्षिक कार्यक्रमका सम्बन्धमा जानकारी प्रदान गरिएको छ।

- प्रदेशको आर्थिक सर्वेक्षण तयार गर्न आवश्यक सुचनाहरुको ढाँचा तयार गरी मन्त्रालयहरुमा पठाईसकिएको छ।

**अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी कार्यहरुः**

- अन्तरसरकारी वित्त हस्तान्तरण अन्तरगत प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण भएका वित्तीय समानीकरण, सशर्त, समपूरक, विशेष अनुदान वापतको प्रथम र दोस्रो किस्ता वापत रु. ३ अर्व ७५ करोड २८ लाख २० हजार रकम निकाशा गरिएको छ ।

- चालु आ.व.२०७८/७९ मा नुवाकोट, धादिङ र काठमाण्डौका गरी कुल १० स्थानीय तहहरुको अनुगमन गरिनुका साथै काभ्रे, सिन्धुपाल्चोक र चितवन जिल्लामा अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजश्व बाँडफाट सम्बन्धी विषयमा प्रमुख प्रशासकीय अधिकृतहरु र लेखा अधिकृतहरु सँग अन्तर्क्रिया गरिएको छ ।

## ३.३ उद्योग, वाणिज्य तथा आपूर्तीः

- समिक्षा अवधिमा प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७८ र प्रादेशिक व्यापार तथा व्यवसाय नियमावली, २०७८ को प्रारम्भिक मस्यौदा तयारी भएको छ ।
- उद्योग तथा वाणिज्य क्षेत्रलाई थप प्रविधि मैत्री बनाउँदै सेवा प्रवाहलाई सर्वसुलभ बनाउनका लागि उद्योग क्षेत्रको दर्ता नवीकरण लगायतको सेवालाई विद्युतीय प्रणाली मार्फत सम्पादन गर्न अनलाइन सफ्टवेयर निर्माणका लागि ठेक्का सम्झौता सम्पन्न भएको छ ।
- औद्योगिक उपजको बजारीकरणलाई टेवा पुऱ्याउने उद्देश्यका साथ धादिङ स्थित गल्छी ४, मासटारमा उद्योग उपज बिक्री केन्द्रको पूर्वाधार निर्माणको कार्य शुरु गरिएको छ ।
- यस समिक्षा अवधिमा उद्योग दर्ता, नविकरणको कार्य निरन्तर भएको छ । यस अवधिमा ७८३५ उद्योग नयाँ दर्ता भएका छन् भने ४४०७ वटा उद्योग नवीकरण भएका छन् । यसका साथै यस अविधमा ३०८८७ रोजगारी सिर्जना भएको छ। यसैगरी यस अवधिमा ३८८९ नयाँ व्यापारिक फर्म दर्ता हुनुका साथै ३४२५ फर्म नवीकरण भएका छन् ।

## ३.४ वन तथा वातावरण

- समिक्षा अवधिमा मन्त्रालयबाट जडीबुटी एवं गैह्रकाष्ठ वन पैदावार विकास बोर्ड नियमावली २०७८, वातावरण संरक्षण नियमावली २०७८, जडीबुटी एवं गैह्रकाष्ठ वन पैदावार विकास बोर्ड नियमावली २०७८, वातावरण संरक्षण नियमावली २०७८ को मस्यौदा तयार भएको छ ।
- भू तथा जलाधार संरक्षण तथा ब्यवस्थापन कार्यमा सहजता ल्याई बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न मकवानपुर, रामेछाप र नुवाकोट जिल्लामा नयाँ भू तथा जलाधार ब्यवस्थापन कार्यालयहरुको स्थापना भएको छ।
- यस अविधमा यस मन्त्रालय अन्तर्गत विभिन्न राजश्व शिर्षकहरुमा रू. ६७३०२०००/- राजश्व संकलन भएको छ ।
- जलवायू परिवर्तन न्यूनीकरण तथा अनुकुलन कार्यक्रम अन्तरगत जल पूर्नभरण पोखरी निर्माण / संरक्षण पोखरी निर्माण, विभिन्न प्रजातीको वृक्षारोपण, वन डढेलो नियन्त्रण लगायतका कार्य डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत कार्यान्वयन भइरहेको छ।
- शहरी क्षेत्रका नदी किनार जग्गा, नदी उकास जग्गा, सार्वजनिक पर्ती, ऐलानी जग्गाहरुमा शहरी वन कार्याक्रम लगायतका कार्य डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत कार्यान्वयन भइरहेको छ।

- भू संरक्षण तथा अनियमित कटान नियन्त्रणका लागि वन गस्ती, वन डडेलो नियन्त्रण दस्ता परिचालन तथा आवश्यक सामाग्री खरिद लगायतका कार्य डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत कार्यान्वयन भइरहेको छ।
- टिमुर, अमला, सतुवा, चिराइतो, लौठसल्ला आदि जस्ता प्रजातीको जडीबुटी विरुवा उत्पादन/खरिद गरि जडिवुटी खेती गर्ने कार्य डिभिजन वन कार्यालयहरु मार्फत कार्यान्वयन भइरहेको छ।
- उप जलाधार ब्यवस्थापन कार्यक्रम(उपजलाधार ब्यवस्थापन योजनामा तोकिएको कार्यक्रम, एक उपजलाधार क्षेत्रमा मात्र) भू तथा जलाधार ब्यवस्थापन कार्यालयहरुबाट कार्यान्वयन भइरहेको छ ।

## ३.५ संस्कृति, पर्यटन मन्त्रालय

- मन्त्रालय अन्तर्गतको पर्यटन विकास आयोजनाको कार्य प्रभावकारी र छिटो छरितो गर्न तथा सेवाग्राहीको सरल पहुँच स्थापना गर्ने अभिप्रायले संघीय राजधानी काठमाण्डौमा पर्यटन विकास आयोजनाको ईकाइ कार्यालयको स्थापना भई कार्य संचालन प्रारम्भ भएको छ ।

## ३.६ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण

- सहकारी क्षेत्रमा क्षमता अभिवृद्धि गर्ने अभिप्रायले सहकारी प्रशिक्षालय भरतपुरबाट दुईवटा सहकारी आधारभूत व्यवस्थापन तालिम र एक-एक वटा सहकारी लेखापालन तालिम तथा सिप विकास तालिम गरी सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गरिएको।
- चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिसम्ममा २०५ सहकारी संस्था एकीकरण भई ८५ वटामा कायम भएको छ भने १८७ प्रारम्भिक सहकारी संस्था दर्ता भएका छन्।
- समीक्षा अवधिसम्ममा २८४ सहकारी संस्थाको विनियम संशोधन भएको छ। साथै ७९ वटा उजुरीहरुको छानविन र कारवाही प्रक्रिया अघि बढाईएको छ।
- मन्त्रालयको नियमन क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुको संख्यात्मक विवरण तालिका २.९ मा रहेको छ।

**तालिका २.९ कार्यप्रकृतिको आधारमा सहकारी वर्गीकरण र सोको विवरण**

| क्र.सं. | कार्य प्रकृतिका आधारमा सहकारी वर्गीकरण | सहकारी संख्या |
|---|---|---|
| १ | बचत तथा ऋण | १५१७ |

| क्र.सं. | कार्य प्रकृतिका आधारमा सहकारी वर्गीकरण | सहकारी संख्या |
|---|---|---|
| २ | बहुउदेश्यीय | ९१० |
| ३ | कृषि | २५० |
| ४ | दुग्ध | ४८ |
| ५ | अन्य | २१८ |
| **जम्मा** | | **२९४३** |

*स्रोत: भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय*

## ३.७ कृषि तथा पशुपन्छी विकास

- यस समिक्षा अवधिमा प्रदेश कृषि विकास विधेयक, २०७८ र प्रदेश पोल्ट्री विकास विधेयक, २०७८ बमोजिम प्रदेश पोल्ट्री विकास बोर्ड गठनको मस्यौदाको तयारी कार्य शुरू भएको छ ।
- चालु आर्थिक वर्षको अर्धवार्षिक अवधि सम्ममा चितवनको खैरहनी न.पा., धादिङ्गको बेनीघाट रोराङ्ग गा.पा., सिन्धुलीको सुनकोशी गा.पा., रामेछापको मन्थली न.पा., दोलखाको जिरी न.पा., सिन्धुपाल्चोकको इन्द्रावती गा.पा. र लिशंखुपाखर गा.पा., रसुवाको कालिका गा.पा., नुवाकोटको बिदुर न.पा. र बेलकोटगढी न.पा. गरी ८ जिल्लाका १० स्थानमा शीत भण्डार निर्माण कार्य ७६ प्रतिशत सम्पन्न भएको छ, उपर्युक्तका सबै शीतभण्डारको निर्माण चालु आ.व.मा सम्पन्न भएपश्चात १५,८०० मे.ट. फलफुल तथा तरकारी भण्डारण क्षमतामा सञ्चालनमा आउने छ ।
- मानव  र वन्यजन्तुविच द्वन्द्व न्यूनीकरण तथा कृषि बालीको सुरक्षाको लागि चितवन राष्टिय निकुञ्ज तथा मध्यवर्ति क्षेत्रका उपभोक्ता र स्थानीय तहको समन्वयमा चितवन राष्ट्रिय निकुञ्जमा पर्खाल निर्माण गर्ने कार्य चालु आर्थिक वर्षमा समेत सुचारू रहेको छ । हाल सम्ममा ९.६६ कि.मि. पर्खाल निर्माण कार्य सम्पन्न भई सकेको चालु आर्थिक वर्षको समिक्षा अवधिसम्ममा १.१६ कि.मी. पर्खाल निर्माण भएको छ।
- प्रदेशको बहुवर्षीय योजनाको रूपमा मकवानपुर जिल्लाको हेटौंडामा निर्माणाधिन दुध पाउडर प्लान्ट को हालसम्ममा ४० प्रतिशत कार्य सम्पन्न भएको छ ।

- कृषक सम्म बजारको पहुँच स्थापना गर्न र कृषि उपजको बजारीकरणका लागि हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा हेटौंडा-११ मा निर्माणाधिन प्रादेशिक कृषि थोक बजारको निर्माण कार्य २५ प्रतिशत सम्पन्न भएको छ ।
- कृषि उपजहरुको उत्पादन पश्चात हुने क्षतिको न्यूनीकरण तथा सुरक्षित भण्डारण गर्न स्थानीय तहको साझेदारी र समन्वयमा समूह, सहकारी तथा निजी क्षेत्रबाट संचालन हुने गरी फेब्रिकेटेड कोल्ड च्याम्बर निर्माणका लागि ३१ वटा प्रस्ताव छनौट भई बोलपत्र आव्हान भएको।
- सिँचित क्षेत्र विस्तार गरी कृषि उत्पादनमा वृद्धि गर्न २५ स्थानमा डिप बोरिङ्ग जडानका लागि सम्भाव्यता अध्ययन (Geo-physical survey) हुने क्रममा रहेको छ। त्यसैगरी ७५ स्थानमा लिफ्ट सिँचाई योजना कार्यान्वयनका लागि सम्भाव्यता अध्ययन (DPR) हुने क्रममा रहेको।
- यस अवधिमा मौरीपालन विकास कार्यक्रम, भण्डाराबाट उत्पादन भएको ९०० के.जी. महको बिक्रीबाट रु. ३ लाख ६० हजार राजश्व आम्दानी भएको छ।
- मत्स्य विकास केन्द्रहरुबाट ह्याचलिङ्ग २ करोड ४५ लाख, फ्राई ३० लाख ५० हजार, फिङ्गरलिङ्ग २ लाख ९८ हजार र खाने माछा १८२० के.जी. उत्पादन तथा बिक्री वितरण भएको छ । यसबाट १८ लाख ५० हजार २ सय राजश्व आम्दानी भएको छ।
- यस अवधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहत सञ्चालनरत बीउ बिजन प्रयोगशाला, हेटौंडालाई प्रदेश बीउ बीजन व्यवस्थापन समितिको सचिवालयको रुपमा कार्य गर्ने गरी प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रमा रुपान्तरण गरिएको छ।
- कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको रुपान्तरण गरी कृषि क्षेत्रको समग्र विकासमा टेवा पुर्‍याउने उद्देश्यका साथ कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको रूपान्तरणको ५१ बुँदे मार्गचित्र सार्वजनिक गरिएको छ।
- खोरेत रोग नियन्त्रणको लागि जिल्लास्थित कार्यालयहरुवाट कृषकको घरघरमा पुगेर अनुगमन, नियन्त्रण तथा खोप लगाईएको छ। हालसम्म बागमती प्रदेशका विभिन्न जिल्लाका ७५,०१७ वटा गाई, भैसि, बंगुरमा खोप लगाई रोग नियन्त्रण गर्ने काम सम्पन्न भएको छ।
- भेडा बाख्रामा लाग्ने पिपिआर (Peste Des Petits Ruminants) रोग नियन्त्रण तथा रोकथामको लागि सप्ताहव्यापी खोप अभियान सञ्चालन कार्ययोजना, २०७८ बमोजिम माघ २५ देखि फागुन २ गतेसम्म बागमती प्रदेशको १३ वटै जिल्लाहरुमा खोप अभियान सञ्चालन गर्न तयारी सम्पन्न गरिएको छ ।
- बेमौसमी वर्षाले धानवालीमा गरेको क्षतिको विवरण संकलनको लागि Rapid Response Team को गठन भई क्षतिको विवरण संकलन गरि संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय,

सिंहदरवार पठाईएको छ। प्रदेशमा बेमौसमी वर्षाका कारण धानबालीमा क्षति व्यहोरेका कृषकहरु लक्षित गहुँ/तोरी बालीको बीउमा राहत वितरण सम्बन्धी कार्यविधि, २०७८ बमोजिम कार्यक्रम कार्यान्वयन भईरहेको छ।

- यस मन्त्रालय मार्फत कृषि, पशुपन्छी लगायतका क्षेत्रमा विभिन्न व्यक्ति, संस्थाहरूलाई विभिन्न कार्यक्रम अन्तर्गत अनुदान प्रदान भईरहेकोमा यस्ता अनुदान कार्यक्रमहरुको प्रभावकारिता तथा आवश्यकता सम्बन्धमा अध्ययन आवश्यक भएकाले यस समिक्षा अवधीमा विभिन्न अनुदान कार्यक्रमहरूका सम्बन्धमा अध्ययन गरी मन्त्रालयलाई पृष्ठपोषण दिने प्रयोजनार्थ उच्चस्तरीय अध्ययन समितिबाट गठन गरी सो समितिबाट कार्य प्रारम्भ भएको छ ।

## ३.८ भौतिक पूर्वाधार विकास तर्फ

- दक्षिण एसियाको पहिलो सुरूङ्ग मार्गको रुपमा चर्चित तथा ऐतिहासिक महत्व बोकेको चुरियामाई सुरुङ मार्गको पुरात्व विभागको सँग समन्वय गरी मन्त्रालयबाट पुननिर्माण तथा जिर्णोधारको कार्य भईरहेको छ।
- प्रदेश राजधानीलाई संघीय राजधानी सँग जोड्ने मुख्य राजमार्गको भैंसे भीमफेदि खण्डको ११.५० कि.मी. सडक स्तरोन्नति कार्य अन्तर्गत सडक चौडा तथा स्ट्रक्चर निर्माण कार्य भईरहेको छ।यसैगरी दक्षिणकाली छैमले खण्डमा सडक चौडा तथा स्ट्रक्चरहरुको निर्माण कार्य भईरहेको, कुलेखानी देखि सिस्नेरी तर्फा ६ कि.मि. सडक कालोपत्रे अन्तिम चरणमा रहेको छ तथा सिस्नेरी छैमले खण्डको स्तारोंनातिको ठेक्का सम्झौताको क्रममा रहेको छ।
- प्रदेश सभा हल एवम् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभा हलको निर्माण कार्य भईरहेको छ। मुख्यमन्त्री तथा मन्त्रालय भवनको लागत अनुमान स्वीकृतिको क्रममा रहेको छ।
- आवश्यकता अनुसार वायो ईन्जीनियरिंग तथा सडक सुरक्षाका पूर्वाधारहरु आयोजनामा नै समावेश गरी ठेक्का व्यवस्थापन भई निर्माण कार्य भईरहेको।
- प्रमुख प्रादेशिक सडकहरुको नियमित, पटके तथा आकस्मिक मर्मत सम्भार कार्य अन्तर्गत आवश्यकता अनुसार सडक हेरालुद्वारा नियमित मर्मत सम्भार तथा आकस्मिक मर्मत सम्भारको कार्य भईरहेको छ।
- काठमाडौं उपत्यकाको काँठ क्षेत्रलाई समेटी कुल १५५ किमि सडकलाई ६ वटा खण्डमा विभाजन गरी काठमाडौं जिल्लामा चार खण्ड, ललितपुर र भक्तपुरमा १/१ खण्ड सडक स्तरोनति कार्य अन्तर्गत ठेक्का व्यवस्थापन भई निर्माण कार्य भईरहेको छ।
- प्रदेशमा सडक पूर्वाधारको हालसम्मको अवस्था तालिका २.१० मा प्रस्तुत गरिएको छ।

**तालिका २.१० हालसम्मको सडक पूर्वाधारको अवस्था**

| क्र.सं. | विवरण | एकाई | उपलब्धि | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आ.व. ०७५/७६ | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ | आ.व. ०७८/७९* | जम्मा |
| १ | **सडक पूर्वाधार** | | | | | | |
| क) | कच्ची सडक | कि.मि. | ३९५.९९ | १३९.४९ | ६६.०८ | ५२.९ | ६५४.४६ |
| ख) | ग्राभेल (खण्डस्मिथ) सडक | कि.मि | १४१.८३ | १९०.६२ | २४६.४१ | ४३.२ | ६२२.०६ |
| ग) | कालोपत्रे सडक | कि.मि. | ६७.५९ | १५२.७५ | १९९.०५ | ५७ | ४७६.३९ |
| घ) | ढलान सडक | कि.मि | - | ४०.५५ | ४०.३५ | १४.८ | ९५.७ |
| २ | **सडक पुल** | गोटा | १४ | १८ | १८ | ७ | ५७ |
| ३ | **झोलुंगे पूल** | गोटा | | | १ | | १ |

## ३.९ ऊर्जा जलस्रोत तथा सिँचाइ

- यस मन्त्रालय अन्तर्गत सिँचाईका विभिन्न योजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन्। हालसम्म ३९० हेक्टर जमिनमा सुधारिएको सिँचाई सेवा पुगेको छ ।
- हाल सम्ममा १० वटा नदी नियन्त्रणका योजनाहरु सम्पन्न भएका छन् ।यसैगरी निर्माणाधीन समेत गरी
- ३.९ किमी तटबन्धको कार्य सम्पन्न भएको छ ।यसैगरी लिफ्ट सिंचाइ योजनाहरुको निर्माण कार्य सञ्चालन भइरहेको,
- प्राकृतिक पानीका स्रोतहरूको व्यवस्थापन गरी दिगो व्यवस्थापनको लागि विभिन्न पुराना राजकुलो निर्माण, मर्मत तथा पोखरी, तालतलैया संरक्षणको कार्य भइरहेको छ ।
- सिँचाई पूर्वाधार सँग सम्बन्धित विभिन्न पूर्वाधारहरूको मर्मत सम्भारका योजनाहरु द्रुत गतिमा कार्य भईरहेको छ। हाल नारायणी लिफ्ट प्रणाली पम्प हाउस-ए को आधुनिकीकरणको निम्ति मोटर र पम्प निर्माण कार्य भइरहेको छ ।

## ३.१० खानेपानी तथा सरसफाई

- समीक्षा अवधिमा खानेपानी सेवाको लागि ९९.६ कि.मि. मेन पाइपलाइन विस्तार गरिएको छ।
- खानेपानी सेवाको पहुँचका लागि १७६.८ कि.मि. सम्म पाइप लाइन वितरण गरिएको छ।
- २६४० घन मिटर क्षमता भएको ७४ वटा पानी पोखरी निर्माण गरिएको छ।

- सर्वसाधारण जनतामा खानेपानी सेवाको लागि ५४४१ निजी धारा जडान गरिएको छ।
- समीक्षा अवधिमा यस प्रदेशका ३०४६२ जनताहरु लाभन्वित भएको छ।

## ३.११ श्रम, रोजगार तथा यातायात मन्त्रालय

- प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७८ को मस्यौदा तयारी भईरहेको छ। साथै प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युत्तीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८ प्रदेश सरकारबाट स्वीकृत भएको छ।
- सवारी चालक अनुमतिपत्र परिक्षा सञ्चालन प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत हुनुका साथै सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा स्थल (छनौट/सञ्चालन) सम्बन्धी कार्यविधिको मस्यौदा तयारी भएको छ।
- अनलाईन प्रणालीमा मार्फत राजश्व संकलनको जम्मा कारोबार संख्या १२ हजार ४ सय ४० रहेको छ भने यस प्रणाली मार्फत कार्यालयहरुमा संकलित राजश्व रु.६ करोड ४ लाख २२ हजार रहेको छ।
- यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र कार्यालयहरुबाट समिक्षा अवधिसम्ममा कुल १२ सय ९५ नयाँ सवारी चालक अनुमति पत्र जारी भएको छ भने २० हजार २ सय ५८ सवारी चालक अनुमति पत्र नवीकरण भएको छ।
- समिक्षा अवधिमा कुल ११ सय ७४ सवारीचालक अनुमति पत्र प्रतिलिपि जारी भएको छ भने नयाँ जारी भएका, नवीकरण भएका र प्रतिलिपि जारी भएका गरि कुल ३३ हजार ५ सय २७ सवारीचालक अनुमतिपत्र प्रदान गरिएको छ।

## ३.१२ आन्तरिक मामिला तथा कानून मन्त्रालयः

- समिक्षा अवधिमा विपद् खोज उद्धार तथा राहत विवरण मापदण्ड सम्बन्धी कार्यविधि,२०७८, प्रदेश सञ्चार माध्यम व्यवस्थापन (तेश्रो संशोधन) नियमावली, २०७८, प्रदेश विशिष्ट व्यक्तिहरुको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ।
- यस अर्धवार्षिक अवधिमा ऐन-१, नियमावली-२, कार्यविधि-११, आदेश-१ र १५ सूचना गरी कुल ३० वटा कानून राजपत्रमा प्रकाशन गरिएको छ।
- यस मन्त्रालबाट सूचना बैंकको निर्माणको कार्य प्रारम्भ भएको छ ।हालसम्म प्रदेशका १४ ओटा केन्द्रीय निकायहरूको वेबसाईटका सूचनाहरूलाई एकीकृत गरी एउटै वेबपोर्टलबाट स्वतः प्रकाशित हुने व्यवस्था मिलाइएको छ ।

- प्रदेश सरकारबाट निर्माण भएका कानूनहरूलाई एकिकृत गरी सजिलो रूपमा हेर्न सकिने गरी हालसम्म तर्जुमा भएका कानूनहरूलाई कानून एपमार्फत हेर्न मिल्ने व्यवस्था मिलाइएको छ।
- यस अवधिमा स्थानीय तहमा खटाइएका न्यायिक सहजकर्ताको क्षमता अभिवृद्धि गरी स्थानीय तहको कार्यसम्पादनमा प्रभावकारीता अभिवृद्धि गर्न १०३ जना न्यायिक सहजकर्तालाई अभिमुखीकरण तथा क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको छ ।यसैगरी स्थानीय तहमा कार्यरत कर्मचारीहरुको लागि मेलमिलाप, कानून निर्माण र राजपत्र सम्पादन तथा प्रकाशन सम्बन्धी तालिम दुई चरणमा सम्पन्न गरिएको छ।
- प्रदेशभित्र घटेका विपद्को घटनाको लागि वितरण हुने राहतको लागि सम्बन्धित जिल्लाबाटै वितरण हुने गरी कानून व्यवस्था गर्न "विपद् खोज, उद्धार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७८" निर्माण भई कार्यान्वयनमा आएको छ ।
- यस अर्धवार्षिक अवधिमा विषयगत मन्त्रालयका विपद् फोकल पर्सनको संलग्नतामा मन्त्रालयको आयोजना र कुरिनटारस्थित सशस्त्र प्रहरी बल विपद् तालिम शिक्षालयको समन्वयमा डोरीबाट हुने उद्धार कार्यको Drill अभ्यास गरिएको छ ।
- प्रदेशका विशिष्ट व्यक्तिहरुको सुरक्षामा खटिएका सुरक्षाकर्मीहरुलाई छुट्टै पोशाक प्रदान गर्न कार्यविधि निर्माण गरी वितरण हुने चरणमा रहेको छ।

## ३.१३ स्वास्थ्य

- “एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८” स्वीकृत भई विद्यालय नर्स छनौट कार्य प्रकृयामा रहेको।
- स्वास्थ्य आमा समूहलाई स्वास्थ्य प्रवर्द्धन प्रविधिको अनुशरणका लागि साना अनुदान सम्बन्धी कार्यविधि, २०७८ प्रदेश मन्त्रीपरिषद्बाट स्वीकृत भएको र कार्यान्वयनको चरणमा रहेको।
- कोभिड-१९ विरूद्धको खोपको व्यवस्थापन नेपाल सरकारबाट गरिने भनि प्रतिवद्धता भए अनुसार प्रदेश सरकारको मन्त्रालयले जिल्ला स्थित स्वास्थ्य कार्यालय मार्फत स्थानीय सरकार सँगको समन्वय तथा सहकार्यमा खोप सेवा निरन्तर प्रवाह गरेको छ
- कोभिड-१९ को निःशुल्क परीक्षणको व्यवस्था मिलाउनका लागि जनस्वास्थ्य प्रगोगशाला धुलिखेल लगायत प्रदेश सरकार अन्तर्गतका १३ अस्पतालहरु मध्ये ६ वटा (बकुलहर, धादिङ्ग, रामेछाप, चरिकोट, बज्रबाराही र चौतारा) अस्पतालमा पिसिआर ल्याब स्थापना गरी कोभिड-१९ को द्रुत परिक्षण सेवा सञ्चालनमा ल्याइएको छ । प्रदेश अन्तर्गतका १२ वटा अस्पतालमा अक्सिजन प्लान्ट, (booster,piping सहित) जडान गर्ने कार्य सम्पन्न भई सेवा सञ्चालनमा ल्याइएको छ ।

- कोभिड-१९ लगायत महामारी जन्य रोगहरूको रोकथाम, उपचार र नियन्त्रणका कार्यमा पहिलो र दोश्रो लहरमा अग्रपत्तिमा खटिएका ४६९ जना स्वास्थ्यकर्मीको करार सेवा थप गरिएको छ । स्वास्थ्यकर्मीहरूलाई सेवा करारमा लिने व्यवस्थालाई सहजीकरण गर्नका लागि "चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८" निर्माण गरिएको छ ।
- १२४ विद्यालयमा किशोर किशोरी लक्षित प्रजनन तथा यौन स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालनमा छ । १२४ विद्यालयका १२४ स्वास्थ्य शिक्षक र २४८ साथी शिक्षकलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी तालिम प्रदान गरिएको छ । ५० विद्यालयलाई सूचना सञ्चार सामग्री (ल्यापटप, एल,सि डी प्रोजेक्टर) व्यवस्थापन गरिएको छ ।
- क्यान्सर रोग लागेका विपन्न नागरिकलाई उपचारमा सहुलियत प्रदान कार्यक्रम अन्तर्गत बागमती प्रदेशका सरकारी तथा निजि गरी १२ वटा अस्पताल सँग सम्झौता गरी कार्यक्रम सहुलियत प्रदानमा निरन्तरता दिइएको छ । हाल सम्म ३ करोड ५२ लाख २१ हजार बराबरको रकम सहुलियत प्रदान गरिएको छ ।
- सवारी दुर्घटनाबाट हुने घाईतेको उपचारका लागि राजमार्गमा अवस्थित गजुरी गाउँपालिका, मनहरी गाउँपालिका, मन्थली नगरपालिका, मेलम्ची नगरपालिका, स्थित स्वास्थ्य संस्थामा प्राथमिक उपचार व्यवस्थापनको लागि औजार उपकरण व्यवस्थापन गरिएको छ ।
- स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड (MSS) मापन कार्यक्रम मेथिनकोट, रसुवा, हेटौंडा, सिन्धुली, धादिङ्ग, त्रिशुली अस्पतालमा सम्पन्न गरिएको छ । जस अन्तर्गत ९४% र ९३% अंक ल्याई त्रिशुली अस्पताल, धादिङ्ग अस्पताल क्रमशः नेपालको हाल सम्मको २ उत्कृष्ट अस्पताल भएको ।
- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई आधुनिक र व्यवस्थित बनाउन भौतिक पूर्वाधार विकास तथा उपकरणको व्यवस्थाको लागि बजेट व्यवस्थापन गरिएको छ । प्रतिष्ठानले शैक्षिक कार्यक्रमलाई प्रभावकारी बनाउन धादिङ्ग र बकुलहर रत्ननगर अस्पताल सँग सम्झौता गरेको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन संसोधनको प्रक्रियामा रहेको ।
- मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवालाई सुदृढीकरण गरी कुपोषण रोकथाम र मातृ तथा बाल स्वास्थ्य समस्याको न्यूनीकरणका लागि विशेष कार्यक्रमहरु निरन्तरता दिइएको छ । अति सिमान्कृत एवम् लोपोन्मुख समुदायका आमाहरु स्वास्थ्य संस्थामा प्रसुती गराएमा र बालबालिकाहरुलाई पूर्ण खोप लगाएमा प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ ।

- रक्तसञ्चार सेवामा प्रयोग हुने ब्लड ब्याग सेट र रक्त परीक्षण प्रदेश भित्र निःशुल्क रुपमा उपलब्ध गराउनको लागि "प्रदेशका स्थायी बासिन्दाको उपचारका लागि रक्तसञ्चार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७८" स्वीकृत गरि कार्यान्वयनमा रहेको।

- सामुदायिक तथा गैह्र नाफाँमुलक अस्पतालाई सेवा प्रवाह गर्न अत्यावश्यक चिकित्सकिय औजार, उपकरण वा भौतिक पूर्वाधार निर्माणको लागि सामुदायिक तथा गैह्र नाफामुलक अस्पताललाई पुँजिगत सुधार/विस्तार अनुदान (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ स्वीकृत गरि कार्यान्वयनको चरणमा रहेको।

- प्रदेश पूर्वाधार स्वास्थ्य प्रवर्दन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ स्वीकृत गरि कार्यान्वयनको चरणमा रहेको।

- बागमती प्रदेशका १२४ माध्यमिक विद्यालयका स्वास्थ्य शिक्षक, २४८ साथी शिक्षक (छात्र, छात्रा) लाई किशोर किशोरी लक्षित यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी तालिम प्रदान गरिएको छ । त्यस्तै ५० विद्यालयलाई सूचना सञ्चार सामग्री (ल्यापटप, एल,सि डी प्रोजेक्टर) व्यवस्थापन गरिएको छ ।

- प्रसुती केन्द्रलाई वतावरण अनुकुल बनाउन सौर्य उर्जा जडानका लागि बोलपत्र आह्वान गरिएको छ । आ.व. २०७८/०७९ मा कालिन्चोक स्वास्थ्य चौकी, दोलखा; फुलखर्क ग्रामिण अस्पताल, धादिङ्ग र भाल्चे स्वास्थ्य चौकी, नुवाकोटमा जडानको याजना तयार गरी प्रक्रिया अघि बढाईएको छ ।

- मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमः शहिद गंगालाल राष्ट्रिय हृदयकेन्द्र सँग हृदयघात रोग उपचारमा सहजीकरण कार्यक्रमको लागि शहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रलाई अनुदान प्रदान गरिएको र सो कार्यक्रम कार्यान्वयनमा रहेको।

## ३.१४ सामाजिक विकासः

- आ.व.२०७८/७९ को अर्धवार्षिक अविधमा तर्जुमा भएका कानुनहरु निम्नानुसार रहेका छन्।

- प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (शिक्षा तर्फ सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८

- सामुदायिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला (ICT Lab) स्थापना सम्बन्धी कार्यविधि, २०७८,

- सामुदायिक विद्यालयमा विज्ञान, विषयगत र सूचना प्रविधि प्रयोगशाला स्थापना सम्बन्धी कार्यविधि, २०७८,
- सामुदायिक क्याम्पसको भौतिक सबलीकरण अनुदान सम्बन्धी कार्यविधि, २०७८
- एक विद्यालय एक उद्यम कार्याक्रम सञ्चालन कार्यविधि, २०७८
- मन्त्रालय र मातहतका निकायबाट सञ्चालन गरिने कार्यक्रमहरुको कार्यसञ्चालन मार्गदर्शन, २०७८/०७९
- सामाजिक विकास महाशाखासँग सम्बन्धित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८
- चालु आ.व. २०७८।७९ को मन्त्रालयअन्तर्गतको नीति तथा कार्यक्रम, बजेट वक्तव्य र वार्षिक कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना (Mile Stone) तयार गरी कार्यन्वयनमा ल्याइएको,
- आ.व. २०७८।७९ को वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन स्वीकृत भई कार्यान्वयनमा रहेको,
- मिति २०७८ आश्विन ११ गते बागमती प्रदेशलाई ९७.२२ प्रतिशत साक्षरता सहित नेपाल कै पहिलो साक्षर प्रदेशको रुपमा घोषणा गरिएको,
- ज्येष्ठ नागरिकलाई गर्नु पर्ने व्यवहारसम्बन्धी अनुरोध पत्र तयार गरिएको,
- प्रदेश शिक्षा ऐनको मस्यौदा तयारीका लागि विज्ञसँग सम्झौता गरी मस्यौदा तयारीको कार्य अन्तिम अवस्थामा रहेको,
- सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान, विषयगत तथा सूचना प्रविधि प्रयोगशाला स्थापना र सूचना प्रविधि प्रयोगशाला (ICT Lab) स्थापनाका लागि प्रस्ताव माग गरी कार्यक्रम छनौट कार्य अन्तिम चरणमा रहेको,
- कार्यक्रम पुस्तिकामा समावेश ११४ विद्यालयहरुमा सूचना प्रविधि, विज्ञान तथा विषयगत प्रयोगशाला स्थापना गर्ने कार्यक्रम अन्तर्गत ६० विद्यालयसँग सम्झौता भएको र बाँकी विद्यालयको सम्झौता हुने क्रममा रहेको,
- स्वीस सरकारको सहयोगमा सञ्चालित नेपाल दिगो तथा सम्मानित रोजगारका लागि सीप परियोजना (दोस्रो चरण) कार्यान्वयको लागि परियोजना निर्देशक समिति र परियोजना कार्यान्वयन समिति गठन गरी कार्यान्वयनमा लगिएको,

- व्यवसायिक सीप विकास तालिमहरूको मानक निर्धारण एवं गुणस्तरीयता मापन गरी प्रमाणिकरण गर्न नेपाल व्यवसायिक सीप परीक्षण परियोजना कार्यान्वयनको लागि तयारी भइरहेको,
- युवा वैज्ञानिक प्रोत्साहन कोषमा प्राप्त दुई वटा प्रस्तावहरूलाई विज्ञबाट प्रारम्भिक मूल्याङकन गराउने कार्य भईरहेको,
- प्रदेश शिक्षा ऐन, प्रदेश विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, मानव बेचविखन तथा ओसारपसार विरुद्धको संरक्षण नीति, ज्येष्ठ नागरिक संरक्षण नीतिको प्रारम्भिक मस्यौदा प्राप्त भई सरोकारवालाहरू सँग सुझाव संकलन कार्य भईरहेको,
- सामाजिक विकास मन्त्रालय र वित्तीय हस्तान्तरण कार्यक्रम अन्तर्गत स्थानीय तहमा सम्पादन गरिने कार्यक्रमका सम्बन्धमा प्रदेशभित्रका सबै स्थानीय तहहरुलाई अभिमुखीकरण गरिएको,
- बाल सुधार गृहमा रहेका ५५ जना बालबालिकाहरूका लागि ३ दिने जीवनोपयोगी सीप विकास तालिम सम्पन्न भएको,
- सामाजिक क्षेत्रका संघ संस्थाहरुलाई अनुदान प्रदान गर्नका लागि सात (७) वटा संस्थाहरूसँग सम्झौता गरी कार्य अगाडि बढाइएको,
- ५ ओटा आवासीय विद्यालयहरूमा आवासीय रुपमा रहने वद्यार्थीको लागि संचालन खर्च वापत पहिलो किस्ता रकम निकासा गरिएको,
- विद्यालय भवन, खेल मैदान एवं घेराबारा निर्माण कार्यक्रम अन्तर्गत उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समिति तथा क्याम्पस सञ्चालक समितिमार्फत सम्पादन गर्ने गरी विभिन्न २० वटा आयोजनाहरुको कार्यसम्पन्न भई सकेको र १५१ वटा आयोजनाहरुको सम्झौता गरी निर्माण कार्य अगाडि बढाइएको
- जिरी प्राविधिक शिक्षालयको भवन निर्माण कार्य सम्पन्न भएको,
- मन्थली रंगशालाको जग्गा प्राप्तिको नेपाल सरकार, मन्त्रीपरिषदबाट निर्णयका लागि डिभिजन वन कार्यालय रामेछाप, वन विभाग र वन मन्त्रालयसँग समन्वय भईरहेको,
- शिक्षा तालिम केन्द्र धुलिखेलमार्फत प्राविधिक धार सञ्चालन भएका विद्यालय र प्राविधिक शिक्षालयमा कार्यरत ५० जना विषयगत प्रशिक्षकहरुको क्षमता विकास कार्यक्रम सम्पन्न भएको,
- वालविकास केन्द्रका ३० जना शिक्षकहरुको क्षमता अभिबृद्धिका लागि तालिम कार्यक्रम सम्पन्न भएको,

- आधारभूत तहका ५२ जना प्रधानाध्यापकहरुको नेतृत्व क्षमता अभिबृद्धिका लागि तालिम, ७४ जना शिक्षकहरुको क्षमता अभिबृद्धिका लागि ICT मा आधारित तालिम, २१ जना माध्यमिक तहका शिक्षकहरुको क्षमता अभिबृद्धिका लागि तालिम कार्यक्रम सम्पन्न भएको,
- माध्यामिक विद्यालयमा कार्यरत २६ जना खेलकुद शिक्षकहरुको लागि तालिम सम्पन्न भएको,
- विशेष शिक्षा अन्तर्गत विद्यालय तहमा कार्यरत १७ जना शिक्षकहरुको लागि तालिम सम्पन्न भएको,
- स्थानीय तहका ४९ जना शिक्षा अधिकृतहरुका लागि स्थानिय पाठ्यक्रम तथा पाठ्य सामग्री विकास सम्बन्धी क्षमता अभिबृद्धि तालिम सम्पन्न भएको,
- संघ र स्थानीय तहमा कार्यरत १९ जना शिक्षा सेवाका प्राविधिक सहायकहरुको ३० कार्य दिने सेवाकालिन तालिम सम्पन्न भएको,
- ११८ जना शिक्षकको पेशागत विकास तालिमको लागि प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको,
- आधारभूत तह (कक्षा १-५) को २६ जना, आधारभूत तह (कक्षा ६-८) को ६४ जना, माध्यामिक तहको ५६ जना शिक्षकहरुको लागि पेशागत विकास तालिम सम्पन्न भएको,
- माध्यामिक Pre-Diploma तहका ९७ जना स्वास्थ्य शिक्षकहरुलाई "किशोर किशोरीका लागि सूचना तथा व्यवहार" तालिम सम्पन्न भएको,
- व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरुमार्फत ८०७ जना लक्षित समुदायका युवा (महिला, दलित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति) हरुलाई लामो तथा छोटो अवधिका विभिन्न किसिमका व्यावसायिक तथा सीपमूलक सम्पन्न भएको,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत २२०० जनालाई उद्यमशीलता विकासका लागि सीपमूलक तालिमहरु प्रदान गरिएको,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद वागमती कार्यालयबाट तहको वार्षिक परीक्षाको र Diploma तहको प्रवेश परीक्षाको नतिजा प्रकाशन गरिएको,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट ८५२ जना Diploma तह र १७६ जना Pre-Diploma तहमा छात्रवृत्तिको लागि सिफारिस गरिएको,
- उच्च शिक्षा सम्बन्धी विधेयक प्रदेश सभा शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा छलफल भइरहेको।

- शिक्षा नीति, प्रदेश खेलकुद विकास नीति, प्रदेश युवा नीति, प्रदेश श्रम तथा रोजगार नीति र प्रदेश विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति सहित ५ नीतिको प्रारम्भिक मस्यौदा तयार भई सो मस्यौदा माथि विज्ञ, सरोकारवालहरुसँग छलफल र सुझाव संकलन गरी मस्यौदालाई अन्तिम रूप दिने तयारी भएको,
- कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन मुख्यमन्त्री र मन्त्री, मन्त्री र सचिव, सचिव र महाशाखा प्रमुख एवं विभागीय प्रमुखको बीच कार्य सम्पादन सम्झौता सम्पन्न भएको,
- मन्त्रालयबाट सम्पादन गरिने महत्त्वपूर्ण व्यवस्थापकीय कार्य एवं समस्याहरूको सम्बन्धमा छलफल गरी समाधान गर्न Senior Management Team (SMT) गठन भई कार्य भइरहेको,
- मन्त्रालयको कार्य क्षेत्रभित्रका दिवसीय कार्यक्रमहरुः अन्तर्राष्ट्रिय साक्षरता दिवस, जेष्ठ नागरिक दिवस, मानव वेचविखन तथा ओसारपसार विरुद्धको दिवस, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बाल दिवस सम्पन्न गरिएको,
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान विभिन्न रचनात्मक कार्यक्रम गरी मनाइ रहिएको,
- प्रदेश स्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समिति र प्रदेश बालअधिकार समितिको नियमित बैठक बसी समितिलाई क्रियाशिल बनाइएको।

## ३.१५ युवा तथा खेलकुद

- प्रदेश खेलकुद विकास परिषद्को आर्थिक कार्यविधि नियमावली, २०७८ परिषद्बाट पारित भई मन्त्रालयमा पेश भएको छ।
- प्रदेश खेलकुद प्रतियोगिता सञ्चालन कार्यविधि, २०७८ मन्त्रालयबाट स्वीकृत भएको छ।
- जिल्ला खेलकुद विकास समितिको खाता सञ्चालन कार्यविधि, २०७८ परिषद्बाट पारित भई मन्त्रालयमा पेश भएको छ।
- प्रदेश स्तरीय खेल पुर्वाधारको उपयोग सम्बन्धी मापदण्ड २०७८ परिषद्बाट पारित भई मन्त्रालयमा पेश भएको छ।
- अन्तर्राष्ट्रिय युवा दिवशको सन्दर्भमा सप्ताह-व्यापी कार्यक्रम सम्पन्न गरिएको छ । यस अन्तर्गत रक्तदान कार्यक्रम,खुला म्याराथुन दौड प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, शिक्षामा गुणस्तरीयता विषयमा अन्तरकृया कार्यक्रम, प्रदेश युवा परिषद्को कार्यक्रमको प्रभावकारीताको सन्दर्भमा पत्रकार सँग अन्तरकृया, सप्ताहव्यापी कार्यक्रम समापन तथा पुरस्कार वितरण जस्ता कार्य सम्पन्न गरिएको छ।

- महिला आत्मरक्षा सम्बन्धी तालिम संचालन गरिएको छ । यसैगरी महिला हिंसा तथा साइवर क्राइम सचेतना तालिम संचालन गरिएको छ । साथै चेलिबटी बेचबिखन, महिला हिंसा, जातीय तथा लैंगिक विभेद, सुशासन सचेतना कार्यक्रम संचालन गरिएको छ ।
- प्रदेश युवा परिषद्का पदाधिकारी तथा जिल्ला युवा समितिका पदाधिकारीहरुलाई आवासीय कार्यक्रम अभिमुखिकरण संचालन गरिएको छ।
- प्रदेश युवा परिषद्को ऐन र नियमावली अनुसार खुला प्रतिस्पर्धा मार्फत यस संस्थाको लोगो तथा स्लोगान छनोट गरिएको छ ।

**खेलकुद तर्फ**

- प्रदेशका खेलाडीहरुको क्षमता अभिवृद्धि गर्न तथा विभिन्न खेलकुदहरूको उत्कृष्ट प्रशिक्षणा उपलब्ध हुने अवस्थाको सिर्जना गर्नका लागि एथलेटिक्स, तेक्वान्दो, रग्वी र व्याडमिन्टन खेलको प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।
- खेलकुदको नविन आयाम तर्फ रहेको साहसिक तथा पर्यटकीय खेलकुद प्रतियोगिता अन्तर्गत पर्ने रेस्लिङ, अल्ट्रा म्याराथन र साइक्लिङ प्रतियोगिता सम्पन्न।
- यस अवधिमा खेलपूर्वाधारको विकास तर्फ पनि उल्लेखनिय कार्य भएको छ । गौरीटार मकवानपुरमा रहेको अन्तर्राष्ट्रिय स्तरको खेलकुद प्रशिक्षण प्रतिष्ठानको खेलमैदानको दुवो गोड्ने, घाँस काट्ने लगायत संरक्षणको कार्य भइरहेको छ । यसैगरी खेल पुर्वाधार सम्बन्धमा खेलकुदका पदाधिकारी, प्रशिक्षक र पत्रकारसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
- शहिद स्मृति राष्ट्रिय फुटबल लिग प्रतियोगितामा अखिल नेपाल फुटबल संघसँगको साझेदारी कार्यक्रम सञ्चालन भइरहेको छ ।

## ३.१६ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्:

- प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएको कर्मचारीहरुको अभिलेख व्यवस्थापनको ल गि "प्रदेश किताबखाना (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७८" स्वीकृत भई अभिलेख व्यवस्थापनको कार्य शुरू भएको छ ।
- "प्रदेश विकास कार्यक्रम (विशेष) कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७८", प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको।
- प्रदेशका तथा स्थानीयतहका निजामती कर्मचारीहरूको व्यवस्थापनका लागि ऐनको मस्यौदा तयार गर्ने कार्य शुरू भएको छ । यस अवधिमा प्रदेश निजामती सेवा ऐनको समिति गठन भई मस्यौदा तयार भएको छ भने स्थानीय तहमा कर्मचारी र कार्यालयको व्यवस्थापन तथा सेवा प्रवाहसम्बन्धी कानुन तर्जुमाको क्रममा रहेको छ ।

- प्रदेश सरकारबाट प्रदेश सरकार कार्य विभाजन नियमावलीको अनुसूची हेरफेर अनुसारको 'सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (हाललाई अस्थायी)' स्वीकृत गरी कार्य जनशक्ति व्यवस्थापन भएको छ।
- प्रदेश भित्रका १३ जिल्लाको जिल्ला समन्वय समिति सहयोग कार्यक्रमका लागि विनियोजन भएको रु ५ करोड २० लाख विभिन्न जिल्ला समन्वय समितिलाई अख्तियारी प्रदान गरिएको छ ।
- प्रदेशको बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखापरेका समस्या र समाधानका उपायहरूका सन्दर्भमा प्रदेश विकास समस्या समाधान समितिको बैठकमा छलफल भई राष्ट्रिय विकास समस्या समाधान समितिमा पठाउनु पर्ने विषय तय गरिएको छ ।

## ३.१७ मुख्यन्यायधिवक्ता:

- प्रदेश सरकार र मातहत कार्यालयहरुले विभिन्न विषयहरुमा माग गरिएको कानूनी राय सल्लाह दिईएको,
- नियमित रुपमा प्रदेश सरकार तथा सो मातहतका कार्यालयहरु विपक्षी भएका सर्वोच्च अदालत तथा मातहतका र जिल्ला अदालतहरुमा रहेका मुद्दा हरुमा वहस, पैरवी तथा प्रतिरक्षाका साथै नियमित रुपमा मुद्दाको सम्बन्धमा गर्नु पर्ने कामहरु प्रभावकारी रुपमा सम्पादन गरिएको।
- कानून निर्माण प्रक्रियामा प्रारम्भिक मस्यौदा तयार गर्न, मन्त्रालयबाट मस्यौदा भई आएका कानूनी मस्यौदामा राय दिने र कानून मस्यौदा निर्माणमा सक्रिय सहभागिता जनाईएको,
- संघीय व्यवस्थामा सबै प्रदेशका मुख्य न्यायाधिवक्ताहरु बीच अनुभव आदान प्रदान कार्यक्रम रहेकोमा यस कार्यालयबाट गण्डकी प्रदेश र मधेश प्रदेशमा अन्तर प्रदेश भ्रमण कार्यक्रम सम्पन्न गरिएको।
- अदालतहरुबाट भएका फैसला र आदेशहरु कार्यान्वयनमा पहल।
- मकवानपुर जिल्लाको थाहा नगरपालिकामा समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम सञ्चालन गरिएको ।

## ३.१८ प्रदेश लोक सेवा

- प्रदेश लोक सेवा आयोगलाई श्रोत तथा साधनहरुको दृष्टिले सबल बनाउन आयोगलाई आवश्यक मेशिनरी एवं कार्यालय सामाग्रीहरुको टेण्डर गर्ने कार्य सम्पन्न भएको छ।

- यस अर्धवार्षिक अवधिसम्ममा विभिन्न सेवा/समूह/उपसमूह/तह तथा पदहरुको १०५७ जना माग पद संख्या मध्ये ७२१ जना बागमती प्रदेश अन्तर्गत प्रदेश मन्त्रालय वा अन्तर्गत र विभिन्न स्थानीय तहहरुमा सिफारिस भएको र २८० जना सिफारिस हुन बाँकी र ५५ जनाको परीक्षा हुन बाँकी रहेको छ। सोको विस्तृत विवरण तालिका नं. २.११ मा देखाईएको छ।

**तालिका नं. २.११ पदपुर्ति, सिफारिस र परीक्षा सम्बन्धी विवरण।**

| तह | माग पद संख्या | सिफारिस संख्या | सिफारिस हुन बाँकी | परीक्षा हुन बाँकी |
|---|---|---|---|---|
| चोथो तह | ४०३ | ३२४ | ७९ | |
| पाँचौ तह | ५४० | ३७६ | १६४ | |
| छैटौं तह | ११४ | २१ | ३७ | ५५ |
| **जम्मा** | **१०५७** | **७२१** | **२८०** | **५५** |

*स्रोत: प्रदेश लोकसेवा आयोग, बागमती प्रदेश।*

- आयोगबाट लिईने परीक्षाहरुको लागि आवश्यक १५ वटा पदको पाठ्यक्रम र शैक्षिक योग्यता निर्माण गरिएको छ।

## ३.१९ प्रादेशिक नीति र योजना

- आयोगबाट मिति २०७८।०५।०२ मा आ.व. २०७७।७८ को वार्षिक प्रगति समीक्षा तथा प्रदेश विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको छ ।,
- काभ्रेपलान्चोक, दोलखा, सिन्धुली, सिन्धुपाल्चोक जिल्लाका विभिन्न स्थानीय तहहरु — मकवानपुरगढी गाउँपालिका, कैलाश गाउँपालिका, बागमती गाउँपालिका, राक्सिराङ्ग गाउँपालिका, बकैया गाउँपालिका, थाहा नगरपालिका, इन्द्रसरोवर गाउँपालिका, बेथानचोक गाउँपालिका, महाभारत गाउँपालिका, धुलिखेल नगरपालिका, बनेपा नगरपालिका, रोशी गाउँपालिका, खानीखोला गाउँपालिका — मा बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा सम्बन्धी प्रारम्भिक अभिमुखीकरण सम्पन्न भएको छ,
- प्रदेश नीति तथा योजना आयोगको आ.व.०७७।७८ को वार्षिक प्रतिवेदन तयार भएको छ।
- स्थानीय तहको आ.व. २०७८।७९ मा आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना तयारीको लागि १५ वटा पालिकाहरुलाई छनौट गरिएको छ ।

- बागमती प्रदेशको सुशासन तथा समाजवाद उन्मुख प्रारम्भिक कार्यक्रम, २०७८ कार्तिक ९ गते प्रदेश मन्त्रिपरिषद्को अनुमोदनको लागि पठाएको छ ।
- कोभिड-१९ प्रतिकार्य सम्बन्धी वर्तमान अवस्थाको समीक्षा सम्बन्धमा स्वास्थ्य मन्त्रालय, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुखहरू, सरकारी अस्पतालका प्रमुखहरू, कोभिड प्रतिकार्यमा संलग्न प्रमुख संघसंस्थाहरूसँग Virtual Meeting सम्पन्न भएको छ ।
- योजना तर्जुमा विषयमा अनुभव आदानप्रदान सम्बन्धमा ७ वटै प्रदेशका योजना आयोगका माननीय उपाध्यक्षज्यूहरू, मा.सदस्यहरू, सचिवज्यूहरू र राष्ट्रिय योजना आयोगका मा.सदस्यज्यूको आतिथ्यतामा Virtual Meeting सम्पन्न भएको,
- मिति २०७८।०८।२३ मा आ.व. २०७८।७९ को प्रथम चौमासिक प्रगति समीक्षा तथा प्रदेश विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको छ।
- धादिङ्ग, नुवाकोट, रसुवा र मकवानपुरका ७ वटा स्थानीय तहहरूको आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न प्राविधिक सहयोग उपलब्ध गराईएको छ ।
- बागमती प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिमार्फत ३ जिल्लाका ३० स्थानीय तहहरुमा पूर्ण प्याकेज, ६ जिल्लाका ६१ स्थानीय तहहरूमा आशिंक प्याकेज र ४ जिल्लाका २८ स्थानीय तहहरूमा पोषण विशेष कार्यक्रम सञ्चालन भै पोषण प्रवर्द्धनात्मक कार्यक्रमहरू अगाडी बढाइएको छ।

# परिच्छेद -चार

## बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास

प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्दै विनियोजन दक्षता र खर्चको प्रभावकारीता अभिवृद्धिका लागि बागमती प्रदेश सरकार प्रतिवद्ध रहेको छ ।सिमित साधन स्रोतको अधिकत्तम परिचालन मार्फत समग्र प्रदेशको आर्थिक विकासको लागि योजनाबद्ध रूपमा कार्यक्रमहरू छनौट तथा बजेट विनियोजन मार्फत बजेटरी अनुशासन कायम गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयले सुधारका विभिन्न प्रयासहरू जारी राखेको छ ।

नेपालको संविधानले निर्दिष्ट गरेको सहकार्य, सहअस्तित्व र समन्वयको मुल मर्मलाई आत्मसाथ गर्दै यस मन्त्रालयले प्रदेशको क्षेत्राधिकार भित्रको बजेट प्रणाली तथा सार्वजनिक वित्त सँग सम्बन्धित क्षेत्रमा कार्य गरिरहेको छ । यसका लागि प्रदेशको आर्थिक कार्यप्रणाली सँग सम्बन्धित नीति/नियमहरूको तर्जुमा तथा कार्यान्वयन, यस सँग सम्बन्धि विद्यूतीय प्रणालीको प्रयोग तथा सुधार गरी सक्षम सार्वजनिक वित्त व्यवस्थापनका लागि कार्यहरू भईरहेका छन्।

प्रदेशले सञ्चालन गर्ने बहुवर्षीय प्रकृतिका आयोजना/कार्यक्रममा स्रोतको सुनिश्चितता मार्फत कार्यक्रम/आयोजनाहरूको प्रभावकारीता अभिवृद्धि गरी व्यवस्थित गर्ने उद्देश्यका साथ प्रदेशको बहुवर्षिय आयोजना सम्बन्धित मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ ।साथै बजेट तर्जुमा, छलफल, कार्यक्रम संशोधन/रकमान्तर लगायत मन्त्रालयको बजेट, योजना तथा कार्यक्रम महाशाखा सम्बन्धित कार्यलाई सुव्यवस्थित बनाउन प्रदेश बजेट कार्यसञ्चालन निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याईसकिएको छ ।यसैगरी प्रदेशको आर्थिक कार्य प्रणालीलाई समायनुकुल बनाउन तथा विद्यमान ऐन/नियमलाई संघीय ऐन/नियम अनुकुल हुने गरी तयार गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको मस्यौदा तयारीको कार्य अन्तिम चरणमा पुगेको छ । वित्तीय हस्तान्तरण अन्तर्गत प्रदेशबाट प्रदेश भित्रका स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानलाई व्यवस्थित गर्न तथा आन्तरिक आय कम भएका स्थानीय तहलाई विकास कार्यक्रममा बढी सहभागी गराउन प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधिको मस्यौदा तयार भएको छ ।प्रदेश सरकारका निकायहरुमा हुने कार्यसञ्चालन खर्चमा एकरुपता र मितव्ययीता कायम गर्न खर्चको मापदण्ड तर्जुमा गरी प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत भएको छ।

वित्तिय हस्तान्तरण अन्तर्गतका समपूरक तथा विशेष अनुदान प्रस्ताव तथा छनौट प्रक्रियालाई प्रणालीकृत गरी थप व्यवस्थित गर्न राष्ट्रिय योजना आयोग सँगको सहकार्यमा समपुरक तथा विशेष अनुदान माग सम्बन्धी प्रणाली सञ्चालनमा ल्याईएको छ । यसबाट स्थानीय तहबाट माग भई आउने योजना/कार्यक्रम छनौट र सो को प्रतिवेदन प्रणालीमा सुधार हुने अवस्था रहन्छ । यसका अतिरिक्त प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीलाई प्रयोगकर्ता मैत्री बनाई बजेट प्रणालीलाई

मन्त्रालयगत बजेट सूचना प्रणाली अनुरूप समायनुकुल परिमार्जन गर्न नेपाल सरकार अर्थ मन्त्रालय सँग समन्वय भईरहेको छ ।

सीमित साधन स्रोतबाट अधिकत्तम जनअपेक्षा तथा योजना/कार्यक्रमको व्यवस्थापन गर्नुपर्ने आजको आवश्यकतालाई मध्यनजर गर्दै यस चुनौतिको व्यवस्थापनको लागि पूर्वतयारी नभएका योजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन नगर्ने परपाटिको विकासका लागि कार्य थालनी भएको छ । यसका लागि राष्ट्रिय योजना आयोग सँगको सहकार्यमा आयोजना बैंकको प्रणाली प्रदेशमा सञ्चालन गर्ने तयारी शुरू भएको छ । यसका साथै आय तथा व्ययको प्रक्षेपणलाई प्रणालीगत गरी आयोजना तथा कार्यक्रमलाई मध्यमकालनीन संरचना भित्र राख्न मध्यकालिन खर्च संरचनाको प्रणाली समेत प्रदेशगत रूपमा सञ्चालन गर्न राष्ट्रिय योजना आयोगसँग सहकार्य गरिएको छ । यस्ता प्रयासहरूबाट सार्वजनिक वित्त व्यवस्थापनमा सुधार भई प्रदेशले सञ्चालन गर्ने समग्र आर्थिक क्रियाकलाहरू पारदर्शी, व्यवस्थित भई वित्तीय सुशासन अभिवृद्धि हुँदै जाने कुरामा विश्वस्त हुन सकिन्छ।

## ४.१ वित्तीय संघीयता कार्यान्वयन र वित्त हस्तान्तरण

- नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५, विनियोजन ऐन, २०७८ लगायत वित्तीय हस्तान्तरण सँग सम्बन्धी विभिन्न कानून तथा कार्यविधिहरूहरूको आधारमा वित्तीय हस्तान्तरण कार्यान्वयन भईरहेको छ ।।
- वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहमा हस्तान्तरण हुने बजेट तथा कार्यक्रमका सम्बन्धमा समपूरक तथा विशेष अनुदानको हकमा कार्यविधि तयार भएका छन् । यसका अतिरिक्त विनियोजन ऐन मार्फत वित्तीय हस्तान्तरणको कार्यान्वयनको व्यवस्था स्पष्ट पारिएको छ ।
- वित्तीय हस्तान्तरण अन्तर्गतका बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि सम्पूर्ण स्थानीय तहहरूलाई मार्गदर्शन प्रदान गरिएको छ ।
- वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापतको रकमको एक चौथाईले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले भदौ १५ गते, कार्तिक १५ गते, माघ १५ गते र बैशाख ३० गते गरी चार किस्तामा दाखिला गर्ने कानूनी व्यवस्था रहेको छ ।
- वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, बैशाख १ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन मसान्त भित्र पेश गर्ने व्यवस्था गरिएको छ।

- स्थानीय तहले सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोहि योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाउँ/नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय मार्फत प्रदेश लेखान नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने व्यवस्था गरिएको छ ।

- कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण स्थानीय तहले प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, बैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्त भित्र प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

- स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने कार्यक्रम/आयोजना र सोमा विनियोजित बजेट प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमार्फत् हस्तान्तरण गरिएको छ।

- वित्तीय हस्तान्तरण अन्तर्गतका सशर्त, समपूरक तथा विशेष अनुदानका स्वीकृत योजना तथ कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक वर्ष भित्र खर्च नभई बचत भएको रकम समबन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने हुन्छ ।यसरी बचत रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्ने व्यवस्था गरिएको छ ।

## ४.२ आयोजना र कार्यक्रम हस्तान्तरण र कार्यान्वयन

- प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदनका लागि नेपाल सरकारको समन्वयमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System-PLMBIS) प्रयोग गरिएको छ। प्रदेशस्तरीय बजेट सूचना प्रणालीलाई परिमार्जन गरी Web-Based बनाई प्रयोगकर्तामैत्री बनाउन नेपाल सरकार, अर्थ मन्त्रालयसँग सहकार्य र समन्वय भईरहेको छ।

- प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुनेगरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम संघीय सरकारको इकाई तथा स्थानीय तहमार्फत कार्यान्वयन गराउनुपर्ने भएमा प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय गराई संघीय सरकारको इकाई वा स्थानीय तहबाट कार्यक्रम कार्यान्वनय गर्ने/गराउने व्यवस्था गरिएको छ ।संघीय सरकारको इकाई मार्पत पूँजीगत योजना वा कार्यक्रम कार्यान्वयन गराउनुपरेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय

र अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश सरकार मन्त्रिपरिषद्बाट निर्णय गराई कार्यान्वय गर्ने/गराउने व्यवस्था गरिएको छ ।

## ४.३ आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन

- कुनै निकायमा एकभन्दा बढी इकाईबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा रकम विनियोजन भएको निकायको प्रमुखले खर्च गर्ने निकायहरूलाई २०७८ श्रावण मसान्त भित्र विनियोजन भएको सम्पूर्ण रकम बाँडफाँट गरी सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्ने व्यवस्था गरिएको छ।
- प्रशासनिक खर्च बाहेक P-LMBIS मा कार्यक्रम/क्रियाकलाप स्पष्ट नखुली एकमुष्ट रूपमा विनियोजित बजेटको क्रियाकलापगत विवरण खुलाई चौमासिक विभाजन सहितको कार्यक्रम तयार गरी २०७८ श्रावण मसान्तभित्र आर्थिक मामिला तथ योजना मन्त्रालयको स्वीकृतिका लागि पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत फागुन मसान्तसम्म काम शुरू नभएका कार्यक्रमहरूको विनियोजित बजेट मध्ये खर्च हुन नसक्ने बजेट चैत्र १५ गतेभित्र अनिवार्य रूपमा अभ्यर्पण गर्नुपर्ने व्यवस्था गरिएको छ।
- स्थानीय तहमा हस्तान्तरण हुने सःशर्त अनुदान अन्तर्गतका योजना वा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड लगायतका कार्यविधि भए सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।
- आर्थिक वर्ष ०७८/७९ को बजेट तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरूको समयसीमा, प्रतिफल सूचक र जिम्मेवारी सहितको कार्ययोजना तयार गरी कार्यसम्पादन गर्ने व्यवस्था गरिएको छ ।
- कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरू तर्जुमा तथा संशोधनको कार्य साउन मसान्तभित्र र नियमावलीहरू तर्जुमा तथ संशोधनको कार्य भदौ १५ गतेभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएको छ ।कार्यक्रम/आयोजनाहरू सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति योजनासहित आवश्यक अस्थाइ दरबन्दरीहरू साउन मसान्तभित्र अनिवार्य स्वीकृत गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- आर्थिक वर्ष २०७८/७९ को बजेटमा उल्लेखित योजना र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्न सचिवसँग महाशाखा प्रमुख र आयोजना प्रमुखको अनिवार्य रूपमा कार्यसम्पादन सम्झौता गर्नपर्ने व्यवस्था गरिएको छ ।

- आयोजनाहरुको कार्ययोजना अनुसार वार्षिक खरिद योजना, विस्तृत डिजाईन र लागत अनुमान तयार गरी साउन मसान्त भित्र स्वीकृत गरी भाद्र १५ गते भित्र बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था गरिएको छ भने कार्तिक १५ गते भित्र बोलपत्र मूल्याङ्कन, ठेक्का सम्झौता गरी कार्यदिश दिनुपर्ने व्यवस्था गरिएको छ ।
- सडक ठेक्कामा दिँदा खानेपानी तथा ढल, बिजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको एकिकृत काम एउटै प्याकेजमा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ ।
- प्रदेश मन्त्रालगत बजेट सूचना प्रणालीमा कुने कार्यक्रममा दोहोरोपना पर्न गएको भए एउटा कार्यक्रम मात्र कार्यान्वयन गरी अर्को कार्यक्रम फ्रिज हुने व्यवस्था गरिएको छ ।

## ४.४ अख्तियारी/कार्यक्रम स्वीकृति एवम् संशोधन सम्बन्धी व्यवस्था

- प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Provincial Line Ministry budgetary Information System-PLMBIS) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयहरू मार्फत बजेट निकासा गर्ने व्यवस्था गरिएको छ ।
- प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएका आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था गरिएको छ ।
- अख्तियारी प्राप्त रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा बजेट रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा बजेट रोक्काको सुनिश्चितता गरेर मात्र रकमान्तर माग गर्नुपर्ने व्यवस्था गरिएको छ ।

## ४.५ समीक्षा अवधिमा गरिएका प्रयास

### ४.५.१ विशेष अनुदान कार्यविधि र समपुरक अनुदान सम्बन्धी प्रणाली

- प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने समपूरक तथा विशेष अनुदान समबन्धी कार्यक्रम तथा आयोजनाको प्रस्तावका लागि राष्ट्रिय योजना आयोगसँगको समन्वयमा समपुरक तथा विशेष अनुदान सम्बन्धी प्रणाली http://bagamati.csgrants.gov.np/ सञ्चालनमा ल्याई प्रणाली मार्फत कार्यक्रम तथा योजना प्रस्ताव गर्ने व्यवस्था सुचारू गरिएको छ ।

### ४.५.२ प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा सुधारका

- प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) लाई मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) समयानुकूल परिमार्जन गरी Web-based आधारित बनाई कार्यान्वयनमा ल्याउन नेपाल सरकार अर्थ मन्त्रालय सँग छलफल गरिएको छ ।

### ४.५.३ सार्वजनिक वित्त व्यवस्थापनमा गरिएका अन्य सुधारहरू

- बहुवर्षीय प्रकृतिका आयोजना तथा कार्यक्रमहरूको बजेट सुनिश्चिततालाई व्यवस्थित गरी निर्दिष्ट समयमा नै आयोजना तथा कार्यक्रमहरू समपन्न गर्न बहुवर्षीय आयोजनाहरूको व्यवस्थापनको लागि निश्चित आधार तथा मापदण्डसहितको प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७८ तयार गरी प्रदेश सरकार मन्त्रिपरिषद्‌बाट स्वीकृत भई कार्यान्वयनमा आएको छ ।
- बजेट तथा कार्यक्रम तर्जुमा तथा बजेट कार्यक्रम संशोधन, रकमान्तर, मुल्याङ्कन लगायतका बजेट, योजना तथा कार्यक्रम महाशाखा सँग सम्बन्धित विभिन्न कार्यलाई थप व्यवस्थित गर्नका लागि प्रदेश बजेट कार्यसञ्चालन निर्देशिका, २०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ।
- प्रदेशको समग्र सार्वजनिक खर्चलाई व्यवस्थापन गर्न र विभिन्न सार्वजनिक खर्चको आधार तय गरी वित्तीय अनुशासन कायम गर्न प्रदेशको सार्वजनिक खर्चको मापदण्ड प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत भईसकेको छ।
- वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहमा प्रदान हुने सशर्त अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमलाई थप व्यवस्थित गरी कार्यान्वयन योग्य र प्रभावकारी योजना तथा कार्यक्रम हस्तान्तरण गर्न र अन्तरिक राजस्व तथा राजस्व बाँडफाँटका आधारमा कम आय भएका स्थानीय तहहरूको हिस्सा बढाउनका लागि यस समिक्षा अविधमा प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि तयार गरि सरोकारवाला पक्षहरू सँगको छलफलबाट अन्तिम रूप दिने कार्य भएको छ ।
- प्रदेशको आर्थिक कार्यप्रणालीमा समायानुकुल सुधार गर्न तथा संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन अनुकुल हुनेगरी यस अवधिमा प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐनको मस्यौदा तयार भएको छ।

# परिच्छेद - पाँच

# स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति

## ५.१ स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण

चालु आर्थिक वर्ष २०७८/७९ मा बागमती प्रदेश भित्रका स्थानीय तहहरुलाई वित्तीय समानीकरण, सःशर्त, विशेष र समपुरक अनुदान गरी कुल रू. ७ अर्व ५० करोड ५६ लाख ४१ हजार वित्तीय हस्तान्तरण गर्ने अनुमान गरिएको छ। जुन प्रदेश सरकारको कुल विनियोजित बजेटको १३ प्रतिशत हुन आउछ। वित्तीय हस्तान्तरण अनुदान र प्रदेश सरकारबाट संकलन भई बाँडफाँट हुने सवारी साधन करको अनुमानित रकम समेत गरि स्थानीय तहले प्राप्त गर्ने कुल अनुमानित रकम प्रदेश सरकारको कुल बजेटको २०.५१ प्रतिशत हुन आउने देखिन्छ। चालु आर्थिक वर्षमा गत आर्थिक वर्ष २०७७/७८ मा कोभिड-१९ को प्रभावका कारण जारी निषेधआज्ञाले वित्तीय हस्तान्तरण अन्तरगतका अधुरा योजना/कार्यक्रमका लागि प्रदेश सरकार तर्फको दायित्व व्यवस्थापनका लागि स्रोतको उपलब्धता हेरी थप सशर्त अनुदान उपलब्ध गराउन पर्ने भएकोले सशर्त अनुदानको रकम बढन सक्ने देखिन्छ। प्रदेश सरकारबाट  गत आर्थिक वर्षको अर्धवार्षिक अवधिमा भएको खर्च र चालु आ.व. को अर्धवार्षिक अवधिमा भएको खर्चको तुलनात्मक विवरण देहायको तालिका २.१२ बाट प्रष्ट पारिएको छ।

**तालिका २.१२: स्थानीय तहमा वित्तीय हस्तान्तरण** (रू.हजारमा)

| खर्च शीर्षक | विनियोजन | | पहिलो ६ महिनाको खर्च | | विनियोजनको तुलनामा खर्च प्रतिशत | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ | बजेट | खर्च |
| वित्तीय समानीकरण अनुदान | १२५०००० | १५००००० | ४७७९५० | ६४२०८४ | ३८.२४ | ४२.८१ | २०.००% | ११.९५% |
| सशर्त अनुदान | ३०६४५५२ | २६६३११२ | ११४८४२७ | १०८८७९१ | ३७.४७ | ४०.८८ | -१३.१०% | ९.१०% |
| समपुरक अनुदान | २६३१६०९ | २९१८१७९ | ६५८५७५ | ९३४२०२ | २५.०३ | ३२.०१ | १०.८९% | २७.९२% |
| विशेष अनुदान | २९७००० | ४२४३५० | ८३००० | १३४९५८ | २७.९५ | ३१.८० | ४२.८८% | १३.८०% |
| **जम्मा** | **७२४३१६१** | **७५०५६४१** | **२३६७९५२** | **२८०००३५** | **३१.५५** | **३७.३१** | **३.६२%** | **१८.२५%** |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश।*

- चालु आर्थिक वर्षमा वित्तीय समानीकरण अनुदान, विशेष अनुदान र समपुरक अनुदान रकम गत आ.व. भन्दा वृद्धि गरिएको छ भने सशर्त अनुदान वापतको रकम १३.१० प्रतिशतले घटाईएको छ। वित्तीय समानीकरण अनुदान स्थानीय तहको खर्चको आवश्यकता र राजश्व परिचालनको अवस्था बीचको अन्तर कम गरी सन्तुलित विकासमा टेवा पुर्याउन सघाउ पुग्ने हुँदा क्रमशः वृद्धि गर्दे लैजाने नीति लिईएको छ। समपूरक अनुदानमा सम्बन्धित स्थानीय तहहरुले समेत ५० प्रतिशत लागत व्यहोर्नुपर्ने भएकोले अपनत्व कायम भई कार्यान्वयन प्रभावकारी देखिन्छ। विशेष अनुदान अन्तरगत प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ ले तोकेका आधारभुत क्षेत्रहरु शिक्षा, स्वास्थय, खानेपानी लगायतका अन्य क्षेत्रमा कार्य गर्नुपर्ने भएकोले सशर्त अनुदान बाहेकका अन्य अनुदानका आयोजना/कार्यक्रमहरुमा रकम वृद्धि भएको छ।
- चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा वित्तीय हस्तान्तरण अन्तरगत विनियोजित कुल रकमको ३७.३१ प्रतिशत रकम हस्तान्तरण भएको छ। गत आ.व.को सोही अवधिमा विनियोजित रकमको कुल ३१.५५ प्रतिशत रकम हस्तान्तरण भएको थियो।
- वित्तीय हस्तान्तरण अन्तरगतका योजना/कार्यक्रमहरुको पहिलो किस्ता बाहेकका अन्य किस्ता रकम निकाशा गर्दा खर्च प्रगतिका आधारमा गरिने भएकोले अख्तियारी प्रदान रकम भन्दा निकासा रकम कम देखिएको छ।
- सशर्त अनुदानको हकमा सम्बन्धित विषयगत मन्त्रालय/निकायहरुबाट प्रस्ताव भई आएका योजनाहरुमा विनियोजित कुल रकम २ अर्व ६६ करोड ३१ लाख १२ हजार मध्ये राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार मध्ये तपसिलका आधार मा तपसिल बमोजिमको रकम विनियोजन गरिएको छ।

**तालिका २.१३ सशर्त अनुदानको आधार बमोजिम रकम विनियोजन**

**रकम रु. हजारमा**

| **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आधारमा** | **विनियोजित बजेट** |
|---|---|
| १. प्रदेश सरकारको अधिकारको सूची भित्रका कुनै विषय वा कार्यक्रम र आयोजना स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने अवस्था | १९५६०७५ |
| २. प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने अवस्था | ४४८५९७ |
| ३. स्थानीय तहमा प्रादेशिक मानक स्थापना वा कार्यान्वयन गर्नुपर्ने अवस्था | १४१९०० |
| ४.दुवै आधार २ र ३ सँग सम्बन्धित | ११६५४० |
| **जम्मा** | **२६६३११२** |

- गत आर्थिक वर्ष २०७७/७८ मा बागमती प्रदेश भित्रका सम्बन्धित स्थानीय तहहरुलाई विनियोजित कुल रकम रु.७ अर्ब २४ करोड ३१ लाख ६१ हजार मध्ये कुल रु. ५ अर्ब ५१ करोड १६ लाख २७ हजार निकासा गरिएकोमा रु.४ अर्ब ३२ करोड ४० लाख ५५ हजार खर्च भएको देखिन्छ। आर्थिक वर्षको अन्त्य सम्म खर्च नभई बचत भएको रकम रु.१ अर्ब १८ करोड ७५ लाख ७२ हजार प्रदेश सञ्चित कोषमा फिर्ता हुनुपर्नेमा स्थानीय तहहरुबाट कुल रु.१ अर्ब १७ करोड १९ लाख ९५ हजार मात्र फिर्ता दाखिला भएको छ भने अझै रु.१६ करोड ८६ लाख ४८ हजार रकम प्रदेश सञ्चित कोषमा फिर्ता हुन बाँकी रहेको देखिन्छ।

## ५.२ स्थानीय तहमा राजश्व बाँडफाँट

- सवारी साधन कर वापत संकलित रकम प्रदेश विभाज्य कोषमा राखि प्रदेश र स्थानीय तहलाई प्रचलित कानुन बमोजिम बाँडफाँट गरिएको।
- चालु आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तहलाई राजस्व बाँडफाँट वापत कुल रु. ४ अर्ब ३३ करोड ३३ लाख ३३ हजार प्रदान गर्ने अनुमान गरिएको थियो। जसमध्ये अर्धवार्षिक अवधिमा सवारी साधन कर वापत संकलन भएको कुल रु.६ अर्ब ६ करोड ७२ लाख ८५ हजार को ४० प्रतिशतले हुन आउने रकम रु. २ अर्ब ४२ करोड ६९ लाख १४ हजार रुपैया राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सिफारिस भएबमोजिम सम्बन्धित स्थानीय तहहरुलाई प्रदान गरिएको छ।

### तालिका २.१४ सवारी साधन करको संकलन तथा बाँडफाँट

**रकम रु. हजारमा**

| तह | राजश्वको अनुमान | | तहगत बाँडफाँट | | अनुमानको तुलनामा प्राप्ति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ |
| प्रदेश | ५५,००,००० | ६५,००,००० | २९,२४,२१६ | ३६,४०,३७१ | ५३.१७% | ५६.०१% |
| स्थानीय तह | ३६,६६,६६६.६७ | ४३,३३,३३३ | १९४९४७७.५ | २४,२६,९१४ | ५३.१७% | ५६.०१% |
| **कुल** | ९१,६६,६६६.६७ | १,०८,३३,३३३ | ४८,७३,६९३.८ | ६०,६७,२८५ | ५३.१७% | ५६.०१% |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यलिय, बागमती प्रदेश*

- सवारी साधन कर अन्तरगत वार्षिक अनुमानित राजश्व संकलन मध्ये पौष मसान्तसम्ममा संकलन राजश्व बाँडफाटँ गरि हस्तान्तरण गरिएको छ। स्थानीय तहलाई प्रदान गरिने

वार्षिक अनुमानित सवारी साधन करको ५६% राजश्व अर्धवार्षिक अवधिमा बाँडफाँट गरि सम्बन्धित स्थानीय तहको सञ्चितकोषमा दाखिला गरिएको छ। गत आर्थिक वर्षको सोही अवधिमा स्थानीय तहले ५३.१७ प्रतिशत मात्र रकम हस्तान्तरण भएको थियो।

## ५.३ वित्तीय संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा भएका उपलब्धि र समीक्षा

- बागमती प्रदेश सरकारले आफ्नो स्थापना काल देखि नै यस प्रदेश भित्रका स्थानीय तहहरुलाई वित्तीय हस्तान्तरण गरिरहेको छ। वित्तीय हस्तान्तरणका योजना/कार्यक्रम छनौट तथा सोको कार्यान्वयनका सम्बन्धमा प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५, प्रदेश समपुरक तथा विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७७ लगायतका कानुन तर्जुमा भएको।
- स्थानीय तहमा सःशर्त अनुदानका रुपमा हस्तान्तरण गरिने आयोजना/कार्यक्रमको प्रस्ताव, छनौट लगायत सोको कार्यान्वयनलाई थप व्यवस्थित बनाउनका लागि सशर्त अनुदान सम्बन्धी कार्यविधिको मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेको।
- प्रदेश सरकारको स्थापनाका सुरुवाती आर्थिक वर्षहरुमा समपूरक तथा विशेष अनुदानका योजना/कार्यक्रमका लागि अवण्डा रकम विनियोजन गरि सम्बन्धित कार्यविधि बमोजिम प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत गरिएका योजनाहरुमा रकम निकाशा गर्ने गरिएकोमा आ.व.२०७७/७८ बाट वार्षिक बजेट तर्जुमाको समयमा नै क्रियाकलापगत रुपमा योजना/कार्यक्रम छनौट गरि कार्यान्वयनका लागि रकम विनियोजन गरिएको।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, नेपाल सरकार अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग लगायतका निकायहरुसँग अनुदान तथा राजश्व बाँडफाटँका सम्बन्धमा समन्वय, सहकार्य भईरहेको।
- राष्ट्रिय योजना आयोगको समन्वय र सहकार्यमा आगामी आर्थिक वर्षमा छनौट हुने समपुरक तथा विशेष अनुदानको प्रस्तावका लागि विद्युतीय प्रणाली विकासको प्रक्रिया अगाडि बढाईएको र सोही बमोजिम योजना/कार्यक्रम प्रस्ताव गर्ने गरि स्थानीय तहहरुलाई सुचना तथा जानकारी प्रदान गर्ने तयारी भईरहेको।
- वित्तीय हस्तान्तरण तथा राजश्व बाँडफाँटका सम्बन्धमा मन्त्रालयबाट विभिन्न योजना/कार्यक्रमहरु कार्यान्वयनको अवलोकन, अन्तर्किया लगायतका कार्यहरु मार्फत स्थानीय तहसँगको सम्बन्ध सुदृढीकरणका लागि कार्य गरिएको।
- वित्तीय हस्तान्तरण अन्तरगत विभिन्न अनुदानहरु हस्तान्तरणका सम्बन्धमा हासिल भएको उपलब्धि सन्तोषजनक रहेको भएतापनि योजना तर्जुमा, सोको कार्यान्वयन तथा वित्तीय अनुशासनको पालना लगायतका विषयहरुमा आगामी दिनमा थप कार्य गर्नुपर्ने देखिन्छ।

- विभिन्न योजना/कार्यक्रमको कार्यान्वयनको गुणस्तरीयता, प्रभावकारीताको विषयमा पर्याप्त अनुगमन मुल्याङ्कन हुन आवश्यक रहेको। यसका लागि आगामी दिनमा अनुगमन तथा मुल्याङ्कन संयन्त्रहरुलाई बलियो बनाउन जरुरी देखिन्छ।
- नेपालको संविधानले परिकल्पना गरेको तीन तहको राज्यको संरचनाको समन्वय, सहकार्यको एक महत्वपुर्ण औजारको रुपमा वित्तीय संघीयतालाई लिईन्छ। सोको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहको सरकारहरुबीच निरन्तर रुपमा समन्वय सहकार्य हुनुपर्ने तथा विभिन्न तहका सरकारबाट निर्धारित कार्यक्षेत्रअनुरुप मात्र योजना/कार्यक्रम छनौट भई बजेट विनियोजन हुनुपर्ने आवश्यकता रहेको।

## ५.४ वित्तीय संघीयताको कार्यान्वयनमा देखा परेका समस्याहरुः

- वित्तीय संघीयताको कार्यान्वयन तथा वार्षिक बजेट कार्यान्वयनको लागि प्रदेश तथा स्थानीय तहमा पर्याप्त जनशक्तिको अभावका कारण अपेक्षित लक्ष्य हासिलमा कठिनाई भएको।
- प्रचलित कानुनमा तोकिए बमोजिमका आवधिक प्रतिवेदन, चौमासिक विवरण लगायतका अन्य विवरण र मन्त्रालयबाट माग गरिएका विवरणहरु समयमा प्राप्त नभएको।
- प्रदेश समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम ठेक्का सम्झौताको विवरण सम्झौता सम्पन्न भएको सात दिनभित्र सम्बन्धित स्थानीय तहले आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रेषित गर्नुपर्ने व्यवस्था भएकोमा सोअनुसारको विवरण सबै स्थानीयतहहरुबाट प्राप्त नभएको।
- प्रदेश विनियोजन ऐन तथा मन्त्रालयबाट जारी गरिने विभिन्न परिपत्र तथा मार्गदशर्नको पालनामा ध्यान नपुगेको। कतिपय स्थानीय तहहरुले वित्तीय हस्तान्तरण अनुदानका योजनाहरुको आर्थिक वर्ष समाप्त भएपछि विनियोजन ऐन अनुसार फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेको।
- समपूरक अनुदानको योजनाहरुको हकमा कतिपय स्थानीय तहले आयोजना प्रस्ताव गर्दा महत्वकांक्षी ढङ्गले गर्ने तर साझेदारी गर्न नसक्दा व्यवहारमा आयोजना कार्यान्वयन नै नहुने वा ढिलाई हुने अवस्था देखिएको ।
- समपुरक र विशेष अनुदानका आयोजनामा पूर्व तयारीका चरण सम्पन्न भईसकेका आयोजना प्रस्ताव गर्नुपर्नेमा सो नगरी आयोजना अन्तिम चौमासिकमा ठेक्का सम्झौता गरि कार्यान्वयनमा ढिलाई गर्ने लगायतका कारण उक्त आयोजना/कार्यक्रमको दायित्व अर्को आर्थिक वर्षमा सरि आयोजना/कार्यक्रम अधुरो रहने स्थिति देखिएको ।

- प्रदेश विनियोजन ऐन तथा बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा समेत जुन आयोजना/कार्यक्रमको लागि बजेट विनियोजन भएको हो सोही आयोजना/कार्यक्रममा खर्च गर्नुपर्ने र बचत रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था हुँदाहुदै बचत रकम स्वीकृत आयोजना/कार्यक्रम बाहेकका आयोजना/कार्यक्रमा खर्च गर्ने गरेको।
- सशर्त अनुदान तर्फ आयोजना छनौटको निश्चित मापदण्ड नहुँदा टुक्रे प्रकृतिका आयोजनाको संख्या बढदै गई स्रोत र साधनको प्राथमिकतापूर्ण र दक्षतापूर्ण उपयोग हुन नसकेको।
- कतिपय स्थानीय तहमा सःशर्त अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रम तहाँ निकायको आवश्यकता बमोजिम नभएको भनि उक्त आयोजना/कार्यक्रम कार्यान्वयनमा तदारूकता नहुँदा सोको सट्टामा अन्य योजना/कार्यक्रममा सो रकम रकमान्तर गर्नका लागि अनुरोध गर्ने गरेको।
- सशर्त अनुदानका योजनाहरुको कार्यान्वयनका सन्दर्भमा विषयगत मन्त्रालयहरुबाट पनि समयमै कार्यविधि/मापदण्ड/मार्गदर्शन स्थानीय तहमा प्रेषित नहुँदा आयोजना/कार्यक्रम कार्यान्वयनको विधि र प्रक्रियाका सम्बन्धमा द्धिविधा भएको विषयमा स्थानीय तहहरुबाट गुनासो प्राप्त भएको।
- आर्थिक ऐन, २०७८ मा तोकिएको समयमा सबै स्थानीय तहबाट राजश्व बाँडफाँटको रकम प्रदेश सञ्चित कोषमा दाखिला नभएको।यसका साथै स्थानीय तहबाट दहत्तर बहत्तर शुल्क वापत संकलन भएको राजश्व कतिपय स्थानीय तहले प्रदेश सञ्चित कोषमा प्रदेश आर्थिक ऐन बमोजिम दाखिला नगरेको।
- वार्षिक बजेट तर्जुमा पश्चात समेत योजना/कार्यक्रममा गैर बजेटरी रकमका लागि प्रस्ताव गर्ने प्रवृत्ति देखिएको।
- प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली (PLMBIS) र SUTRA (Sub national treasury regulatory application) बीच Real time आबद्धता नहुँदा प्रतिवेदन प्राप्तमा समस्या देखिएको।
- कतिपय स्थानीय तहले SuTRA प्रणाली मा पुर्ण रुपमा बजेट तथा खर्च प्रविष्टि नगर्दा स्थानीय तहमा वित्तीय हस्तान्तरणको रूपमा उपलब्ध गराईएको रकमको यथार्थ खर्च विवरण प्राप्त तथा सोका आधारमा खर्च विश्लेषण तथा प्रतिवेदन प्रणाली व्यवस्थापनमा कठिनाई भएको।
- स्थानीय तहले कार्यान्वयन गर्ने कतिपय योजनाहरुमा दोहोरोपना देखिएकोले सो आयोजना/कार्यक्रममा विनियोजित रकम नयाँ आयोजना/कार्यक्रममा रकमान्तरका लागि प्रस्ताव गर्ने गरेको।

## ५.५ समाधानका उपायहरू

- प्रदेश तथा स्थानीय तहको कार्यान्वयन कुशलता अभिवृद्धिका लागि पर्याप्त र दक्ष जनशक्तिको परिचालन गर्नुपर्ने। यसका लागि कर्मचारीको पदपुर्ति, क्षमता अभिवृद्धि लगायतका विषयमा ध्यान दिनुपर्ने।
- प्रचलित कानुन बमोजिम उपलब्ध गराउनुपर्ने प्रतिवेदन समयमै प्रदान गर्न सम्बन्धित सबै निकाय जिम्मेवार हुनुपर्ने।
- प्रदेश विनियोजन ऐन तथा मन्त्रालयबाट जारी गरिने विभिन्न परिपत्र तथा मार्गदशर्न लगायत प्रचलित कानुनको पालनामा ध्यान दिई वित्तीय अनुशासन कायम गर्नुपर्ने।
- वित्तीय हस्तान्तरण अन्तरगतका विभिन्न अनुदानहरुको कार्यान्वयनका सम्बन्धमा सम्बन्धित ऐन, कानुन, कार्यविधि, मापदण्डमा तोकिएको कार्यान्वयन विधि लगायतका विषयहरुको अधिनमा रहि आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने।
- वित्तीय हस्तान्तरण अन्तर्गत अनुदानका कार्यक्रमहरुको माग/छनौट कार्यलाई प्रणालीसँग आवद्ध गर्दै लैजाने र स्वचालित प्रतिवेदन प्रणालीको विकास गर्ने।
- वित्तीय हस्तान्तरणका अनुदानहरु हस्तान्तरण गर्दा मानव विकास सुचकाङ्क, राजश्व उठाउने क्षमता, कार्यान्वयन दक्षता लगायतका विषयमा ध्यान दिई दुर्गम स्थानीय तहहरुलाई प्राथमिकता दिनुपर्ने।
- स्वीकृत आयोजना/कार्यक्रम तोकिएको समयमै सम्पन्न गर्नका लागि सोको कार्यान्वयनमा तदारुकताका साथ लाग्नुपर्ने।
- प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम ५० प्रतिशत साझेदारी गर्न नसक्ने स्थानीय तहहरुलाई साझेदारी गर्नुपर्ने अनुपात घटाउने वा विशेष अनुदानका आयोजनाको संख्या बढाई बजेट सन्तुलन कायम गर्नुपर्ने।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सशर्त अनुदान प्रदान गर्दा पालना गर्नुपर्ने आधार तथा सिफारिसको अधिनमा रहि स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा हस्तान्तरण गर्नुपर्ने।
- सशर्त अनुदानका आयोजना/कार्यक्रम कार्यान्वयनका सम्बन्धमा सम्बन्धित विषयगत मन्त्रालयहरुबाट समयमै कार्यविधि/मापदण्ड/मार्गदर्शन स्थानीय तहमा प्रेषित गरि आयोजना/कार्यक्रम कार्यान्वनयको विधि र प्रक्रियाका सम्बन्धमा स्पष्ट गर्नुपर्ने।
- प्रचलित आर्थिक ऐन बमोजिम राजश्वको बाँडफाँट तोकिएको समयमै सम्बन्धित सञ्चितकोषमा दाखिला गरि राज्यका विभिन्न तहहरुबीच समन्वय र सम्पर्क बढाउनुपर्ने।

- विपतजन्य अवस्थाको व्यवस्थापन बाहेक अन्य आयोजना/कार्यक्रमका लागि वार्षिक बजेट तर्जुमाको समयमा नै बजेट प्रस्ताव र विनियोजन गर्ने परिपाटिको विकास गर्नुपर्ने।
- वार्षिक बजेट तर्जुमा, सोको कार्यान्वयनका सम्बन्धमा हुने खर्च/प्रगति, राजश्व संकलन लगायतका विषयलाई थप व्यवस्थित गर्नका लागि विकास गरिएको प्रणालीहरुमा अनिवार्य रुपमा विवरण प्रविष्टि गरि प्रतिवेदन प्रणालीको सुदृढिकरणका लागि सबै तहले ध्यान दिनुपर्ने।
- योजना/कार्यक्रममा देखिएका दोहोरोपना हटाउनका लागि केन्द्रिय तथ्याङक प्रणाली/परियोजना बैङको विकास गर्नुका साथै पूर्वतयारी, सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मुल्याङ्कन लगायतका चरण पुरा भएका आयोजना/कार्यक्रममा मात्र सबै तहले आफ्नो कार्यजिम्मेवारी अनुरुप बजेट विनियोजन गर्नुपर्ने।
- कार्य सम्पादनमा आधारित अनुदान प्रणालीको अवलम्वन गरी स्थानीय तहमा आर्थिक अनुशासन र खर्च गर्ने क्षमतामा वृद्धि गर्नुपर्ने।
- अन्तरसरकारी वित्त हस्तान्तरण अन्तरगत हस्तान्तरित आयोजना/कार्यक्रम, राजश्व बाडँफाट लगायतका विषयहरु र सोको कार्यान्वयन प्रचलित कानुन बमोजिम भए/नभएको सम्बन्धमा अनुगमन मुल्याङकन गरि सो को पृष्ठपोषणका आधारमा कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्नु पर्ने।
- संघ, प्रदेश तथा स्थानीय तहबीचको समन्वय र सहकार्य चुस्त दुरुस्त बनाउनका लागि संविधान , प्रचलित कानुन बमोजिम व्यवस्था भएका अन्तर समन्वय परिषदहरुको समयमै बैठक हुनुपर्ने र तीनै तहमा देखिएका नीतिगत तथा कार्यात्मक बाधा व्यवधानका विषयमा अन्तरक्रिया र छलफलबाट बाधा फुकाउनु पर्ने।

# परिच्छेद - छ

# बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्य

चालु आर्थिक वर्ष ०७८।७९ को पहिलो ६ महिनाको बजेट कार्यान्वयनका अवस्था तथा बजेट तर्जुमा र कार्यान्वयनका क्रममा महसुस भएको विद्यमान कमजोरीहरू हटाई सार्वजनिक श्रोतको कुशलता परिचालन गरी दक्षता अभिवृद्धि गर्न देहाय बमोजिमका सुधार प्रयास गर्नु पर्ने देखिन्छ ।

## ६.१ तत्काल गर्नुपर्ने कार्य

### ६.१.१ बजेट कार्यान्वयन

- चालू आ.व. को पहिलो ६ महिनाको खर्च प्रगतिको समीक्षा गरी आगामी महिनाहरूको लागि संशोधित कार्य योजना बनाई बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने ।
- विना अध्ययन र पूर्व तयारी बजेट विनियोजन गरिएका कार्यक्रम र आयोजना कार्यान्वयनमा जान सक्ने वा नसक्ने सम्बन्धमा तत्काल निर्क्योल गरी कार्यान्वयनमा जान नसक्ने देखिएका आयोजना/कार्यक्रममा विनियोजित बजेट समर्पण गर्ने वा कुनै आयोजना वा कार्यक्रममा बजेट नपुग भएमा प्रचलित कानून बमोजिम रकमान्तर प्रस्ताव गर्ने ।
- आयोजना कार्यान्वयनका क्रममा कुनै समस्या देखिएको अवस्थामा तत्काल समाधानका उपाय खोज्ने/आयोजना प्रमुखबाट समस्या समाधान हुन नसक्ने भएमा मन्त्रालय वा विकास समस्या समाधान समितिबाट समाधानको उपाय खोज्ने ।
- आयोजना/कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि, निर्देशिका आवश्यक पर्ने भएमा तत्काल तर्जुमा गरी कार्यान्वयनमा लैजानु पर्ने ।
- आयोजना/कार्यक्रम कार्यान्वयन गर्न कानूनमा संशोधन/परिमार्जन गर्न आवश्यक भएमा तत्काल संशोधन गर्ने प्रक्रिया अगाडि बढाउने ।
- कार्यक्रम/आयोजनाको मासिक रुपमा समीक्षा गर्ने ।
- चालु आ.व. मा सिर्जित दायित्व आगामी वर्ष नसक्ने गरी भुक्तानी प्रक्रियालाई सहज बनाउने।
- मन्त्री र सचिवबाट आफ्ना आयोजना/कार्यक्रममा स्थलगत अनुगमन गरी कार्यान्वयनलाई शीघ्रता दिने ।

- कुनै आयोजना/कार्यक्रम संचालन गर्न आवश्यक भएमा तत्काल आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने कार्यक्रम र आयोजनाको उद्देश्य फरक पर्ने गरी कार्यक्रम संशोधन प्रस्ताव नगर्ने।
- आर्थिक मामिला तथा योजना मन्त्रालयले विभिन्न मन्त्रालयहरुबाट माग गरिएको थप निकासा/रकमान्तर/कार्यक्रम संशोधनमा तत्काल निर्णय दिने । कार्यविधि, निर्देशिकामा समेत तत्काल राय उपलब्ध गराउने ।
- विषयगत मन्त्रालयहरुले फाल्गुन मसान्त भित्र बाँकी रहेका ठेक्का सम्झौता सम्पन्न गरी कार्यदिश दिने।
- प्रदेश आयोजनाको बहुवर्षिय ठेक्का सम्बन्धी मापदण्ड २०७८ को पक्रिया पुरा गरी आगामी चैत्र भित्र बहुवर्षिय ठेक्का सहमति लिने ।
- स्थानीय तहमा गत वर्ष २०७७।०७८ मा समपुरक र विशेष अनुदानबाट संचालन हुने गरी वित्तीय हस्तान्तरण भएका आयोजनाको गत वर्ष कोभिडका कारणले कार्य सम्पन्न हुन नसकी रकम फ्रिज भएको तर यस आ.व. मा सम्पन्न भई दायित्व सिर्जना भएकोमा स्थानीय तहको बजेट माग लाई श्रोतको अवस्था हेरी क्रमशः वित्तीय हस्तान्तरण गर्दै जाने ।
- रणनीतिक महत्वका आयोजना/कार्यक्रममा विनियोजित बजेटमा मात्र थप रकम आवश्यक भएमा रकमान्तर/थप निकासा माग गर्ने ।
- ठूला रणनीतिक महत्वको आयोजना/कार्यक्रमबाट साना/खुद्रे कार्यक्रम/आयोजनामा सकभर रकमान्तर प्रस्ताव नगर्ने ।
- संघीय सरकारबाट सशर्त अनुदानमा संचालित आयोजनामा थप रकम आवश्यक पर्ने भए सो को विवरण तयार गरी संघीय अर्थ मन्त्रालयमा तत्काल अनुरोध गर्ने ।
- चालु आ.व. मा विभिन्न मन्त्रालय/आयोजना/निकायलाई विनियोजन भएको बजेट खर्च हुन नसकी बचत भएमा तत् तत् निकायले चैत्र १५ गते भित्र अनिवार्य रुपमा समर्पण गर्ने ।
- आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति विना दीर्घकालीन दायित्व सिर्जना हुने गरी कार्यक्रम संचालन नगर्ने ।
- प्रदेश स्तरीय बजेट व्यवस्थापन सूचना प्रणाली (PLMBIS) लाई स्तरोन्नती गरी वेभमा आधारीत बनाउने र TSA तथा CGASS संग Integration गर्ने ।

## ६.१.२ स्रोत व्यवस्थापन

### ६.१.२.१ राजस्व व्यवस्थापनतर्फ

- हालसम्मको कार्य प्रगतिका आधारमा बाँकी अवधिको कार्य योजना बनाई राजश्व परिचालन गर्ने ।
- गैरकर राजश्व वा संभावित क्षेत्रहरुको पहिचान गरी संकलनको अवस्था बारे अनुगमन गर्ने।
- घर जग्गा रजिष्ट्रेशन शुल्क संकलनमा देखिएका समस्या र आवश्यकता बारे मालपोत कार्यालयहरुसंग अन्तरक्रिया गरी तत्काल समाधानका उपाय खोज्ने ।
- संघीय सशर्त अनुदान आयोजनाको लागि थप बजेट माग गर्ने र निरन्तर Follow up गर्ने।
- प्रदेश आर्थिक ऐन २०७८ को परिपालना भए नभएको सम्बन्धमा सम्बद्ध निकायहरुको अनुगमन गर्ने।
- सवारी साधान कर र यातायात क्षेत्रबाट संकलन हुने राजश्व संकलनमा चुहावट र अनियमितता हुन नदिन निरन्तर छलफल र अनुगमन गर्ने ।
- समपुरक अनुदान र विशेष अनुदान तर्फ आ.व. ०७७।०७८ मा खर्च नभएको रकम प्रदेश संचित कोषमा फिर्ता नगर्ने स्थानीय तहहरूलाई तत्काल सम्पर्क गरी फिर्ता गर्न लगाउने ।
- ढुंगा, गिटी, बालुवा, हदत्तर, बहत्तर वापतको स्थानीय तहले संकलन गरेको राजस्वको ४०% प्रदेश संचित कोषमा जम्मा नगर्ने स्थानीय तहसंग तत्काल सम्पर्क गरी जम्मा गर्न लगाउने।
- मनोरञ्जन कर र विज्ञापन कर वापतको प्रदेश संचित कोषमा जम्मा हुनुपर्ने रकम प्राप्त गर्न सम्बन्धी स्थानीय तहसंग अन्तर्क्रिया/छलफल गर्ने ।
- श्रोत परिचालनको अवस्था हेरी उपभोग खर्चहरुमा सकेसम्म मितव्ययिता अपनाउने ।
- अत्यावश्यक बाहेक सभा, गोष्ठी, सेमिनार, भ्रमण, अध्ययन, अवलोकन, कार्यक्रम तेश्रो चौमासिकमा संचालन नगर्ने ।

## ६.२ दीर्घकालमा गर्नुपर्ने काम

## ६.२.१ बजेट तर्जुमा

- आवश्यक पूर्वतयारी भएका आयोजनालाई मात्र बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्ने ।परियोजना बैङ्कलाई तत्काल कार्यान्वयनमा ल्याई सो बैङ्कमा नपरेका आयोजनामा बजेट विनियोजन नगर्ने नीति लिने।
- संचालन विधि स्पष्ट भएका कार्यक्रमहरुलाई मात्र बजेटमा समावेश गर्ने ।
- विगतमा बहुवर्षिय ठेक्का सहमति दिई निर्माणधिन आयोजनामा आवश्यक पर्ने रकम पर्याप्त विनियोजन गरेर मात्र नयाँ कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- प्रदेश आयोजनाको बहुवर्षिय ठेक्का सम्बन्धी मापदण्ड २०७८ बमोजिम बहुवर्षिय ठेक्कामा प्रस्ताव गर्नुपर्ने आयोजनाका लागि पुग्दो रकम विनियोजन गर्नुपर्ने ।
- आयोजना वर्गीकरण निर्देशिका अनुसार प्रदेश सरकारका दायित्व र कार्यक्षेत्र भित्रका आयोजना वा कार्यक्रममा मात्र विनियोजन प्रस्ताव गर्ने/ स्थानीय तहले गर्न सक्ने साना आयोजनाको लागि प्रदेश सरकारले बजेट विनियोजन नगर्ने ।
- बजेट छलफल गर्दा प्रदेश तहबाट स्थानीय तहलाई सशर्त अनुदान दिनुपर्ने आयोजना/कार्यक्रमको समेत पर्याप्त तयारी गरी बजेट विनियोजन गर्ने ।
- आयोजना प्रस्ताव गर्दा मध्यकालीन खर्च संरचनामा समावेश गरी तीन वर्षको खर्च अनुमान गर्ने ।
- बजेट तर्जुमा र आयोजना छनौट सम्बन्धमा प्रदेश आर्थिक कार्यविधि ऐनको व्यवस्था पूर्ण परिपालना गर्ने ।
- विनियोजन गर्दा संवैधानिक दायित्व, पन्ध्रौं राष्ट्रिय आवधिक योजना, प्रदेशको आवधिक योजनाका उद्देश्यहरु हासिल हुने गरी बजेट विनियोजनमा कुशलता हासिल गर्ने ।
- बजेट प्रस्ताव गर्दा सकेसम्म अवण्डा राख्ने गरी प्रस्ताव नगर्ने । स्थानीय तह मार्फत गर्नुपर्ने कामको लागि बजेट तर्जुमा गर्दा नै वित्तीय हस्तान्तरण प्रस्ताव गर्ने ।
- औचित्य नभई नयाँ संगठन स्थापना र दरबन्दी सिर्जना नगर्ने । मन्त्रालयको संख्या विस्तार भएपछि दोहोरो जिम्मेवारी देखिएका निकायहरु एक आपसमा गाभ्ने वा खारेज गर्ने ।
- कुनै खास आयोजना/कार्यक्रम संचालन गर्न स्थायी संस्था खडा नगरी अस्थायी संरचना खडा गर्ने ।स्थानीय तहले गर्ने स-साना आयोजना प्रदेशमा नै राखी त्यसको लागि छुट्टै प्रदेश संरचना खडा नगर्ने।

- प्रदेशको कार्यक्षेत्र भित्र छरिएर रहेका सीप विकास तालिम कार्यक्रमहरु एकीकृत रुपमा संचालन गर्ने।
- नतिजा वा उत्पादनसंग आवद्ध गरेर पारदर्शी तरिका अपनाउने गरी मात्र संचालन, पुँजीगत र व्याज अनुदान दिने नीति अवलम्बन गर्ने ।
- प्रदेश स्तरीय बजेट सूचना प्रणालीलाई वेभमा आधारित बनाई एकल खाता कोष प्रणालीसंग अन्तर आबद्धता गर्ने ।

## ६.२.२ बजेट कार्यान्वयन

- प्रदेश सभामा बजेट प्रस्तुत भएपछि अविलम्ब आर्थिक मामिला तथा योजना मन्त्रालयले मार्गदर्शन जारी गर्ने। आर्थिक मामिला तथा योजना मन्त्रालयको मार्गदर्शन प्राप्त हुनासाथ बजेट कार्यान्वयन कार्ययोजना बनाउने र पूर्व तयारीका कामहरु शुरु गर्ने ।
- सालबसाली कार्यान्वयन हुने कार्यक्रमका लागि निश्चित शर्तको अधिनमा रहि सम्बन्धित मन्त्रालयले नै कार्यविधि/निर्देशिका/मापदण्ड तर्जुमा गर्ने व्यवस्था मिलाउने ।
- अवण्डा राखिएका रकमहरु साउन भित्रनै बाँडफाँट गरि सक्ने ।
- वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका बाहेक कुनैपनि नयाँ आयोजना/कार्यक्रम प्रस्ताव नगर्ने। आकस्मिक र विशेष परिस्थिति बाहेक नयाँ आयोजना नदिने र रकमान्तर/ कार्यक्रम संशोधन नगर्ने।
- प्रदेश नीति तथा योजना आयोगको नेतृत्वमा उच्च स्तरीय अनुगमन टोलि बनाई ठूला आयोजना/ कार्यक्रमको नियमित अनुगमन गर्ने। यसरी अनुगमन का क्रममा देखिएका समस्याको तत्काल समाधान गर्ने ।
- बजेट कार्यान्वयनमा अन्तर निकाय समन्वय र सहजिकरण लाई प्रभावकारी बनाउने ।
- प्रदेश आयोजनाको बहुवर्षिय ठेक्का सम्बन्धी मापदण्ड २०७८ बमोजिम को प्रक्रिया पूरा गरि बहुवर्षिय ठेक्कामा लैजानु पर्ने आयोजनामा श्रोतको सहमति माग गर्ने ।
- आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति विना कुनैपनि निकायले विनियोजित बजेट भन्दा बढीको दायित्व सिर्जना नगर्ने ।यसरी सहमति विना सिर्जित दायित्वको भुक्तानी नदिने ।
- सडक आयोजनाहरुको प्राविधिक गुरुयोजना बनाई पहिचान भएका रणनीतिक आयोजना लाई क्रमशः बहुवर्षिय ठेक्का प्रक्रियामा लाने ।

- व्यक्ति, समुदाय, सहकारी लाई अनुदान दिंदा बिगतको कार्य प्रभावकारिताको राम्ररी समीक्षा गर्ने । यसरी अनुदान दिंदा कुल लागतको ५० प्रतिशत भन्दा बढी नदिने नीति लिने ।
- बिभिन्न जिल्ला बाट प्रवाह गरिने सेवाहरुलाई एकिकृत सेवा केन्द्रको अवधारणा ल्याई सोही अनुरुप प्रवाह गर्ने व्यबस्था मिलाउने ।
- पर्याप्त र औचित्यपूर्ण अबस्थामा बाहेक कार्यान्वयनमा गईसकेको आयोजनाको विस्कृत प्रतिवेदन परिवर्तन नगर्ने ।
- आयोजनाको सिर्जित दायित्व भुक्तानी गर्न ढिलाई गर्ने कर्मचारी उपर कारवाही गर्ने ।
- क्रियाकलापमा आधारित खर्च प्रणालीलाई थप व्यवस्थित र उपयोगमैत्री बनाउने ।

## ६.२.३ स्रोत व्यवस्थापन

- प्रदेशको क्षेत्राधिकारमा परेका नयाँ कर, गैरकरका क्षेत्रहरु पहिचान गरि दायरा विस्तार गर्ने।
- राजस्व छुट दिने परिपाटी लाई नियन्त्रणमा राख्ने, पटके निर्णयबाट सकभर राजस्व छुट नदिने ।
- प्रदेशको आर्थिक क्रियाकलापलाई प्रोत्साहन गर्ने वा प्रणालीको माध्यमबाट उत्प्रेरणा दिने नीति लिने ।
- कर दाखिला प्रणालीलाई विद्युतिय प्रणालीमा आधारित बनाउने ।
- समपुरक र विशेष अनुदान आर्थिक वर्षको अन्त्यमा फिर्ता नगर्ने स्थानीय तहलाई अर्को वर्ष समानीकरण दिंदा कट्टा गर्ने ।
- राजस्व फाँटबाट स्थानीय तहले प्रदेश संचित कोषमा राजस्व जम्मा नगर्ने स्थानीय तहलाई सशर्त अनुदानका आयोजना नदिने प्रणाली विकास गर्ने ।
- गैरकर राजस्वका दरहरु पुनरावलोकन गरी समसामयिक बनाउने ।
- वैदेशिक सहायता लिन सकिने आयोजना/ कार्यक्रमको पहिचान गरि प्रकृया अगाडि बढाउने।
- राजस्व संकलनका क्रममा देखापर्ने अस्पष्टतालाई समयमा नै व्याख्या गरी विकास दिने ।

# अनुसुचीहरु

| अनुसुची-१ आय व्ययको विवरण | | | |
|---|---|---|---|
| आय तर्फ | | | रकम रु.हजारमा |
| शीर्षक | आर्थिक वर्ष २०७८/७९ को अनुमान | आर्थिक वर्ष २०७८/७९ अर्धवार्षिक प्राप्ति | प्राप्ती % |
| **प्रदेश सञ्चित कोषमा दाखिला हुने राजश्व** | **४०७९४१२७** | **२२६७७८७८** | **५५.५९%** |
| **राजश्व** | **४०७९४१२७** | **२२६७७८७८** | **५५.५९%** |
| कर | २३८२१८०० | ९८१३३०६ | ४१.१९% |
| अन्य राजश्व | ६८२१३३१ | २६०४६५३ | ३८.१८% |
| विविध प्राप्ती | १०१५०९९६ | १०२५९९२० | १०१.०७% |
| **जम्मा अनुदान** | **१६९२६८००** | **९४८१९९५** | **५६.०२%** |
| **राजश्व तथा अनुदान** | **५७७२०९२७** | **३२१५९८७३** | **५५.७२%** |

| व्यय तर्फ | | | रकम रु.हजारमा |
|---|---|---|---|
| शीर्षक | आर्थिक वर्ष २०७८/७९ को बजेट | आर्थिक वर्ष २०७८/७९ अर्धवार्षिक खर्च | खर्च% |
| **चालु** | **२६०१६६२३** | **५०२१६३३** | **१९.३०** |
| पारिश्रमिक/सुविधा | ३२१७६४५ | १०३८२५२ | ३२.२७ |
| मालसामान तथा सेवाको उपयोग | ६२६६८९९ | १०२३२२० | १६.३३ |
| स्थिर सम्पत्तिको उपभोग खर्च | २०० | ० | ०.०० |
| अनुदान | ९९३८३२१ | २८८२१७५ | २९.०० |
| सामाजिक सुरक्षा | २८१३३४ | ४६८७८ | १६.६६ |
| अन्य खर्च | ६३१२२२४ | ३११०९ | ०.४९ |
| **पूजीगत खर्च** | **२९७०४३०४** | **३०२४८५६** | **१०.१८** |
| बजेट बचत- न्यून | २०००००० | ७००००० | ३५.०० |
| **वित्तीय व्यवस्था** | **२००००००** | **७०००००** | **३५.००** |
| **कुल जम्मा** | **५७७२०९२७** | **८७४६४९०** | **१५.१५** |

*स्रोत: प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली (PLMBIS)/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश।*

| अनुसुची-२ राजश्व तथा अनुदान प्राप्ती | | | |
|---|---|---|---|
| | | | रकम रु.हजारमा |
| शिर्षक | आ.ब.२०७८।०७९ को अनुमान | आ.ब. २०७८।०७९ को अर्धवार्षिक प्राप्ति | प्रतिशत |
| **कर** | **२३८२१८००** | **९८१३३०६** | **४१.१९** |
| **आय मुनाफा तथा पूँजीगत आयमा लाग्ने कर** | **१५००** | **०** | **०.००** |
| **एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर** | **१५००** | **०** | **०.००** |
| ११९४१ कृषि आयमा कर | १५०० | ० | ०.०० |
| **सम्पत्ति कर** | **६८५००००** | **१९८४८४४** | **२८.९८** |
| **घरजग्गा रजिष्ट्रेशन दस्तुर** | **६८५००००** | **१९८४८४४** | **२८.९८** |
| ११३१५-घरजग्गा रजिष्टेशन दस्तुर | ६८५०००० | १९८४८४४ | २८.९८ |
| **बस्तु तथा सेवामा आधारित कर** | **१६९७०३००** | **७८२८४६१** | **४६.१३** |
| ११४११-बाँडफाँडभई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६८३९२१० | ३२०१३४४ | ४६.८१ |
| **अन्तशुल्क** | **२९३१०९०** | **९८२१९१** | **३३.५१** |
| ११४२१-बाँडफाँडभई प्राप्त हुने अन्त शुल्क | २९३१०९० | ९८२१९१ | ३३.५१ |
| **पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **६५०००००** | **३६४०३७१** | **५६.०१** |
| ११४५६ बाँडफाँड प्राप्त हुने सवारी साधन कर | ६५००००० | ३६४०३७१ | ५६.०१ |
| **मनोरञ्जन तथा विज्ञापन कर** | **७०००००** | **४५५५** | **०.६५** |
| ११४७१-बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ३५०००० | १० | ०.०० |
| ११४७२-विज्ञापनकर | ३५०००० | ४५४५ | १.३० |
| **अनुदान** | **१६९२६८००** | **९४८१९९५** | **५६.०२** |
| **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **१६९२६८००** | **९४८१९९५** | **५६.०२** |
| १३३११-समानिकरणअनुदान | ७८५९००० | ५२३९३३० | ६६.६७ |
| १३३१२-शसर्तअनुदान चालु | २६५७७०० | १६६६२५६ | ६२.७० |

| अनुसुची-२ राजश्व तथा अनुदान प्राप्ती | | | |
|---|---|---|---|
| | | | रकम रु.हजारमा |
| शिर्षक | आ.ब.२०७८।०७९ को अनुमान | आ.ब. २०७८।०७९ को अर्धवार्षिक प्राप्ति | प्रतिशत |
| १३३१३-शसर्तअनुदान पूँजीगत | ३०७६९०० | १८२०८७५ | ५९.१८ |
| १३३१५ विषेश अनुदान | ५५८४०० | ३७२३३३ | ६६.६८ |
| १३३१६ समपुरक अनुदान पूँजीगत | ५७४८०० | ३८३२०० | ६६.६७ |
| १३३१८ अन्य अनुदान चालू( संघ सरकार पछि प्राप्त हुनेसक्ने शर्शत अनुदान) | २२००००० | ० | ०.०० |
| **अन्य राजश्व** | **६८२१३३१** | **२६०४६५३** | **३८.१८** |
| **सम्पत्तिबाट प्राप्त आय** | **३१७९२७९** | **३०३६१५** | **९.५५** |
| **भाडा र रोयल्टी** | **३१७९२७९** | **३०३६१५** | **९.५५** |
| १४१५१-सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | १५०० | ११८५ | ७९.०० |
| १४१५३-बाँडफाँड भई प्राप्त वन रोयल्टी | ४७०२० | ० | ०.०० |
| १४१५४-बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | २६५२० | ० | ०.०० |
| १४१५६-बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ३४६३९८ | ० | ०.०० |
| १४१५७-बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २७५०००० | ३०१२२१ | १०.९५ |
| १४१५८-बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | २८४१ | ० | ०.०० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | ५००० | १२०९ | २४.१८ |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **३६२५७५२** | **२२९१८४८** | **६३.२१** |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **१०७८९६४** | **९०२१४५** | **८३.६१** |
| १४२११-कृषिउत्पादनको विक्रीबाट प्राप्त रकम | ३५००० | ८४७६ | २४.२२ |
| १४२१२-सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम | ३००० | १७७ | ५.९० |

| अनुसुची-२ राजश्व तथा अनुदान प्रासी | | | |
|---|---|---|---|
| | | | रकम रु.हजारमा |
| शिर्षक | आ.ब.२०७८।०७९ को अनुमान | आ.ब. २०७८।०७९ को अर्धवार्षिक प्रासि | प्रतिशत |
| १४२१३-अन्यविक्रीबाट प्राप्त रकम | ५०० | ० | ०.०० |
| १४२१७-नहर तथा कुलो उपयोग वापतको शुल्क | ० | २ | ०.०० |
| १४२१९-अन्यसेवा शुल्क तथा विक्री | १०४०४६४ | ८९३४८९ | ८५.८७ |
| **प्रशासनिक सेवा शुल्क** | **१५३०३००** | **३७४०७४** | **२४.४४** |
| १४२२३-शिक्षाक्षेत्रको आम्दानी | ३०० | १६४ | ५४.६२ |
| १४२२४-परीक्षाशुल्क | २५०००० | ६१६१५ | २४.६५ |
| १४२२५-यातायातक्षेत्रको आम्दानी | ८८०००० | २९०४३१ | ३३.०० |
| १४२२९-अन्यप्रशासनिक सेवा शुल्क | ४००००० | २१८६४ | ५.४७ |
| **अन्य प्रशासनिक दस्तुरहरु** | **९६१४८८** | **९७१०२३** | **१००.९९** |
| १४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८५०००० | २३९१७९ | २८.१४ |
| १४२५४-रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | २५०० | ४६२ | १८.५० |
| १४२५५-टेलिभिजन सञ्चालन दस्तुर | ९९८८ | १०६४ | १०.६६ |
| १४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब (खतलङ्ग खद्वद्वण) सम्बन्धी दस्तुर | ९९००० | ७३०३१७ | ७३७.६९ |
| **अन्य प्रशासनिक सेवा शुल्क** | **५५०००** | **३५९८४** | **६५.४३** |
| १४२६४-वन क्षेत्रको अन्य आय | ५५००० | ३५९८४ | ६५.४३ |
| **दण्ड जरिवाना र जफत** | **८८००** | **८६२२** | **९७.९७** |
| **दण्ड जरिवाना र जफत** | **८८००** | **८६२२** | **९७.९८** |
| १४३११-न्यायिकदण्ड,जरिवाना र जफत | ० | ० | ०.०० |
| १४३१२-प्रशासनिकदण्ड,जरिवाना र जफत | ८००० | ८२५७ | १०३.२१ |
| १४३१३-धरौटी सदरस्याहा | ८०० | ३६५ | ४५.६१ |
| **विविध राजश्व** | **७५००** | **५६८** | **७.५७** |
| **चालु दावी तथा अन्य शुल्कहरु** | **०** | **१९३** | **०.००** |
| १४५११-बीमादावी प्रासि | ० | १९३ | ०.०० |

| अनुसुची-२ राजश्व तथा अनुदान प्रासी | | | |
|---|---|---|---|
| | | | रकम रु.हजारमा |
| शिर्षक | आ.ब.२०७८।०७९ को अनुमान | आ.ब. २०७८।०७९ को अर्धवार्षिक प्रासि | प्रतिशत |
| **अन्य राजश्व** | **७५००** | **३७५** | **५.००** |
| १४५२९-अन्यराजस्व | ७५०० | ३७५ | ५.०० |
| **विविध प्रासि** | **१०१५०९९६** | **१०२५९९२०** | **१०१.०७** |
| **विविध प्रासि** | **१०१५०९९६** | **१०२५९९२०** | **१०१.०७** |
| **विविध प्रासि** | **१०५०९९६** | **११५९९२०** | **११०.३६** |
| १५१११-बेरूजू | ५०००० | १३९९६ | २७.९९ |
| १५११२-निकासा फिर्ता | ९९६ | ६५०९ | ६५३.५६ |
| १५११३-अनुदान फिर्ता | १०००००० | ११३९४१५ | ११३.९४ |
| **नगद तथा मौज्दात** | **९१०००००** | **९१०००००** | **१००.००** |
| ३२१२१- गत वर्षको नगद मौज्दात | ९१००००० | ९१००००० | १००.०० |
| **राजश्व, अनुदानको जम्मा** | **५७७२०९२७** | **३२१५९८७३** | **५५.७२** |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश।*

| अनुसुची-३ कार्यगत व्यय अनुमान तर्फको विनियोजन र अर्धवार्षिक खर्च | | | | |
|---|---|---|---|---|
| | | | | रकम रु. हजारमा |
| कार्यगत सि.नं. | कार्यगत शीर्षक | जम्मा बजेट | जम्मा खर्च | खर्च % |
| **१** | **सामान्य सार्वजनिक सेवा** | **१९१०२२९९** | **४००७४८९** | **२०.९८%** |
| १.१ | सामान्य सेवा | ३४१९९१८ | ५२३६२६ | १५.३१% |
| १.२ | सामान्य आधारभूत सेवा | ५११७२९९ | ४२३९०५ | ८.२८% |
| १.३ | सामान्य अनुसन्धान तथा विकास सेवा | ३३०९०० | २४४६४ | ७.३९% |
| १.४ | अन्य सामान्य सेवा | २४१०२७६ | २०७१२० | ८.५९% |
| १.५ | विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | ७८२३९०६ | २८२८३७३ | ३६.१५% |
| **२** | **सार्वजनिक शान्ति सुरक्षा** | **९२१३३२** | **३२१२९** | **३.४९%** |
| २.१ | न्यायालय | १७९४३ | ४५०५ | २५.११% |
| २.२ | सार्वजनिक शान्ति सुरक्षा | ९०३३८९ | २७६२४ | ३.०६% |
| **३** | **आर्थिक मामिला** | **२१२२२०९९** | **२१८९७३२** | **१०.३२%** |
| ३.१ | सामान्य आर्थिक, व्यापारिक र श्रम | १०४०४७ | २९५९६ | २८.४५% |
| ३.२ | कृषि, वन , मत्स्यपालन तथा शिकार | ४९५२०६९ | ५५७७३१ | ११.२६% |
| ३.३ | इन्धन तथा उर्जा | ८००० | ० | ०.००% |
| ३.४ | खानी , उत्पादन तथा निर्माण | १२२३८६० | ३८११४९ | ३१.१४% |

## अनुसुची-३ कार्यगत व्यय अनुमान तर्फको विनियोजन र अर्धवार्षिक खर्च

रकम रु. हजारमा

| कार्यगत सि.नं. | कार्यगत शीर्षक | जम्मा बजेट | जम्मा खर्च | खर्च % |
|---|---|---|---|---|
| ३.५ | यातायात | ९४१०३२२ | ११७६२१७ | १२.५०% |
| ३.६ | संचार | २४५९४ | ४७८५ | १९.४६% |
| ३.७ | अन्य उद्योगहरु | ४१२५२ | १०६११ | २५.७२% |
| ३.८ | अनुसन्धान तथा विकास - आर्थिक मामिला | १२०४५४ | १४९३३ | १२.४०% |
| ३.९ | आर्थिक मामीला - अन्यत्र वर्गिकृत नभएको | ५३३७५०१ | १४७०९ | ०.२८% |
| **४** | **वातावरण संरक्षण** | **११२१८४६** | **९६५२८** | **८.६०%** |
| ४.१ | फोहोर मैला व्यवस्थापन | ७००० | ० | ०.००% |
| ४.२ | ढल व्यवस्थापन | ६५०० | ५४९६ | ८४.५६% |
| ४.३ | जैविक विविधता र भू-संरक्षण | ४२६४०६ | ३०८९२ | ७.२४% |
| ४.४ | अनुसन्धान तथा विकास पर्यावरण संरक्षण | २६८५२० | ३१६५८ | ११.७९% |
| ४.५ | वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | ३१३४२० | २८४८२ | ९.०९% |
| **५** | **आवास तथा सामुदायिक सुविधा** | **६९७३४९२** | **६९५३९४** | **९.९७%** |
| ५.१ | आवास विकास | ३२०१५५० | २०७४५२ | ६.४८% |
| ५.२ | सामुदायिक विकास | ९७३२१९ | ३२१५ | ०.३३% |
| ५.३ | खानेपानी | २७९८७२३ | ४८४७२७ | १७.३२% |
| **६** | **स्वास्थ्य** | **४९०१२८२** | **७३०८८९** | **१४.९१%** |

## अनुसुची-३ कार्यगत व्यय अनुमान तर्फको विनियोजन र अर्धवार्षिक खर्च

रकम रु. हजारमा

| कार्यगत सि.नं. | कार्यगत शीर्षक | जम्मा बजेट | जम्मा खर्च | खर्च % |
|---|---|---|---|---|
| ६.१ | औषधी उत्पादन,उपकरण तथा औजार | ३९७०० | ७३०१ | १८.३९% |
| ६.२ | वहिरंङ्ग सेवा | १०८७०० | ६२५५ | ५.७५% |
| ६.३ | अस्पताल सेवा | १४७४५९९ | २४६६२० | १६.७२% |
| ६.४ | सार्वजनिक स्वास्थ्य सेवा | ७१८३६० | १४२१३२ | १९.७९% |
| ६.५ | अनुसन्धान सेवा | १३२०० | ३८९ | २.९५% |
| ६.६ | स्वास्थ्य - अन्यत्र वर्गिकृत नभएको | २५४६७२३ | ३२८१९२ | १२.८९% |
| **७** | **मनोरंजन,संस्कृति तथा धर्म** | **१२६६९०** | **१०५६९** | **८.३४%** |
| ७.१ | मनोरंजनात्मक र खेलकुद सेवाहरु | १२६६९० | १०५६९ | ८.३४% |
| **८** | **शिक्षा** | **१३५१८८७** | **२८३७६०** | **२०.९९%** |
| ८.१ | स्नातक तहको शिक्षा | ५००६३ | १७०२४ | ३४.०१% |
| ८.२ | तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | १०३१६०० | २३४०४२ | २२.६९% |
| ८.३ | शिक्षा अन्यत्र वर्गिकृत नभएको | २७०२२४ | ३२६९४ | १२.१०% |
| **९** | **सामाजिक सुरक्षा** | **२००००००** | **७०००००** | **३५.००%** |
| ९.१ | सामाजिक सुरक्षा - अन्यत्र वर्गिकृत नभएको | २०००००० | ७००००० | ३५.००% |
| **कुल जम्मा** | | **५७७२०९२७** | **८७४६४९०** | **१५.१५%** |

*स्रोत: प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली* (PLMBIS)

| अनुसुची-४ आर्थिक वर्ष २०७८/७९ को पौष मसान्तसम्मको विनियोजित बजेट र खर्च | | | | |
|---|---|---|---|---|
| | | | | रकम रु.हजारमा |
| **अनुदान संकेत** | **मन्त्रालय/निकाय** | **कुल बजेट** | **कुल खर्च** | **खर्च %** |
| २०२ | प्रदेश व्यवस्थापिका | ३४०१३८ | ८४३७६ | २४.८१ |
| २१० | प्रदेश लोक सेवा आयोग | १०८३१५ | १७०४१ | १५.७३ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १७९४३ | ४५०५ | २५.११ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७१७३२४ | ७३६६४ | १०.२७ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३५७०५० | २४४२१ | ६.८४ |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ४१४५२८८ | ५२०४१२ | १२.५५ |
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३८१०७१२ | ३६८२८६ | ९.६६ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ९२७९८३ | ३२४०९ | ३.४९ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २११४५१३१ | २७६०६२९ | १३.०६ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ११५४४४९७ | १३५५४९१ | ११.७४ |
| ३९१ | प्रदेश नीति तथा योजना आयोग | ४९७०५ | ५२२१ | १०.५० |
| ५०१ | वित्तिय व्यवस्था तथा सेयर लगानी | २०००००० | ७००००० | ३५.०० |
| ६०२ | अर्थ विविध | ५०५१२०० | ० | ०.०० |
| ८०१ | स्थानीय तह | ७५०५६४१ | २८०००३५ | ३७.३१ |
| **कुल जम्मा** | | **५७७२०९२७** | **८७४६४९०** | **१५.१५** |

| प्रदेश र स्थानीय तहबाट कार्यन्वयन हुने बजेट र सोको प्रगति। रकम रु.हजारमा | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **तह** | **कुल बजेट** | **कुल खर्च** | **खर्च %** |
| १ | प्रदेश तर्फ | ५०२१५२८६ | ५९४६४५५ | ११.८४ |
| २ | स्थानीय तह तर्फ | ७५०५६४१ | २८०००३५ | ३७.३१ |
| **कुल जम्मा** | | **५७७२०९२७** | **८७४६४९०** | **१५.१५** |

*स्रोत: प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली (PLMBIS)/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश।*

| अनुसुची-५ २०७८ पौष मसान्तसम्मको खर्च शीर्षकगत बजेट तथा खर्चको विवरण | | | | |
|---|---|---|---|---|
| | | | | रकम रु.हजारमा |
| | | आ.व.२०७८/७९ | | |
| ख.सं.नं. | कार्यक्रम खर्च | वजेट | पुस सम्मको खर्च | खर्च प्रतिशत |
| २१००० | पारिश्रमिक / सुविधा | ३२१७६४५ | १०३८२५२ | ३२.२७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६२६६८९९ | १०२३२२० | १६.३३ |
| २३००० | स्थिर सम्पत्तिको उपभोग खर्च | २०० | ० | ०.०० |
| २६००० | अनुदान | ९९३८३२१ | २८८२१७५ | २९.०० |
| २७००० | सामाजिक सुरक्षा | २८१३३४ | ४६८७८ | १६.६६ |
| २८००० | अन्य खर्च | ६३१२२२४ | ३११०९ | ०.४९ |
| ३१००० | पुँजीगत खर्च | २९७०४३०४ | ३०२४८५६ | १०.१८ |
| ३२००० | वित्तीय सम्पत्ति | २०००००० | ७००००० | ३५.०० |
| **कुल जम्मा** | | **५७७२०९२७** | **८७४६४९०** | **१५.१५** |

*स्रोत: प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली (PLMBIS)/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश।*

# अनुसुची-६ मन्त्रालय/निकायगत स्रोतगत बजेट र खर्च विवरण

**रकम रु.हजारमा**

| मन्त्रालय/निकाय | शीर्षक | बजेट प्रदेश स्रोत | बजेट संघ स्रोत | कुल बजेट | खर्च प्रदेश स्रोत तर्फ | खर्च संघ स्रोत तर्फ | कुल खर्च | विनियोजनको आधारमा खर्च% | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रदेश स्रोत खर्च% | संघ स्रोत खर्च% | कुल खर्च % |
| प्रदेश व्यवस्थापिका | चालु | २८६६३८ | ० | २८६६३८ | ८०६०८ | ० | ८०६०८ | २८.१२% | - | २८.१२% |
| | पूंजीगत | ५३५०० | ० | ५३५०० | ३७६७ | ० | ३७६७ | ७.०४% | - | ७.०४% |
| | **कुल जम्मा** | **३४०१३८** | **०** | **३४०१३८** | **८४३७६** | **०** | **८४३७६** | **२४.८१%** | | **२४.८१%** |
| प्रदेश लोक सेवा आयोग | चालु | ९७०६५ | ० | ९७०६५ | १६७८५ | ० | १६७८५ | १७.२९% | - | १७.२९% |
| | पूंजीगत | ११२५० | ० | ११२५० | २५५ | ० | २५५ | २.२७% | - | २.२७% |
| | **कुल जम्मा** | **१०८३१५** | **०** | **१०८३१५** | **१७०४१** | **०** | **१७०४१** | **१५.७३%** | | **१५.७३%** |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | चालु | १६६९३ | ० | १६६९३ | ४२५४ | ० | ४२५४ | २५.४९% | - | २५.४९% |
| | पूजीगत | १२५० | ० | १२५० | २५१ | ० | २५१ | २०.०६% | - | २०.०६% |
| | **कुल जम्मा** | **१७९४३** | **०** | **१७९४३** | **४५०५** | **०** | **४५०५** | **२५.११%** | | **२५.११%** |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | चालु | २४५५७४ | ३१३७०० | ५५९२७४ | ४७८७१ | २१५६६ | ६९४३७ | १९.४९% | ६.८७% | १२.४२% |
| | पूंजीगत | १३८५५० | १९५०० | १५८०५० | ४३२ | ३७९५ | ४२२७ | ०.३१% | १९.४६% | २.६७% |
| | **कुल जम्मा** | **३८४१२४** | **३३३२००** | **७१७३२४** | **४८३०३** | **२५३६१** | **७३६६४** | **१२.५७%** | **७.६१%** | **१०.२७%** |
| | चालु | ३३०४१७ | ० | ३३०४१७ | २३६७८ | ० | २३६७८ | ७.१७% | - | ७.१७% |

## अनुसुची-६ मन्त्रालय/निकायगत स्रोतगत बजेट र खर्च विवरण

रकम रु.हजारमा

| मन्त्रालय/निकाय | शीर्षक | बजेट प्रदेश स्रोत | बजेट संघ स्रोत | कुल बजेट | खर्च प्रदेश स्रोत तर्फ | खर्च संघ स्रोत तर्फ | कुल खर्च | विनियोजनको आधारमा खर्च% प्रदेश स्रोत खर्च% | संघ स्रोत खर्च% | कुल खर्च % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आर्थिक मामिला तथा योजना मन्त्रालय | पूंजीगत | २६६३३ | ० | २६६३३ | ७४३ | ० | ७४३ | २.७९% | - | २.७९% |
| | **कुल जम्मा** | **३५७०५०** | **०** | **३५७०५०** | **२४४२१** | **०** | **२४४२१** | **६.८४%** | **-** | **६.८४%** |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | चालु | १२५६५०६ | ७०९०० | १३२७४०६ | १५२१५८ | ० | ३६८२५४ | १२.११% | - | २७.७४% |
| | पुजीगत | २७०६२८२ | १११६०० | २८१७८८२ | ३४६१९१ | २२०६३ | १५२१५८ | १२.७९% | १९.७७% | ५.४०% |
| | **कुल जम्मा** | **३९६२७८८** | **१८२५००** | **४१४५२८८** | **४९८३४९** | **२२०६३** | **५२०४१२** | **१२.५८%** | **१२.०९%** | **१२.५५%** |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | चालु | २४४६९४२ | ३९२५०० | २८३९४४२ | २६३५७८ | २१३२ | २६५७१० | १०.७७% | ०.५४% | ९.३६% |
| | पुजीगत | ९७१२७० | ० | ९७१२७० | १०२५७६ | ० | १०२५७६ | १०.५६% | - | १०.५६% |
| | **कुल जम्मा** | **३४१८२१२** | **३९२५००** | **३८१०७१२** | **३६६१५४** | **२१३२** | **३६८२८६** | **१०.७१%** | **-** | **९.६६%** |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | चालु | २४८२३३ | ० | २४८२३३ | २९६२५ | ० | २९६२५ | ११.९३% | - | ११.९३% |
| | पुजीगत | ६७९७५० | ० | ६७९७५० | २७८४ | ० | २७८४ | ०.४१% | - | ०.४१% |
| | **कुल जम्मा** | **९२७९८३** | **०** | **९२७९८३** | **३२४०९** | **०** | **३२४०९** | **३.४९%** | **-** | **३.४९%** |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | चालु | ७६५७७० | २०८१६३ | ९७३९३३ | २५६३१२ | ९२८२४ | ३४९१३७ | ३३.४७% | ४४.५९% | ३५.८५% |
| | पुजीगत | ८७९६२६१ | ११३७४९३७ | २०१७११९८ | ५४६८१५ | १८६४६७८ | २४११४९२ | ६.२२% | १६.३९% | ११.९६% |
| | **कुल जम्मा** | **९५६२०३१** | **११५८३१००** | **२११४५१३१** | **८०३१२७** | **१९५७५०१** | **२७६०६२८.९१२** | **८.४०%** | **१६.९०%** | **१३.०६%** |

## अनुसुची-६ मन्त्रालय/निकायगत स्रोतगत बजेट र खर्च विवरण

रकम रु.हजारमा

| मन्त्रालय/निकाय | शीर्षक | बजेट प्रदेश स्रोत | बजेट संघ स्रोत | कुल बजेट | खर्च प्रदेश स्रोत तर्फ | खर्च संघ स्रोत तर्फ | कुल खर्च | विनियोजनको आधारमा खर्च% प्रदेश स्रोत खर्च% | संघ स्रोत खर्च% | कुल खर्च % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सामाजिक विकास मन्त्रालय | चालु | ५७४२००६ | १९९५९७० | ७७३७९७६ | ६१८५०४ | ३९०३८४ | १००८८८८ | १०.७७% | १९.५६% | १३.०४% |
| | पुजीगत | ३५६६९९१ | २३९५३० | ३८०६५२१ | २३७९५५ | १०८६४८ | ३४६६०३ | ६.६७% | ४५.३६% | ९.११% |
| | **कुल जम्मा** | **९३०८९९७** | **२२३५५००** | **११५४४४९७** | **८५६४५८.८४३** | **४९९०३२.०** | **१३५५४९०.८८** | **९.२०%** | **२२.३२%** | **११.७४%** |
| प्रदेश नीति तथा योजना आयोग | चालु | ४२७०५ | ० | ४२७०५ | ५२२१ | ० | ५२२१ | १२.२३% | ०.००% | १२.२३% |
| | पुजीगत | ७००० | ० | ७००० | ० | ० | ० | ०.००% | ०.००% | ०.००% |
| | **कुल जम्मा** | **४९७०५** | **०** | **४९७०५** | **५२२१** | **०** | **५२२१** | **१०.५०%** | **०.००%** | **१०.५०%** |
| वित्तिय व्यवस्था तथा सेयर लगानी | **वित्तीय व्यवस्था** | २०००००० | ० | २०००००० | ७००००० | ० | ७००००० | **३५.००%** | ०.००% | **३५.००%** |
| अर्थ विविध | चालु | १८५१२०० | २२००००० | ४०५१२०० | ० | ० | ० | ०.००% | ०.००% | ०.००% |
| | पुजीगत | १०००००० | ० | १०००००० | ० | ० | ० | ०.००% | ०.००% | ०.००% |
| | **कुल जम्मा** | **२८५१२००** | **२२०००००** | **५०५१२००** | **०** | **०** | **०** | **०.००%** | **०.००%** | **०.००%** |
| **स्थानीय तह** | **चालु** | **७५०५६४१** | **०** | **७५०५६४१** | **२८०००३५** | **०** | **२८०००३५** | **३७.३१%** | **०.००%** | **३७.३१%** |
| **कुल जम्मा चालु** | | २०८३५३९० | ५१८१२३३ | २६०१६६२३ | ४२९८६३० | ५०६९०७ | ५०२१६३३ | २०.६३% | ९.७८% | १९.३०% |

## अनुसुची-६ मन्त्रालय/निकायगत स्रोतगत बजेट र खर्च विवरण

रकम रु.हजारमा

| मन्त्रालय/निकाय | शीर्षक | बजेट प्रदेश स्रोत | बजेट संघ स्रोत | कुल बजेट | खर्च प्रदेश स्रोत तर्फ | खर्च संघ स्रोत तर्फ | कुल खर्च | विनियोजनको आधारमा खर्च% | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रदेश स्रोत खर्च% | संघ स्रोत खर्च% | कुल खर्च % |
| कुल जम्मा पुँजीगत | | १७९५८७३७ | ११७४५५६७ | २९७०४३०४ | १२४१७६९ | १९९९१८३ | ३०२४८५६ | ६.९१% | १७.०२% | १०.१८% |
| कुल जम्मा वित्तिय व्यवस्था | | २000000 | 0 | २000000 | ७00000 | 0 | ७00000 | ३५.00% | 0.00% | ३५.00% |
| कुल जम्मा (चालु+पुँजीगत+वित्तीय व्यवस्था) | | ४0७९४१२७ | १६९२६८00 | ५७७२0९२७ | ६२४0३९९ | २५0६0९0 | ८७४६४८९ | १५.३0% | १४.८१% | १५.१५% |

*स्रोत: प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली (PLMBIS)/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश।*

## अनुसुची- ७ लैङ्गिक उत्तरदायी बजेट र सोको खर्च विवरण

रकम रु.हजारमा

| अनुदान संख्या | मन्त्रालय/निकाय | प्रत्यक्ष लाभ विनियोजन | अप्रत्यक्ष लाभ विनियोजन | तटस्थ विनियोजन | कुल विनियोजन | प्रत्यक्ष लाभ तर्फको खर्च | अप्रत्यक्ष लाभ तर्फको खर्च | तटस्थ विनियोजन तर्फको खर्च | कुल खर्च | विनियोजनको तुलनामा खर्च% | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | प्रत्यक्ष लाभ खर्च% | अप्रत्यक्ष लाभ खर्च% | तटस्थ विनियोजन खर्च% | कुल खर्च% |
| २०२ | प्रदेश व्यवस्थापिका | ० | ० | ३४०१३८ | ३४०१३८ | ० | ० | ८४३७६ | ८४३७६ | - | - | २४.८१% | २४.८१% |
| २१० | प्रदेश लोक सेवा आयोग | ० | ० | १०८३१५ | १०८३१५ | ० | ० | १७०४१ | १७०४१ | - | - | १५.७३% | १५.७३% |
| २१६ | मुख्य न्यायाधिवक्ता को कार्यालय | ० | ० | १७९४३ | १७९४३ | ० | ० | ४५०५ | ४५०५ | - | - | २५.११% | २५.११% |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३३०९०० | २३०० | ३८४१२४ | ७१७३२४ | २४४६४ | ८९७ | ४८३०३ | ७३६६४ | ७.३९% | ३८.९८% | १२.५७% | १०.२७% |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ० | ० | ३५७०५० | ३५७०५० | ० | ० | २४४२१ | २४४२१ | - | - | ६.८४% | ६.८४% |
| ३०७ | उद्योग, पर्यटन, वन तथा | ४६१०० | ८४८७०६ | ३२५०४८२ | ४१४५२८८ | ० | ९७०८२ | ४२३३३० | ५२०४१२ | 0.00% | ११.४४% | १३.०२% | १२.५५% |

| अनुसुची- ७ लैङ्गिक उत्तरदायी बजेट र सोको खर्च विवरण | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | रकम रु.हजारमा |
| अनुदान संख्या | मन्त्रालय/निकाय | प्रत्यक्ष लाभ विनियोजन | अप्रत्यक्ष लाभ विनियोजन | तटस्थ विनियोजन | कुल विनियोजन | प्रत्यक्ष लाभ तर्फको खर्च | अप्रत्यक्ष लाभ तर्फको खर्च | तटस्थ विनियोजन तर्फको खर्च | कुल खर्च | विनियोजनको तुलनामा खर्च% | | | |
| | | | | | | | | | | प्रत्यक्ष लाभ खर्च% | अप्रत्यक्ष लाभ खर्च% | तटस्थ विनियोजन खर्च% | कुल खर्च% |
| | वातावरण मन्त्रालय | | | | | | | | | | | | |
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ४२३८४९ | १०९७१४० | २२८९७२३ | ३८१०७१२ | २९२५६ | ६९२६४ | २६९७६६ | ३६८२८६ | ६.९०% | ६.३१% | ११.७८% | ९.६६% |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ० | ९०३३८९ | २४५९४ | ९२७९८३ | ० | २७६२४ | ४७८५ | ३२४०९ | - | ३.०६% | १९.४६% | ३.४९% |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४३८९०६८ | २३२०७८९ | १४४३५२७४ | २११४५१३१ | ८९२२३२ | १०६७३९ | १७६१६५८ | २७६०६२९ | २०.३३% | ४.६०% | १२.२०% | १३.०६% |
| ३५० | सामाजिक विकास मन्त्रालय | ३३८२३४५ | ३०२५९५५ | ५१३६१९७ | ११५४४४९७ | ६५१३३९ | ३६९०६७ | ३३५०८५ | १३५५४९१ | १९.२६% | १२.२०% | ६.५२% | ११.७४% |

## अनुसुची- ७ लैङ्गिक उत्तरदायी बजेट र सोको खर्च विवरण

**रकम रु.हजारमा**

| अनुदान संख्या | मन्त्रालय/निकाय | प्रत्यक्ष लाभ विनियोजन | अप्रत्यक्ष लाभ विनियोजन | तटस्थ विनियोजन | कुल विनियोजन | प्रत्यक्ष लाभ तर्फको खर्च | अप्रत्यक्ष लाभ तर्फको खर्च | तटस्थ विनियोजन तर्फको खर्च | कुल खर्च | विनियोजनको तुलनामा खर्च% | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | प्रत्यक्ष लाभ खर्च% | अप्रत्यक्ष लाभ खर्च% | तटस्थ विनियोजन खर्च% | कुल खर्च% |
| ३९१ | प्रदेश नीति तथा योजना आयोग | ० | ४९७०५ | ० | ४९७०५ | ० | ५२२१ | ० | ५२२१ | - | १०.५०% | - | १०.५०% |
| ५०१ | वित्तिय व्यवस्था तथा सेयर लगानी | ० | ० | २०००००० | २०००००० | ० | ० | ७००००० | ७००००० | - | - | ३५.००% | ३५.००% |
| ६०२ | अर्थ विविध | ० | ० | ५०५१२०० | ५०५१२०० | ० | ० | ० | ० | - | - | ०.००% | ०.००% |
| ८०१ | स्थानीय तह | ७५०५६४१ | ० | ० | ७५०५६४१ | २८०००३५ | ० | ० | २८०००३५ | ३७.३१% | - | - | ३७.३१% |
| **कुल जम्मा** | | **१६०७७९०३** | **८२४७९८४** | **३३३९५०४०** | **५७७२०९२७** | **४३९७३२७** | **६७५८९४** | **३६७३२७०** | **८७४६४९०** | **२७.३५%** | **८.१९%** | **११.००%** | **१५.१५%** |

*स्रोत: प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली* (PLMBIS)

| अनुसुची-८ जलवायु परिवर्तन तर्फको बजेट विनियोजन र खर्च | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रकम रु. हजारमा | | | | | | | | | | | | |
| अनुदान संख्या | मन्त्रालय/निकाय | प्रत्यक्ष लाभ तर्फ विनियोजन | अप्रत्यक्ष लाभ तर्फ विनियोजन | तटस्थ तर्फ विनियोजन | कुल विनियोजन | प्रत्यक्ष लाभ तर्फ खर्च | अप्रत्यक्ष लाभ तर्फ खर्च | तटस्थ तर्फ खर्च | कुल खर्च | विनियोजनको आधारमा खर्च% | | | |
| | | | | | | | | | | प्रत्यक्ष लाभ खर्च% | अप्रत्यक्ष लाभ खर्च% | तटस्थ खर्च% | कुल खर्च% |
| २०२ | प्रदेश व्यवस्थापिका | ० | ० | ३४०१३८ | ३४०१३८ | ० | ० | ८४३७६ | ८४३७६ | - | - | २४.८१% | २४.८१% |
| २१० | प्रदेश लोक सेवा आयोग | ० | ० | १०८३१५ | १०८३१५ | ० | ० | १७०४१ | १७०४१ | - | - | १५.७३% | १५.७३% |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ० | ० | १७९४३ | १७९४३ | ० | ० | ४५०५ | ४५०५ | - | - | २५.११% | २५.११% |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ० | ० | ७१७३२४ | ७१७३२४ | ० | ० | ७३६६४ | ७३६६४ | - | - | १०.२७% | १०.२७% |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ० | ० | ३५७०५० | ३५७०५० | ० | ० | २४४२१ | २४४२१ | - | - | ६.८४% | ६.८४% |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ११९८३०८० | ११२१४० | २०५००६८ | ४१४५२८८ | ३१५८२२ | १८४३३.६८० | १८६१५६ | ५२०४१२ | १५.९३% | १६.४४% | ९.०८% | १२.५५% |
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ४५२६७४ | २४३६८५५ | ९२११८३ | ३८१०७१२ | ७०७५२.६ | १९३२८०.१८ | १०४२५३ | ३६८२८६ | १५.६३% | ७.९३% | ११.३२% | ९.६६% |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ० | ० | ९२७९८३ | ९२७९८३ | ० | ० | ३२४०९ | ३२४०९ | - | - | ३.४९% | ३.४९% |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १०९३४०० | ५२१३६१४ | १४८३८११७ | २११४५१३१ | १६४७६७ | ५०४४११.२४ | २०९१४५० | २७६०६२९ | १५.०७% | ९.६७% | १४.१०% | १३.०६% |
| ३५० | सामाजिक विकास मन्त्रालय | ० | १२३६६३ | ११४२०८३४ | ११५४४४९७ | ० | ४१६३६.०७४ | १३१३८५५ | १३५५४९१ | - | ३३.६७% | ११.५०% | ११.७४% |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३९१ | प्रदेश नीति तथा योजना आयोग | ० | ४९७०५ | ० | ४९७०५ | ० | ५२२१.३७४६८ | ० | ५२२१ | - | १०.५०% | - | १०.५०% |
| ५०१ | वित्तिय व्यवस्था तथा सेयर लगानी | ० | ० | २०००००० | २०००००० | ० | ० | ७००००० | ७००००० | - | - | ३५.००% | ३५.००% |
| ६०२ | अर्थ- विविध | ० | ० | ५०५१२०० | ५०५१२०० | ० | ० | ० | ० | - | - | ०.००% | ०.००% |
| ८०१ | स्थानीय तह | ० | ७५०५६४१ | ० | ७५०५६४१ | ० | २८०००३५.२ | ० | २८०००३५ | - | ३७.३१% | - | ३७.३१% |
| कुल जम्मा | | ३५२९१५४ | १५४४१३१८ | ३८७५०१५५ | ५७७२०९२७ | ५५१३४२ | ३५६३०१७.८ | ४६३३९३० | ८७४३४९० | १५.६२% | २३.०७% | ११.९५% | १५.१५% |

*स्रोत: प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली* (PLMBIS)

| अनुसुची-९ जलबायु परिवर्तन बजेट र खर्च | | | | |
|---|---|---|---|---|
| | | | | **रकम रु.हजारमा** |
| **संकेत** | **प्राथिमकता** | **रकम** | **खर्च** | **प्रतिशत** |
| P1 | पहिलो प्राथमिकता | ५३५७०११० | ७९६३३४९ | १४.८७% |
| P2 | दोस्रो प्राथमिकता | ४०८८५०१ | ७८३१४१ | १९.१५% |
| | **कुल जम्मा** | **५७६५८६११** | **८७४६४९०** | **१५.१७%** |
| **संकेत** | **रणनीति** | **रकम** | **खर्च** | **प्रतिशत** |
| १ | आर्थिक वृद्धि | ९०७५८०४ | २८९६६७६ | ३१.९२% |
| २ | स्वास्थय तथा शिक्षा | १२७११९४६ | १७८५८७० | १४.०५% |
| ३ | अन्तरआबद्धता र शहरी विकास | १२१६२८३२ | १४४८८१८ | ११.९१% |
| ४ | उत्पादन र उत्पादकत्व अभिवृद्धि | ११६६६०१८ | १६६७६५६ | १४.२९% |
| ५ | सामाजिक सुरक्षा तथा संरक्षण | ४८४९४५ | ११७६२ | २.४३% |
| ६ | न्यायपूर्ण समाज | ४०४४३ | ४५०५ | ११.१४% |
| ७ | प्राकृतिक स्रोत तथा उत्थानशीलता | १५५३२०१ | ३३३०९१ | २१.४५% |
| ८ | सुशासन, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता | १५८३८७७ | १३९५१५ | ८.८१% |
| ९ | साधारण प्रशासन | ६९५७९४० | ३५८१६६ | ५.१५% |
| ११ | पर्यटन विकास | १४८४७२१ | १००४३० | ६.७६% |
| | **कुल जम्मा** | **५७७२०९२७** | **८७४६४९०** | **१५.१५%** |
| | | | | |
| **संकेत** | **SDG** | **रकम** | **खर्च** | **प्रतिशत** |
| ० | संकेतीकरण नगरिएको | ३३९५२९४२ | ७२२६८९७ | २१.२९% |
| ३ | स्वस्थ जिवन | २६१५७३५ | ३३३२९६ | १२.७४% |
| ४ | गुणस्तरीय शिक्षा | २२००० | २०००० | ९०.९१% |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ३७३२३९ | २२५८८ | ६.०५% |
| १० | असमानता न्यूनीकरण | २०७१०० | १३४५२ | ६.५०% |
| ११ | दिगो शहर र बस्तीहरु | ८८५५४२० | १११२६१४ | १२.५६% |
| १२ | दिगो उपभोग तथा उत्पादन | ५५५५३७ | २९७४ | ०.५४% |
| १३ | जलवायु परिवर्तन अनुकुलन | २०७५९९ | १३८१५ | ६.६५% |
| १७ | दिगो विकासका लागि साझेदारी | ३१९६७५५ | ८५५ | ०.०३% |

*स्रोत: प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली* (PLMBIS)

| अनुसुची-१० कृषि विकास बैङ्कबाट भएको ऋण लगानी सम्बन्धी अर्धवार्षिक विवरण। | | | |
|---|---|---|---|
| **लगानीको क्षेत्र** | **लाभग्राही संख्या** | **ऋण प्रवाह रकम** | **प्रतिशत** |
| कृषि व्यवसायका क्षेत्र | २१६ | १९९९७० | ५३.०१ |
| व्यापार व्यवसाय सम्बन्धी क्षेत्र | १०६ | १०२६७० | २७.२२ |
| महिला तथा दलित समुदाय विकास | ६५ | ५९७६० | १५.८४ |
| उद्योग व्यवसायको क्षेत्र | ५ | ५००० | १.३३ |
| वन तथा वातावरण क्षेत्र | १ | १००० | ०.२७ |
| पर्यटन प्रवर्धन | ९ | ८८०० | २.३३ |
| **जम्मा** | **४०२** | **३७७२००** | **१००** |

| साना किसान लघुवित्त वित्तीय संस्थाबाट भएको ऋण लगानी सम्बन्धी अर्धवार्षिक विवरण | | | |
|---|---|---|---|
| **लगानीको क्षेत्र** | **लाभग्राही संख्या** | **ऋण प्रवाह रकम** | **प्रतिशत** |
| कृषि व्यवसायको क्षेत्र | ५१२ | १३३७०० | ६६.४० |
| उद्योग व्यवसायको क्षेत्र | २० | ४४३७ | २.२० |
| पर्यटन प्रवर्द्धन क्षेत्र | १२ | ४५५० | २.२६ |
| व्यापार व्यवसायका क्षेत्र | २७३ | ५७२६३ | २८.४४ |
| महिला तथा दलित क्षेत्र | ४ | १४०० | ०.७० |
| **जम्मा** | **८२१** | **२०१३५०** | **१००** |

*स्रोत: (सहुलियत ऋण सचिवालय) आर्थिक मामिला तथा योजना मन्त्रालय*

| अनुसुची-११ आर्थिक वर्ष २०७८/७९ को पौष मसान्तसम्म अर्थ विविधबाट भएको रकमान्तर तथा निकासाको विवरण | | | | |
|---|---|---|---|---|
| | | | | **रकम रु. हजारमा** |
| **सि.नं** | **विवरण** | **निकासा** | | **मन्त्रालय** |
| | | **चालु (१८५0000000)** | **पुँजीगत (10000000)** | |
| १ | प्रमुख राजनीतिक सल्लाहकारको पारिश्रमिक भुक्तानी | २०४ | | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय |
| २ | कोभिड-१९ बाट मृत्यु भएको हेटौंडा अस्पतालको कर्मचारीको लागि क्षतिपुर्ति | ४,००० | | स्वास्थ्य मन्त्रालय |
| ३ | युवा तथा खेलकुद मन्त्रालयको सचिवको १ थान चार पाङ्ग्रे सवारी साधन भाडामा लिन | २०० | | युवा तथा खेलकुद मन्त्रालय |
| ४ | प्रदेश खेलकुद विकास परिषदको नयाँ कार्यालय व्यवस्थापनका लागि | २०० | ८०० | सामाजिक विकास मन्त्रालय |
| ५ | बागमती सभ्यता कोषका लागि | २०,००० | | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| **जम्मा** | | **२४,६०४** | **८००** | |
| **कुल जम्मा निकाशा** | | **२५,४०४** | | |

*स्रोत: (बजेट तथा कार्यक्रम शाखा) आर्थिक मामिला तथा योजना मन्त्रालय*